“दलित महिलाहरु को सामाजिक आर्थिक अबस्थामा छुवाछुत ले पारेको प्रभावहरु,
दाङ काभ्रे गा.बि.स. का दमाई जातिका महिलाहरुको अध्ययन”

त्रि. वि.वि मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत

समाजशास्त्र विषयमा

स्नातकोत्तर तहको उपाधि प्राप्तिको आशिंक आवश्यकता

पुरा गर्नको लागि प्रस्तुत

शोध-पत्र


प्रस्तोता

सुबास चन्द्र घिमिरे

सामाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग

त्रिभुवन विश्वविद्यालय

किर्तिपुर, काठमाण्डौ


श्रावण, २०६९

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग**

**किर्तिपुर, काठमाण्डौ**

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय बाट समाजशास्त्र विषयको स्नाकोत्तर उपाधिको आंशिक आवश्यकता पुर्तिकलालागी मेरो निर्देशन र सुपरिबेक्षणमा सुबास चन्द्र घिमिरेले "**दलित महिलाहरु को सामाजिक आर्थिक अबस्थामा छुवाछुत ले पारेको प्रभावहरु, दाङ काभ्रे गा.बि.स. का दमाई जातिका महिलाहरुको अध्ययन**" विषयको यो शोधपत्र तयार पार्नु भएको हो । म वहाँको कार्यप्रति सन्तुष्ट छु र प्रतुत शोधपत्रको आवश्यक मुल्याङ्कनका लागि सिफारि गर्दछु ।

उप-प्राध्यापक

नबिन रावल

२०६९-०४-१२

**त्रिभुवन विश्वविद्यालय**
**समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग**
**किर्तिपुर, काठमाण्डौ**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि सुबास चन्द्र घिमिरे द्वारा प्रस्तुत गरिएको "**दलित महिलाहरु को सामाजिक आर्थिक अबस्थामा छुवाछुत ले पारेको प्रभावहरु, दाङ काभ्रे गा.बि.स. का दमाई जातिका महिलाहरुको अध्ययन"** शिर्षकको शोधपत्र, स्नातकोत्तर उपाधिकालागि उपयुक्त भएकोले स्वीकृत गरिएको छ।

मूल्याङ्कन समिति

............................

प्रा.डा. ओम प्रसाद गुरुङ्ग
विभागीय प्रमुख

............................

नबिन रावल
उप-प्राध्यापक
शोध निर्देशक

.........................

टिकाराम गौतम
वाह्य निरीक्षक
मितिः २०६९-०४-

# कृतज्ञता-ज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक संकाय अन्तरगत समाजशास्त्र/मानवशास्त्र केन्द्रियविभाग अन्तरगत समाजशास्त्र विषयको आशिकं पत्र **"दलित महिलाहरु को सामाजिक आर्थिक अबस्थामा छुवाछुत ले पारेको प्रभावहरु, दाङ काभ्रे गा.बि.स. का दमाई जातिका महिलाहरुको अध्ययन"** शोधकार्य गर्ने अवसर प्रदान गर्ने विभाग प्रति आभारी छु। मेरो शोधकार्य पुर्ण गर्नका लागी निरन्तर अमुल्य सल्लाह, सुझाव प्रदान गर्ने आदरणीय विभागका उप-प्राध्यापक नबिन रावल प्रति सदा ऋणी छु । मेरो शोधकार्य मात्र नभएर मेरो जिवनका सवै पक्षलाई आसाध्यै नजिकवाट मायाममताले विकासको शुवेच्छा राख्ने गुरुको सहयोग नै मेरो उन्नतिको पर्याय वनेको छ । विभागिय प्रमुख, अन्य आदरणीय गुरुहरु तथा बुवाआमा र दाजु प्रकास चन्द्र घिमिरे जस्ले यो शोधकार्य पुरा गर्ने क्रममा महत्वपुर्ण प्रेरणा र सहयोग पुऱ्याउनु हुने, सितलपाटि-मुसिकोट सडक योजनाका योजना प्रमुख श्री शिबप्रसाद नेपाल लगायत सवै प्रती आभारी छु। शोधकार्यका विभिन्न चरणमा सहयोग गर्ने मित्र चन्द्रकान्त लौडारी, मनिष न्यौपाने,सुबर्ण चन्द, मेनका सुबेदी घिमिरे तथा कम्प्यूटरमा लगातार सहयोग गर्ने डिल्ली राज सुबेदी भाई प्रति पनि निकै खुसी र आभारी छु । अन्त्यमा मेरो सोधकार्यमा उत्तरदाताहरुको रुपमा मात्रै नभई आफ्ना सामाजिक, सांस्कृतिक रहनसहन तथा आर्थिक अवस्थाको बारेमा यथार्थ जानकारी दिई तथ्यांङ्क संकलन गर्नमा सहज रुपमा सहयोग गर्ने काभ्रे गा.वि.स.का दमाई महिला दिदी वहिनीहरुप्रति मेरो सद्भाव जाहेर गर्दछु।

# विषय सूची

**स्वीकृति पत्र**

**सिफारिस पत्र**

**कृतज्ञताज्ञापन**

**तालिका सूची**

**अध्याय- एक : परिचय** **1**

१.१ अध्ययनको पृष्ठभूमि **1**

१.२ समस्याको कथन **4**

१.३ अध्ययनको उद्देश्य **6**

१.४ अध्ययनको महत्व **6**

१.५. सैद्धान्तिक अवधारणा **7**

**अध्याय - दुई : सम्बन्धित साहित्यको अध्ययन र सैद्धान्तिक समिक्षा** **8**

२.१ सैद्धान्तिक दृष्टिकोण ८

२.२ नेपालमा महिलाको अवस्था सम्बन्धी पूर्व अध्ययनको समिक्षा १२

२.३ दलित र दलित महिला सम्बन्धी पूर्व अध्ययनको समिक्षा १७

२.४ संबैधानिक प्रतिबद्धता र ब्याबहार को स्थिती २२

२.५ छुवाछूत र दलित महिलाको अवस्था सम्बन्धि पूर्व अध्ययनको समिक्षा २५

**अध्याय - तीन : अनुसन्धान विधि** २९

३.१ अध्ययन क्षेत्रको छनौट २९

३.२ अनुसन्धान को ढाँचा २९

३.३ नमूना छनोट ३०

३.४ तथ्याङ्कको प्रकृति र श्रोत ३०

३.५ तथ्याङ्क संकलन विधि ३१

    ३.५.१. अवलोकन ३१

    ३.५.२. अन्तर्वाता सूची ३१

    ३.५.३. केन्द्रित समूहसँगको छलफल ३२

३.६ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण ३३

३.७ अध्ययनको सांगठनिक व्यवस्था ३३

३.८ अध्ययनको सीमा ३४

३.९. अध्ययनको अवधारणागत खाका ३५

**अध्याय- चार : अध्ययन क्षेत्रको परिचय** ३८

४.१ भौगोलिक स्थिति ३८

४.१.१ परिचय ३९

४.१.२ सिमाना ३९

४.१.३ प्राकृतिक सम्पदा ३९

४.१.४ सामाजिक, आर्थिक स्थिति ४०

४.१.५ सेवामूलक संस्थाहरु र दमाई समाज ४२

**अध्याय- पाँच : दमाई जातिका जन्मदेखि मृत्यु संस्कारहरु र महिलाको भूमिका** ४७

५.१ जन्म र महिलाको भूमिका ४७

५.२ नामाकरण संस्कार (न्वारन) ४८

५.२.१ महिलाहरुको भूमिका र स्थान ४९

५.३ (छेवर) ४९

५.३.१ महिलाको भूमिका र स्थिति ५०

५.४ विवाह ५१

५.४.१ विवाहको उमेर ५१

५.४.२ विवाहको किसिम : ५२

५.४.२.१ मागी विवाह ५३

५.४.२.२ जारी विवाह ५५

५.४.२.३. प्रेम विवाह ५६

५.४.२.४. चोरी विवाह ५७

५.४.२.५ अन्तरजातीय विवाह ५७

५.४.२.६ पुनर्विवाह ५८

५.४.२.७ विवाहमा महिलाहरुको भूमिका र स्थान ५८

५.५ मृत्यु संस्कार ६०

५.५.१ मृत्यु संस्कार र महिला ६१

**अध्याय- छ : सामाजिक अवस्था** ६२

६.१ परिवार ६२

६.२ शिक्षा ६३

६.३ स्वास्थ्य स्थिति ६५
६.३.१ जन्मदर ६५
६.३.२ खानेपानी र महिला : ६७
६.४.३. पौष्टिक आहार र महिला ६८
६.४.४ अस्पताल र औषधोपचार : ६९
६.४.५ शौचालय तथा सरसफाई :- ७०
६.४.६ धुम्रपान र मद्यपानको प्रयोग :- ७२
६.४.७. घरको किसिम : ७४
६.४.८ रहन सहन : ७४
६.६ धर्म तथा भाषा ७६
६.७ परम्परागत मान्यता ७६
६.८ निर्णय प्रक्रियामा भूमिका ७७
६.९ राजनीति : ८०
६.१० महिलाहरुको सामाजिक स्थितिको मूल्यांकन : ८१
**अध्याय- सात : आर्थिक अवस्था** ८५
७.१. पेशा ८५
७.१.१ खेतीपाती र महिला ८६
७.१.२ पशुपालन र पशुधन ८७
७.२. भूमिको विवरण ८९
७.३. खेतीपातीवाट हुने आम्दानी : ९०
७.४. महिलाहरु क्रियाशील रहने समय र कामको विवरण ९१
७.५. सम्पत्तिमा अधिकार ९३
७.६. महिलाहरुको सम्पत्तिको स्रोत तथा पेवापात ९५
७.७. विविध ९६
७.८. महिलाहरुको आर्थिक अवस्थाको मूल्यांकन ९७
**अध्याय- आठः छुवाछूतले दमाई महिलाहरुको सामाजिक आर्थिक अवस्थामा पारेको प्रभावहरुको विश्लेषण** १००
८.१ छुवाछूत हुने स्थान र त्यसको प्रत्यक्ष असर १०१
८.२ सार्वजनिक स्थानमा हुने सभा गोष्ठीमा दमाई महिलाको सहभागिता १०२
८.३ दलित महिलाको शैक्षिक अवस्था १०४

८.४ विद्यालयमा दलित विद्यार्थीलाई गरीने व्यवहार १०४
८.५ दमाई जातिको परम्परागत पेशा र यसलाई हेर्ने दृष्टिकोण १०५
८.६ छुवाछुतका कारण दमाई महिलाको सामाजिक आर्थिक अवस्थामा परेको प्रभाव १०७
**अध्याय- नौ : सारांश, निष्कर्ष र सुझाब** १०८
९.१ अध्ययनको सारांश १०८
८.२ अध्ययनको निष्कर्ष : ११२
**सन्दर्भग्रन्थ सूची**
**परिशिष्ट**
**परिशिष्ट : १ प्रश्नावली**
**परिशिष्ट २ : महिला पुरुष विचको स्थिति झल्काउने पछिल्ला केहि सूचकहरु**

## तालिका सूची


| क्र.स. | तालिका | पेज नं |
|---|---|---|
| १. | काभ्रे गा.वि.स. को जनसंख्याको विवरण | ४१ |
| २. | विवाहित महिलाको उमेरको विवरण | ५३ |
| ३. | विवाहको किसिमको विवरण | ५४ |
| ४. | छोरा र छोरीलाई गरिने महत्वको विवरण | ६४ |
| ५. | शैक्षिक आधारमा दमाई महिलाको विवरण | ६५ |
| ६. | जन्मदरको संख्याको विवरण | ६७ |
| ७. | झारफुक र औषधोपचारको विवरण | ७१ |
| ८. | सर्भेक्षित परिवारमा सौचालयको विवरण | ७२ |
| ९. | धुम्रपान गर्ने नगर्नेको विवरण | ७३ |
| १०. | मद्यपान गर्ने नगर्नेको विवरण | ७४ |
| ११. | निर्णय प्रक्रियामा लैङ्गिक सहभागिताको विवरण | ७९ |
| १२. | कामको क्षेत्र र निर्णयमा लैङ्गिक स्थिति | ८० |
| १३. | पशुपालनको विवरण | ८९ |
| १४. | सर्भेक्षित परिवारमा भूमिको विवरण | ९० |
| १५. | खेतिपातीबाट हुने आम्दानीको विवरण | ९१ |
| १६. | दमाई महिलाहरु क्रियाशिल रहने समय र कामको विवरण | ९३ |
| १७. | प्रैत्रिक सम्पत्तिमा छोरा र छोरीको अधिकार माथीको विवरण | ९५ |
| १८. | सार्वजनिक स्थानमा हुने सभा गोष्ठीमा दमाई महिलाको सहभागिताको विवरण | १०४ |
| १९. | सर्भेक्षित परिवारको विद्यालयमा अध्ययनरत तहगत विवरण | १०५ |
| २०. | विद्यालयमा दमाई विद्यार्थी प्रतिको व्यवहारको विवरण | १०६ |
| २१ | लुगा सिलाउन जान्ने र नजान्ने परिवार | १०७ |

# अध्याय- एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

समाजशास्त्रीय दृष्टिमा समाज भन्नाले एउटा निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने आत्मर्निभर, व्यापक संस्कृतिमा आबद्ध मानव समूहलाई जनाउँछ । मानव समाज भन्नासाथ मानव-मानवबीच अन्तर्क्रिया भएर सृजना भएको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, कानूनी, व्यक्तिगत तथा भावनात्मक सम्बन्ध भन्ने कुराको बोध हुन्छ । मानिस सामाजिक प्राणी भएकाले स्वभावैले मानव जीवनभर गास, वास, कपास, शिक्षा स्वास्थ्य, सुरक्षा, मनोरञ्जन जस्ता कुराहरुमा समाजमा निर्भर रहन्छ । व्यक्ति मानिस जन्मनुभन्दा अघि नै समाज अविछिन्न रुपमा रहिरहेको हुनाले समाजले जीवनभर व्यक्तिलाई प्रभावित पारिनैरहन्छ । त्यसैले समाज समय सँगसँगै अत्यन्त गतिशील र परिवर्तनशील हुन्छ ।

मानव सभ्यता विकासको इतिहास अनुसार बढी शक्ति भएकाहरुले कम शक्ति भएकाहरुलाई बल प्रयोग गरेर आफ्नो अधीनमा राख्ने र शक्ति विस्तार गर्ने महत्वाकांक्षी मनोवृत्तिको प्रारम्भदेखि नै मानव-मानववीच उच-निचको विभेद विकास हुन थालेको हो । इ.पू. १८५ मा मनुले मनुस्मृति रचना गरेर वर्णाश्रम धर्मलाई वैधानिकता प्रदान गरे जसलाई ब्राह्मण धर्म भन्न थालियो । त्यहींबाट ब्राह्मणहरु सबैभन्दा उच्च तथा शूद्रहरु सबैभन्दा निच मान्ने चलन शुरु भयो । नेपालको सर्न्दभमा लिच्छवीकाल (ई.सं. २०० देखि ८७९) को शुरुमै चार वर्ण १८ जातको स्थिति कायम भयो भने इ.सं.६०० सम्ममा यहाँको वर्णाश्रमी समाजमा छुवाछूत भित्रिएको थियो । वाग्मती उपत्यकामा राजा जयस्थिति मल्ल (ई.सं. १३६०-१३९९) ले ४ वर्ण ६४ जातको स्थिति बसाल्दै जातीय छुवाछूतलाई कडाईका साथ लागू गरे भने गोरखाका राजा राम शाह (ई.सं. १६०५-१६३६) ले ४ वर्ण ३६ जातको व्यवस्था गरेर

पर्वते समाजमा पनि जातपात, छुवाछूत प्रथालाई अझबढी बढावा दिइयो । त्यसपछिका शासक पृथ्वीनारायण शाह, भीमसेन थापा, र जंगवहादुर राणा सम्म आइपुग्दा मुलुकी ऐन जारी गरेर चालू जातपात र छुवाछूत प्रथालाई कानूनी रुप दिइयो (विश्वकर्माः २०५५:३३) ।

प्रारम्भिक वैदिक युग (ऋग्वेदको प्रारम्भ सम्भवतः १५००-१००० इ.पु) देखि उत्तरवैदिक युग (यर्जुवेद, सामवेद र अर्थवेदको पूर्णरचना काल सम्भवतः १०००-६०० इ.पू.) को अवधिमा विकसित र सञ्चालित सामाजिक आचार संहिताअनुसार श्रम विभाजनका आधारमा वर्ण विभाजन गरिएको थियो । जसअनुसार धर्म अथवा मस्तिष्क सम्बन्धी काम गर्नेलाई ब्राह्ण, रक्षा तथा राज्य सञ्चालनको काम गर्नेलाई क्षेत्री कृषी, उद्योग र वाणिज्य जस्ता व्यवसाय गर्नेलाई वैश्य र सेवा तथा निम्नस्तरको श्रम गर्नेहरुलाई शूद्रमा राखी ४ वर्णमा विभाजन गरिएको थियो । उत्तर वैदिक कालको उत्तरार्द्धदेखि हुनथालेको उपनिषदको सिर्जना र कर्मकाण्डीय संस्कारले पेशाको आधारमा सामाजिक विभेदमा परिणत गराउन पुग्यो (काफ्ले, २००२: १२५) ।

सामाजिक सांस्कृतिक, आर्थिक, राजनैतिक र सबै किसिमले पिछड्याइएका शोषित, पीडित र समाजले नै अन्त्यज पेशा स्वीकार्न वाध्य तुल्याइएका छन् । नहुने, समूह/समुदाय/वर्गलाई नै हाम्रो समाजमा चलन चल्तीका शब्दमा तल्लो जाति वा अछूत वा दलित भन्ने गरीन्छ ।

श्री नेपाल सरकार स्थानीय विकास मन्त्रालय अन्तर्गत उपेक्षित उत्पीडित र दलित वर्ग उत्थान विकास समिति ले हालसम्म २३ वटा दलित जातिको पहिचान गरेको छ । (जनचेतना, २०५७; ५४)[१] । नेपालमा दलितहरु मुलत : चार प्रकारका छन् । (१) पहाडी दलित, (२) मधेसी दलित, (३) हिमाली दलित (४) आदिवासी दलित । जनजाति दलितमा नेवार दलित र हिमाली प्रदेशका दलित पनि छन

[१]. लोहार, सुनार, कामी, दमाई, सार्की, बादी, गाइने, कसाई, कुसुले, कुचे, च्यामे, चमार, पोडे, धोबी, पासवान (दुशाद), तातमा, डुम, बटार, खतबे, मुसहर, सन्थाल, सतार र हल्खोर ।

(इन्सेक १९९३:३९१-४१६) । पहाडी दलित अन्तर्गत दमाई जाति दलित भित्रको पनि दलित मानिन्छ । नेपाल अधिराज्यमा २०५८ सालको जनगणना अनुसार कुल ३९०३०५ जनसंख्या रहेको दमाई जातिमा पुरुषको संख्या १८८३२९ छ भने महिलाको संख्या २०१९७६ रहेको छ । अर्थात् कुल जनसख्याको १.९९ प्रतिशत रहेको छ । भने दलित भित्र यो संख्या १२.९८ प्रतिशत रहेको छ (नेपालमा मानव अधिकारको स्थिति २०६०:१०५ । नेपाल कृषि अर्थतन्त्रमा आधारित देश हो । त्यसमा पनि बहुसंख्यक महिलाहरु कृषि जीवनमा अभ्यस्त छन् । अझ दलित महिलाको बाँच्ने जीविका नै कृषि मजदुरी हो । नेपाली समाजमा महिलाको भूमिका घर परिवार हेर्ने र खेतिपातीमा नै बाँधिएको छ । सरदर महिलाले दिनको १३-१४ घण्टा काम गर्दछन् भने पुरुषले मात्र ८-९ घण्टा काम गर्दछ । घरमा बनेको मिठो पोषिलो खानेकुरामा सवैभन्दा बढी हक पुरुषको हुन्छ अर्थात् घरका पुरुषले खाइसकेपछि मात्र बाँकी खाना महिलाले खान पाउँछन जसले महिलाको स्वास्थ्य राम्रो हुँदैन (मजपुरीया, १९८५:९९) ।

सामाजिक विकासको लामो इतिहासमा विभिन्न खाले आरोह अवरोहहरु जसरी देखापरे तिनले राज्यव्यवस्थाको विकास र आर्थिक तथा सांस्कृतिक व्यवस्थाको विकास मात्र गरेनन् जाति व्यवस्थालाई पनि विभिन्न परिस्थिति अनुसार संरचनात्मक परिवर्तन लगायत आपसी अन्तर्क्रियात्मक व्यवस्थामा समेत आमूल परिवर्तनहरु ल्याएका छन् । त्यसैले त शताब्दियौ पहिलेको जाति व्यवस्था र उसका आङ्गिक सदस्यहरु वीचको अन्तर्क्रियात्मक सम्बन्ध र वर्तमानका अवस्थामा विद्यमान जाति व्यवस्थाको आङ्गिक सदस्यहरुको अन्तर्क्रियात्मक व्यवहारमा अत्यन्त विविधता छ । सामाजिक एकरुपतामा अवरोधको रुपमा देखिएको जातीय विभेदीकरणले सामाजिक परिवर्तनका दौरानमा सामाजिक संस्थाहरुमा पारेको प्रभावहरु र उनीहरुभित्रको आन्तरीक संरचनाभित्र देखिएका सम्बन्ध र परिस्थितिहरुको वेलावखत व्यावहारिक अध्ययन गरी समस्या पहिचान गर्ने र सकेसम्म सामाजिक न्यायमा हुने असमानता र विभेदका कारक पक्षको निदान गर्ने प्रचलन प्राज्ञिक निकायहरुले अगाडि बढाउनु अत्यन्त आवश्यक देखिएको छ ।

दमाई जातिका महिलाहरु सामाजिक आधारमा परिश्रम गर्ने र उत्पीडित छन् ।अन्य जातिको तुलनामा बढी परिश्रम गर्ने यो जातिका महिलाहरु पुरुष दमाइले गर्ने हलो  जोत्ने, बाजा बजाउने कार्य बाहेक लुगा सिउने लगायत मेलापात, ज्याला मजदुरीको काम गर्ने गर्दछन् । यीनीहरु पनि हिन्दू धर्मावलम्बी हुन् ।

## १.२  समस्याको कथन

नेपाल अधिराज्यको हरेक भाग हिमालदेखि मधेश, महाकालीदेखि मेची सम्म जहाँ गए पनि पाइने जात बाहुन क्षेत्री पछि थोरै संख्यामा रहेपनि झण्डै बाहुन क्षेत्री झैं छरिएर बसेको जात दमाई  कामी पनि हो  (विष्ट, २०३९:१७) ।

नेपाली समाजको ज्यादै मर्मस्पर्शी र अमानवीय पक्ष परापूर्वकालदेखि  विद्यमान छुवाछूत प्रथा हो । विकासको क्रममा विभिन्न सभ्यता र संस्कृतिमा मानव-मानवबीच भेदका अनेक आधार खडा भै एक वर्ग वा समुदायले अर्कालाई छालाको रङ्ग, पेशा, सम्पत्ति वा खास धर्मप्रति आस्था जस्ता आधारमा ठूलो-सानो, सभ्य-असभ्य मान्ने प्रचलन चलेको पाइन्छ । प्राचीन कालदेखि नै पेशागत आधारमा विभक्त नेपाली समाजमा जातीय संस्कारगत कट्टरवादिता बलियो हुँदै गई जात-जातिवीचका सम्बन्धहरुलाई पेशा, खानपान, रहनसहन र जन्मले निर्धारित क्रियाकलाप जातिहरुवीच सिमीत गरी सामाजिक अन्तर्क्रियालाई सीमाबद्ध गरीयो । केही जातिहरु शुद्ध र विशिष्ट मानिए भने अरु जाति अशुद्ध मानिए ।

नेपालको राजनैतिक एकीकरणपछि  ब्राम्हण, क्षत्रिय तथा अन्य जातिहरुका साथ " अछूत" मानिने कामी, सार्की, दमाई, गाइने, वादीजस्ता जातिहरु यत्रतत्र फैलिन पुगे । वि.सं. १९१० मा नेपालको प्रथम मुलुकी ऐन लागू भएपछि जातिप्रथालाई बढी कानूनबद्ध गरीयो । तथापि यो प्रचलनलाई कानूनी रुपमा अन्त्य गर्नको लागि २०२० भाद्र १ गते लागू गरिएको नयाँ मुलुकी ऐनले छुवाछूत सम्बन्धी पूराना ऐनका व्यवस्थालाई समाप्त गऱ्यो । कानूनी रुपमा समाधान गर्ने खोजिएपनि नेपालको

बहुजातीय समाजमा नयाँ ऐनको त्यो सामाजिक-कानूनी समानताको मर्मलाई आत्मसाथ गर्दै व्यवहारमा उतार्ने प्रयास माथिल्ला जातिहरुबाट बिल्कुलै पहल भएन । अतः एवं वहुदलीय प्रजातन्त्रको पुनर्स्थापना पश्चात बनेको नेपाल अधिराज्यको संविधान २०४७ मा समेत अझ वढी सशक्त रुपमा जातीय समानता ल्याउने कानूनी प्रावधानलाई व्यवस्थित बनाइएता पनि छुवाछूत प्रथा जिवीतै रहेको छ । नगर-शहरी क्षेत्र र बौद्धिक समाजमा यो प्रथा केही हदसम्म क्षीण हुँदै गए पनि ग्रामीण समाजमा जातीय विदेभको स्वरुपमा कुनै फरकपना देखिएको छैन फलस्वरुप दलित जातिहरु समग्र रुपमा पछाडि रहेको अवस्थामा आधा आकाश ओगटेका महिला वर्गहरु विकास प्रक्रियामा पछाडि परिरहेको यथार्थता भित्र दलित वर्गका महिलाहरुको सामाजिक, आर्थिक  अवस्था र यसमा छुवाछूतले कस्तो प्रभाव पारेको छ साथै दलित समुदायमा लैङ्गिक भूमिका कस्तो छ ? यस बारेमा पनि अनुसन्धान गरीनु पर्दछ भन्ने मलाई लागेको छ । समग्र देशमा शिक्षा, स्वास्थ्य क्षेत्रमा पिछडिएको दलित महिला वर्ग अन्य जातिका महिलाहरुको तुलनामा सामाजिक, आर्थिक आधारमा ज्यादै न्यून रहेको पाईन्छ ।

समाज विभिन्न तत्वहरुको पारस्परिक सम्बन्धको पद्धतिको आधारमा चलेको हुन्छ । सामाजिक, सांस्कृतिक मानवीय सम्बन्धको जालो समाज भएकोले विभिन्न सामाजिक पक्ष (Social aspect)  मा फरक प्रकृतिका सामाजिक समस्याहरु हुन्छन् । तसर्थ दलित जातिमा पनि पहाडी दलितमा पर्ने दमाई जातिका महिलाहरुको विषयमा कुनै अध्ययन अनुसन्धान भएको नदेखिएकोले यस काभ्रे गा.वि.स. का दमाई जातिका महिलाहरुको सामाजिक आर्थिक अवस्थाको बिषयमा बिशेष गरी निम्न शोध समस्याहरुसँग सम्बद्ध भएर यो शोध तयार गरिएको छ ।

क) वर्तमान समयमा दमाई समाजको जन्मदेखि मृत्युसम्मका संस्कारहरु र त्यसमा महिलाहरुको के कस्तो भूमिका रहन्छ ?

ख) दमाई जातिका महिलाहरुको सामाजिक आर्थिक अवस्था अन्तर्गत शिक्षा, स्वास्थ्य, परम्परागत मान्यता, परिवारको आकार, सामाजिक रहनसहन, राजनीति पारिवारिक निर्णय प्रक्रियामा उनीहरुको कस्तो किसिमको सहभागिता रहन्छ ?

ग) दमाई महिलाहरुको आर्थिक अवस्था अन्तर्गत पेशा, सम्पत्तिमा आधिकार, पेवा वापत् पशुधन तथा दैनिक कार्य प्रणाली कस्तो छ ?

घ) दमाई जातिका महिलाहरुको विद्यमान सामाजिक, आर्थिक अवस्था र त्यसमा छुवाछूतले पारेको प्रभावको अध्ययन गरी सुधारको लागि के कस्ता कार्यक्रमहरु उपयुक्त हुन सक्छन् ?

## १.३ अध्ययनको उद्देश्य :

कुनै पनि शोध कार्य निश्चित उद्देश्य प्राप्तिको लागि गरीन्छ सोही अनुरुप यस शोध अध्ययनको पनि निम्न विशिष्ट उद्देश्यहरु राखेर शोध कार्य गरिएको छ ।

क) काभ्रे गा.वि.स.का दमाई जातिका महिलाहरुको सामाजिक, आर्थिक, शैक्षिक अवस्थाको बारेमा खोज गर्ने ।

ख) सामाजिक आर्थिक पक्षको निर्णय प्रकृयामा लैङ्गिक सहभागिताको बारेमा अध्ययन गर्ने ।

ग) काभ्रे गा.वि.स.मा दमाई जातिका महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थामा छुवाछूतले पारेको प्रभावहरुको विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व :

राज्यको कानूनले महिला पुरुषलाई समान अवसर प्रदान गर्ने अठोट गरेको छ । त्यसमा पनि जाति, लिङ्ग, धर्मको आधारमा भेदभाव नगरीने, महिला पुरुषमा समान कामको लागि पारिश्रमिकमा भेदभाव नगरीने (नेपालको अन्तरीम संविधान, २०६३)

जस्ता वाक्यांशहरु उल्लेख गरेको पाईन्छ । तर वास्तविक समाजमा त्यसको औचित्यता कस्तो रहेको छ ? विशेष गरी जातपातको छुवाछूत नगरीने भन्ने हाम्रो समाजमा दमाई जातिका महिलाको अवस्था कस्तो छ, यसले सामाजिक आर्थिक अवस्थामा के कस्तो प्रभाव परेको छ । त्यसलाई बुझ्न पनि यस अध्ययनले सहयोग पुऱ्याउन सक्नेछ । साथै धनी वा सम्पन्न परिवारका महिला र गरीब वा विपन्न परिवारका महिलाको लैङ्गिक भूमिका र सामाजिक अवस्थालाई उजागर गर्ने यस अध्ययनले महत्वपूर्ण भूमिका खेल्नेछ ।

नेपालका महिला सम्बन्धी प्रकाशित पुस्तक, लेख, रचनाहरुमा दलित महिलाहरुको बारेमा कमै मात्रामा उल्लेख गरेको पाइन्छ । यस अध्ययनबाट पनि सम्पूर्ण दलित महिलाहरुको अवस्थालाई प्रतिनिधित्व गर्न त सक्दैन तर दलितभित्र पनि पहाडी दलित जाति अन्तर्गत रहेका दमाई जातिका महिलाहरुको जनजीवन बारे जानकारी लिन भने मद्दत पुऱ्याउन सक्नेछ । यस शोधकार्य विशेष गरी काभ्रे गा.वि.स.का दमाई जातिका महिलाहरुको वास्तविक सामाजिक, आर्थिक परिचय गराउनु प्रमुख महत्व रहनेछ । यस शोधबाट भविष्यमा दमाई जातिका महिलाहरुको अवस्थासँग सम्बन्धित सहयोग पुग्न सक्नेछ भन्ने आशा राखिएको छ ।

## १.५. सैद्धान्तिक अवधारणा

यस अनुसन्धान मा काभ्रे गा.वि.स. का दलित महिलाहरुको सामाजिक एवं आर्थिक पक्षहरुमा छुवाछूतले पारेको प्रभावलाई विश्लेषण गर्ने कार्य गरिएको छ जुन लैङ्गिक अवधारणाबाट प्रभावित भएको छ । लैङ्गिक अवधारणा भन्ने वित्तिकै सामाजिक, साँस्कृतिक र मनोवैज्ञानिक पक्षबाट महिला र पुरुषबीचमा भएको भिन्नतालाई बुझाउँछ । विशेषतः यस अनुसन्धानमा लैङ्गिक विभेद पनि जात-जाति, सांस्कृतिक र भौगोलिक विविधता अनुसार फरक फरक हुन्छ भन्ने कुरालाई पुष्टि गर्न खोजिएको छ । यसका साथ साथै निम्न वा गरीब परिवारका महिलाहरुको सामाजिक स्थान उच्च वा धनी परिवारका महिला भन्दा बढी स्वतन्त्र र माथिल्लो स्तरको हुन्छ भन्ने सिद्धान्तलाई पुष्टि गरिएको छ ।

# अध्याय - दुई

# सम्बन्धित साहित्यको अध्ययन र सैद्धान्तिक समिक्षा

## २.१ सैद्धान्तिक दृष्टिकोण

विश्वव्यापी रुपमा लैङ्गिक असमानता भएको पाइन्छ । Gender भन्नासाथ सामाजिक, साँस्कृतिक रुपले निर्माण भएको अवधारणा हो । र हरेक समाजमा महिला पुरुषले निर्वाह गर्नुपर्ने भूमिका फरक-फरक निर्धारण गरिएको हुन्छ । समाजद्वारा निर्मित सामाजिक लिङ्ग जन्मजात विभेद भएर आएको होइन महिलालाई अधीनस्थ गराउने पितृसतात्मक सामाजिक संरचनाको सोच हो (भासिन, २००२) ।

महिलावादी आन्दोलनको इतिहास धेरै लामो नभएपनि सन् १९७० देखि मात्र यो एउटा सामाजिक मुद्दाको रुपमा देखा पर्‍यो । सन् १९७० पछि यस विषयमा प्रशस्त आवधिक खोज अनुसन्धान भएको पाइन्छ । न्भलमभच भनेको कुनै जैवकिीय अवधारणा नभै केवल नारीवादी सोच र एकांकी तहबाट बढि प्रभावित आदर्श हो । यो सोच र धारणा आमूल परिवर्तनकारी सोचबाट सन् १९६० मा विकसित भएको हो (Keller, 1996) ।

लिङ्गमा आधारित श्रम विभाजनमा पुरुषहरु शारीरिक रुपमा बलियो हुने हुनाले उनीहरु घरवाहिरको काम गर्ने, शिकार गर्ने, गाइवस्तु चराउने, माछा मार्ने, जस्ता कार्यहरु गर्ने र महिलाले घरभित्र परिवारको रक्षा गर्ने कृषि कार्य गर्ने र जीविकोपार्जनको लागि पुरुषको तुलनामा बढी योगदान दिन सक्दछन् । (Ember and Ember, 1993) । मार्क्सवादी बीचारधारामा लागेका समाजशास्त्रीका अनुसार सम्पत्ति नै समाजमा असमानता सृजना गर्ने स्रोत हो । उत्पादन व्यवस्था वा प्रणालीको विकास संगै सामाजिक सांस्कृतिक प्रणालीमा त्यसको प्रभाव पर्दछ । निजी सम्पत्तिको विकास संगै उत्पादन व्यवस्थामा पुरुषका सहयोगीका रुपमा महिलालाई लिंदै अझ अगाडि

भनिएको छ सम्पत्तिको निरन्तर हस्तान्तरण र सम्वर्द्धनकालागि छोरा जन्माउने वस्तुका रुपमा पनि महिलालाई लिन थालियो । महिलाहरु घरभित्रकै धन्दामा सीमित गरिए, यात कमसल कार्य वा कम ज्यालामा लगाइए । यसलाई बलियो बनाउने कार्य समाजमा रहेको पितृसत्ताले गर्‍यो (एंगेल्स, १९८६) ।

त्यस्तै प्रकार्यवादीहरुको बीचार अनुसार सामाजिक संरचनालाई व्यवस्थित गर्न लैङ्गिक असमानता एक अनिवार्य शर्त हो । कुनै पनि व्यक्ति आफ्नो योग्यता क्षमताका आधारमा सामाजिक तहमा (Social Starta) रहने गर्दछन् । त्यसैले सामाजिक विभिन्नता नै सामाजिक मूल्य र मान्यताको प्रणाली हो । (Pathy, 1987) ।

त्यस्तै आमूल परिवर्तनकारी महिलावादीहरुले विश्वव्यापी रुपमा महिलाको अवमूल्यन भएको छ र पितृसत्ताका कारण सबै ठाउँमा महिलाहरु दमनमा परेका छन् । भन्ने मान्यता रहेको छ भने समाजवादी महिलावादीले मार्क्सवादी बीचारधाराझैं पितृसत्ता आर्थिक प्रणालीको एउटा भाग हो यसले महिलाले भोग्नु परेको अधीनता भिन्न-भिन्न परिवेशमा कति समान छन् र कति असमान् छन् त्यसको पनि अध्ययन गरिनु पर्दछ । महिलाहरु आफै दमित हुँदा हुँदै पनि अर्काथरि महिलाले मात्रै महिलालेनै दमित गर्दछन् यो वर्गीय सोच हो जस्तै अमेरिकी समाजमा काला जातिका महिलाहरुलाई दमन गर्ने कार्यमा सेता जातिका महिलाहरु सक्रिय रुपले सहभागी भएका छन् (Haralambos, : 1996) ।

यसरी १९८० सम्मका नारीवादी सिद्धान्तमा महिला र पुरुष बीचका विभेद लाई सामाजिक संरचनामा भएको असमानता, परिवारको संरचना र वर्गीय रुपमा गरिएको दमनको उपज मानिएको थियो । १९८० पछि लैंङ्गिक अध्ययन सामाजिक र साँस्कृतिक विविधता अनुसार फरक हुने गर्दछ । समाजमा व्याप्त रहेको जाति जनजाति समाजमा सिर्जित वस्तुहरु र सेवाको फरकपन हुने गर्दछ । यस्ता तत्वहरुले लैंङ्गिक स्तरीकरण संग अन्तरक्रिया गर्ने गर्दछन् । त्यसैले संसारको सबै भाग र सबै संस्कृतिका महिलाहरु माथि हुने दमनको यथार्थ चित्रण एकै स्वरुपमा गर्न सम्भव छैन भन्ने सिद्धान्त तेस्रो

धारको रुपमा जन्म भयो जुन अहिलेको लैङ्गिक विश्लेषणको सार्न्दभिक सिद्धान्तको रुपमा रहेको छ (Keller, EF, 1996)।

महिलावादी आन्दोलनकी समर्थक (Ann Oakely, 1972) ले संस्कृतिलाई लैङ्गिक भूमिका वा शैलीमाथि नियन्त्रित र निर्देशित गर्ने तत्वको भूमिका र उनका अनुसार लिङ्गमा आधारित श्रमविभाजन विश्वव्यापी छैन न त यो विश्वव्यापी हुनुपर्दछ भन्ने कुनै कारण नै छ । बरु धेरै समाजमा संस्कृतिमा आधारित श्रमविभाजन हुने गरेको छ ।

समाज र संस्कृति अनुसार लैङ्गिक भूमिका फरक पाइन्छ । नेपालको सन्दर्भमा केही जनजाति समुदायका महिलाहरु घरेलु अर्थतन्त्रमा सक्रिय भएर लागेका छन् । उनीहरु घरेलु दायरा भन्दा बाहिर गई आयआर्जन र व्यवसायमा प्रभावकारी भूमिका खेलेका छन् । जस्तै थकाली महिलाहरु व्यापार र होटल संचालन गरेका छन् भने गुरुङ्ग महिलाहरु पनि बजारमूखी अर्थतन्त्रमा लागेका छन् । उनीहरु सामाजिक रुपमा स्वतन्त्र र परिवारमा उच्च मूल्याङकन गरिएको हुन्छ (Seddon; 1995)।

Gender सम्बन्धी पूर्व अध्ययन गरिएका साहित्यमा महिला र पुरुष बीचको सम्बन्धमा धेरै सैद्धान्तिक व्याख्या गरिएको पाइन्छ । तर सबै वर्ग, जाति बीच हुने लैङ्गिक समानताको बारेमा कमै मात्र अध्ययन भएका छन् ।

पुरुष प्रधान सामाजिक संरचनाबाट सबै समुदाय समाजका महिला पीडित छन् तर नेपालको सन्दर्भमा महिला बीच पनि सामाजिक रुपमा स्तरीकरण रहेको छ सबै महिलाको स्तर एकरुपता छैन । यसलाई पनि अध्ययन गर्न जरुरी छ । जस्तै : ग्रामीण र शहरी महिला, शिक्षित र अशिक्षित महिला, धनी र गरिब महिला, जाति, जनजाति बीचको महिलाको छुट्टाछुट्टै स्तर रहेको छ । उपल्लो जात र धनाढ्य परिवारका महिलाहरुको पहुँच राजनैतिक शक्ति, अर्थतन्त्र तथा अन्य सामाजिक सुविधाका क्षेत्रमा ग्रामीण र गरिब महिलाका तुलनामा उच्च रहेको छ । वर्गीय विभाजन अनुसार धनी

महिलाहरु भन्दा ग्रामीण गरिब महिला बढि अधीनस्थ र दबिएका छन् । शहरी क्षेत्रका धनी र पहुँच भएका महिलाहरुले राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थामा राम्रो पदमा काम गरेका छन् । आम जनताको भन्दा यिनीहरुको सम्पूर्ण अवस्था माथि छ (पोखेल, २००१: ६९) ।

यस अध्ययनवाट पनि थाहा हुन आउँछ कि दलित महिलाहरु दलित भएर नै सामाजिक आर्थिक स्तर वृद्धि हुन सकिरहेका छैनन् र उच्च जातका महिलासंग प्रतिस्पर्धा गर्ने हैसियत छैन । यसलाई पुष्टि गर्दै (शेरा तामाङ्ग, १९९९ : ३९) सेडाबाट प्रकाशित मिना आचार्य र बेनेटको “The Status of Women In nepal" को टिप्पणी गर्दै नेपाली महिला परिवारभित्र रहन वाध्य छन । आर्थिक पहुँच छैन निर्णयप्रक्रियामा समान सहभागी छैनन् र हरेक क्षेत्रमा पितृसत्ताले हस्तक्षेप गरेको छ  भनि सम्पूर्ण सामाजिक संरचनालाई एकात्मक रुपले अध्ययन गरिएको छ भन्दै उनले अगाडि भनेकी छिन्, नेपाली समाजमा विविधता छ यहाँ विभिन्न जात-जाति, वर्ग, धर्म, उमेर अनुसार महिलाको भूमिका फरक छ । यसमा हाम्रो जातीय विविधता अनुसार परम्परा र अन्धविश्वासले पनि पभाव पारेको हुन्छ । त्यसैले सवैलाई एकरुपतामा राखी सामान्यीकरण गर्नु हुदैंन । जस्तै : उदाहरणको लागि हिमाली क्षेत्रका उद्यमशील शेर्पा महिला मध्यम वर्गीय पहाडी ब्राह्मण महिला बीचको लैङ्गिक सम्बन्ध फरक छ किनकी हिन्दू मान्यता अनुसार वाहुन महिलालाई प्रजनन् शुद्धता र घरबाहीर घुमफिर गर्ने स्वतन्त्रतामा बन्देज लगाइएको हुन्छ भने शेर्पा महिला बजारमुखी अर्थतन्त्रमा सक्रिय भएर लागेका हुन्छन् ।

भासिन, कमला (२००:३१) ले Understadning (Gender) मा लैङ्गिक सम्बन्धलाई धर्म, जाति र वर्गले असर पारेको हुन्छ भन्छिन् । उनका अनुसार उच्च जात निम्न जातका महिलाहरुको बीचमा तिनीहरुको सामाजिक गतिशीलता एवं स्वतन्त्रतामा फरक रहेको हुन्छ । उच्च जातका महिलालाई रक्त शुद्धि वा जातीय शुद्धिका निम्ति पुरुष वर्गहरुवाट वढी शोषित वा नियन्त्रित गरिएको हुन्छ भने तल्लो

जातमा यस प्रकारको बन्देज कम भएको हुन्छ । सबै समाजमा महिला पुरुषको अधीनस्थ हुँदैनन । लैङ्गिक अन्तर सम्बन्धलाई प्रभावित पार्ने तत्वमा सामाजिक तथा आर्थिक तत्व पनि पर्दछ । यस प्रकारको निष्कर्ष अनुसन्धान कर्ताले यस शोध अध्ययनको क्रममा काभ्रे गा.वि.स. का दमाई महिलाहरुको अध्ययनबाट पनि प्राप्त गरेको छ ।

## २.२ नेपालमा महिलाको अवस्था सम्बन्धी पूर्व अध्ययनको समिक्षा

कुनैपनि समाजको प्रगतिको मापदण्ड नारीलाई मानिन्छ । समाजमा महिलाले भन्दा अलिकति पनि बढि सुख सुविधाको अधिकार पुरुषले उपभोग गर्दछ भने त्यस समाजलाई प्रगतिशील र विकसित भन्न मिल्दैन । महिलाहरु परिवारका प्रमुख आधार स्तम्भ हुन् र परिवार समुदायको आधारशिला हो भने समुदाय एउटा राष्ट्रकै आधार हो । त्यसैले महिलालाई समाज र राष्ट्रका वास्तविक, कर्णधार हुन भन्न सकिन्छ । महिलाको सन्दर्भमा एंगेल्स; २०५६, को भनाई छ "सर्वप्रथम सभ्यताको बीऊ रोप्ने आइमाइहरु नै हुन् । तिनीहरुले पुरुषहरुलाई घुमन्ते जीवनबाट स्थिर जीवनमा ल्याई प्रतिष्ठापित गरे" ।

प्रत्येक समाजमा स्त्री र पुरुषहरुको सामाजिक स्थिति उनीहरुको आर्दश र कार्यबाट निर्धारित हुने गर्दछ । यी आर्दश र कार्यहरुको मूल्यांकन त्यसै समाजको संस्कृतिले निष्पक्ष रुपमा गरिदिन्छ । सामाजिक जीवन र साँस्कृतिक विविधता भएको समाजमा संस्कृति परिवर्तनसँगसँगै महिलाको स्थान र भूमिकामा पनि परिवर्तन आउँदछ । हिन्दू आर्दश अनुसार स्वास्नीलाई अर्धाङ्गिनी मानिन्छ । कुनै पनि पवित्र धार्मिक अनुष्ठान पत्नीविना अधुरो हुन्छ । फेरि हिन्दू समाजमा मातृत्वलाई आदरको दृष्टिले हेरिन्छ । नारीलाई शक्ति धन र ज्ञानको प्रतीकका रुपमा लक्ष्मी, सरस्वती र दुर्गा, कालीको रुपमा वर्णन गरिएको छ । यसरी "वैदिक कालमा नर र नारीको बीच कुनै भेदभाव गरिएको थिएन । नर नारी दुवैको सामाजिक स्थिति समान र महत्वपूर्ण थियो," भन्ने कुरा डा. पष्ढरीनाथ एच. प्रभुको कृति (Hindu Social Organization, :

258) लाई उल्लेख गर्दै बासु बरालले अगाडि भनेका छन् । "हिन्दू नारीहरुको इतिहासमा इ.सं. १८५ मा मनुस्मृति रचना गरेर पतिलाई देवतुल्य मान्न लगाइयो नारीका सबै अधिकार खोसियो । स्मृतिकारहरुका अनुसार स्वास्नीमान्छेहरु स्वभावैले कामी, अबुझ र चरित्रहीन हुन्थे । त्यसैले कुमारी अवस्थामा उनीहरुको रक्षा बाबुआमाले गर्दथे, यौवनावस्थामा उनीहरु पतिको संरक्षणमा बस्थे भने वृद्धावस्थामा पुत्रहरुको रेख-देखमा जीवन बिताउने गर्दथे" (वराल: २०५०:१३९) । तात्कालीन समयमा आइमाइले जागिर खान हुँदैन, घरबाहिर जान हुँदैन, वेदपाठ गर्न हुदैन, भनी बाध्यात्मक नियम लगाइयो । यस्तो घुमफिर र स्वतन्त्रता तल्लो जातिका अर्थात निच वर्णको महिलालाई मात्र छुट दिइएको थियो (Majumdar, 1966: 251)।

हिन्दू नारीहरुको अवस्था पतन हुनुमा ब्राम्हणवाद नै मुख्य कारण मानिएको छ । मनुद्वारा पतिलाई गुरु र देवतातुल्य भनी नामाकरण गरिएपछि पतिको सेवा गर्नु नै धर्म हो, स्वर्ग जान पतिको पूजा गर्नुपर्छ भन्दै हिन्दू धर्मलाइ व्याख्या गरियो ब्राम्हणवादलाई प्रशय दिदै जाँदा महिलाहरु आफ्नो भरणपोषणको लागि पुरुषप्रति उत्तरदायी हुनुपर्ने बाध्यताको शुरुवात भयो साथै पारिवारिक परिवेश, धार्मिक, सामाजिक, सामुदायिक यावत कार्यहरुमा पुरुषले प्रतिनिधित्व गर्न थाले र घरमूली पनि पुरुष नै हुने गर्दथे । यसबाट पनि नारीको अवस्थाको यथार्थता स्पष्ट हुन्छ फोरि आर्य मुलकका पुर्खाहरुको संस्कृति पितृसत्तात्मक थियो । तिनै आर्यहरुको भारतवर्षमा प्रवेशपछि नारीहरुको सामाजिक स्थितिमा आँच आउन प्रारम्भ भयो र पितृसतात्मक परिवारको शुरुवातलाई निरन्तरता र बलियो बनाइयो (वराल, २०५०:१५४) ।

अन्य सबै संस्कृतिमा झैं नेपालमा पनि लिङ्ग र यसको सामाजिक व्याख्या सिंगो संस्कृतिको एक महत्वपूर्ण आयाम हो, यस्तो व्याख्या नेपाल भित्रै पनि जातजाति, वर्ग, भौगोलिक क्षेत्र लगायत उमेर, परिवार भित्रको मर्यादा स्थान अनुसार फरक-फरक पाइन्छ । तर पनि मोटामोटी रुपमा महिला विरोधी आर्थिक राजनैतिक र सांस्कृतिक संरचना र मान्यता नेपाली समाजमा व्यापक छ । वंशस्थापना, वासस्थान, उत्पादनका

साधन र अन्य सम्पत्तिको अंशवण्डा सबै पितृसत्तात्मक रहनु यस्तो असमानताका मूल संरचनात्मक आधार हुन् । यसै गरी छोरा पाउने अति मोह, छोरा र छोरीको लालनपालनमा गरिने अति भेद, छोरीभन्दा छोराले पढ्न, घर बाहिर व्यापक समाजमा डुल्न र घर वाहिर काम गर्न र आर्यआर्जन गर्न पाउने अति प्राथमिकता, घर भित्र छोरी र महिलाले छोरा र पुरुषले भन्दा निकै बढी खट्नु पर्ने बाध्यता आदिले पनि यस्तो असमानताको पुष्टि गर्दछ (NESAC, 1998:4) संसारभरका महिला जस्तै नेपालका महिलाहरुले प्रजनन, घरगृहस्थी र रोजगारीको दायित्व सम्हालेका छन् । तैपनि सरकारी निकायहरु प्रजननलाई काम नै मान्दैनन्, घरगृहस्थीको काम उत्पादनशील ठानिदैन, महिलाहरुलाई शैक्षिक अवसरहरुमा भेदभाव गरिन्छ, सीप विकास, स्वतन्त्र निर्णय गर्नका लागि आवश्यक व्यक्तिगत भौतिक रुपले हिडडुल गर्नबाट पनि उनीहरु ठगिएका छन् । यस्तै चलनले श्रम बजारमा प्रवेश लगायत अन्य पक्षमा ठूलो महत्व राख्छ । महिलाहरु पुरुषको दाँजोमा धेरै समय काम गदर्छन् तर आयमूलक रोजगारीमा धेरै अवसर पाउँदैनन् तथा सम्पत्तिको सीमित अधिकार मात्र राख्दछन् । बच्चाको पालनपोषण र सामाजिकीकरण अन्य मुलुकको दाँजोमा अधिकांश घर र परिवारभित्र हुने भएकोले पनि यस्तो स्थिति बनेको हो । धेरैजसो बालबालिका विद्यालय जाँदैनन् र विद्यालय समय छोटो छ । सो अवधिमा परिवार महिलाले नै हेरचाह गर्नुपर्छ । जीविकोपार्जनको लागि आवश्यक उत्पादन इकाई पनि अधिकांश घर नै हो (NESAC; 1998;66) ।

महिला र पुरुषबीचको भेदभाव परिवारभित्रबाट शुरु हुन्छ । महिलालाई निर्णय प्रक्रियामा सामेल गराइँदैन र समाजमा प्राप्त हुने मौकाहरु र उपलब्धिहरु माथि पुरुषहरुद्वारा एकाधिकार जमाइएको छ । कुनै पनि महिलाको सामाजिक, सांस्कृतिक एवं राजनीतिक क्रियाकलापहरुमा हुने सहभागिता उनका श्रीमान्/बाबु आमा /पुरुष नातेदारको प्रकृतिमा भर पर्छ (राष्ट्रिय मानव अधिकार आयोग, २०६०: ७०) ।

विभिन्न देश, समाज, धर्म जाति, जनजाति अनुसार लैङ्गिक विश्लेषण हुन आवश्यक छ । किनकि विभिन्न देश, समाज, जाति अनुसार नारीपुरुष सम्बन्ध फरक-फरक हुने गर्दछ । हाम्रो समाजमा महिलाहरुको सबै जातिहरुमा आमाको रुपमा भूमिकाको उच्च मूल्य भएता पनि महिलाहरुको रुपमा उनीहरुको भूमिकामा भने समुदाय पिच्छे व्यापक फरक पाईन्छ । जहाँसम्म हिन्दू धर्मका उच्च जातका रुपमा मात्र आफ्नो सामाजिक हैसियत स्थापना गर्न सक्दछन् । तर भोट-वर्मेली भाषा बोल्ने परिवारमा भने विवाह नगरी पनि श्रीमतीका रुपमा सामाजिक हैसियत प्राप्त गर्न अन्य उपायहरु अवलम्बन गर्न सक्ने स्थिति देखिन्छ (Bennet, 1981:282) ।

लैङ्गिक विभेदलाई आधार बनाएर खडा गरिएका निषेधात्मक संरचना, संस्था मान्यताहरु अत्यन्त व्यापक र गहिरा छन् । महिलाको विरुद्धमा धेरथोर हदमा स्वास्थ्य, शिक्षा, कामको बोझ आयका संम्भावना, उत्पादन सामग्रीको स्वामित्व सार्वजनिक नीति निर्णय र यस माथिको पहुँच, स्वाधीनता, सांस्कृतिक मान्यता लगायत जन्म र मृत्यु जस्ता गहिरा व्यक्तिगत र सामाजिक आयामहरुमाथि प्रहार गरिरहेको छ । महिलालाई आश्रित तुल्याउँदै लैजाने तालिम वाल्यकालदेखि नैं परिवारका सदस्यहरुबाट शुरु हुन्छ । वाल्यकालको सामाजिक विकासको क्रममा छोराहरुलाई बढि स्वाधीन र व्यावसायिक जीवनको महत्वबारे सिकाउन बुझाउन जोड दिने गरिन्छ भने छोरीहरुलाई वैवाहिक, पारिवारिक, आश्रीत, वयस्क जीवनको महत्वतर्फ उन्मुख तुल्याइन्छ । परिवारका सदस्य बाहेकका अन्य व्यक्ति, समूहसँगको अन्तरक्रिया, स्कूलको पाठ्यक्रम, लिङ्ग-पृर्थक मित्रसमूह आदिवाट पनि यसै सामाजिकीकरणमा बल पुगेको छ । पहिलेको दाँजोमा महिलाहरु बढि साक्षर भएका छन् । औसतमा महिलाहरु पुरुष भन्दा बढि काम पनि गर्छन् र पारिवारिक आयमा झण्डै आधा कमाई महिलाहरुको श्रममार्फत प्राप्त हुन्छ । तर पनि परिवारदेखि सार्वजनिक जीवनमा महिलाहरुको स्वाधीनता र राजनीतिक, आर्थिक र सांस्कृतिक हैसियत न्यून छ, मुलुकमा विद्यमान केही प्रवृत्तिहरु भने झिनो रुपमा भए पनि सकारात्मक छन् । बढ्दो साक्षरता, शिक्षा, कम बच्चा जन्माउने क्रम, विवाह गर्दाको अलि बढेको उमेर, बढ्दो

राजनीतिकरण आदि महिलाहरुको सामर्थ्यमा सकारात्मक योगदान पुऱ्याउन सक्ने प्रवृत्तिहरु हुन् (NESAC, 1998: 102)।

विश्वव्यापी रुपमा नै महिला र पुरुषबीच असमानता देख्न सकिन्छ । विकसित समाजमा यसको दर कम भए पनि ती देशहरुमा समाजका अर्थ राजनीति, प्रशासन तथा सामाजिक व्यवस्थामा उल्लेख्य स्थान रहन सकेको छैन । घरायसी कार्यबाट अधिकांश महिलाहरु अलग हुन नसकेको एउटा व्यवस्था छ भने प्राकृतिक रुपमा नै महिलाहरुले बच्चा जन्माउनु पर्ने, त्यसको स्याहार संभारमा बढी ध्यान दिनु पर्ने अवस्थाले पुरुष सरह घरबाहिरका काममा संलग्न हुन महिलाहरुलाई असजिलो देखिन्छ । अझ धार्मिक कट्टरता रहेका समाजमा महिला स्वतन्त्रताको पक्ष निकै कमजोर अवस्थामा छ । सामाजिक बन्देजहरुबाट उनीहरु घेरिएका छन् । निर्णय प्रकृयामा उच्च स्थान, प्रशासन तथा राजनीतिदेखी राष्ट्रिय विकासका महत्वपूर्ण क्षेत्रमा महिलाको पहुँच न्यून छ (आयार्य, १९८१: १०५) ।

नेपालमा सन् १९९० पछि महिला र पुरुष बीचको लैङ्गिक सम्बन्ध एक प्रमुख मुद्दाको रुपमा देखा पऱ्यो । यस किसिमको लैङ्गिक सम्बन्धका विषयमा विभिन्न समुदाय जस्तैः यस विषयका विद्वान् राजनीतिज्ञ, आम जनता र नीति निर्माता समेतको ध्यानाकर्षण भएको छ । सामाजिक र सांस्कृतिक रुपमा स्वीकार गरिएको व्यवहार र सम्बन्धलाई सामाजिक लिङ्ग (Gender) को रुपमा परिभाषित गरिएको पाइन्छ । यस किसिमका सामाजिक व्यवहार र सम्बन्धहरु त्यहाँको सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक तथा धार्मिक धरातल तथा परिधि मा आधारित रहेको हुन्छ र कतिपय परम्परागत समाजमा शहरी तथा औद्योगिक समाजमा भन्दा लैङ्गिक भूमिका बढि कठोर हुन्छ । लैङ्गिक भूमिका वर्ग, जाति र जनजाति समूहबीच फरक-फरक पाइन्छ (पोखरेल, २००१:७०) ।

नेपाल मानव अधिकार आयोगले २०६० मा नेपालमा मानव अधिकारको स्थिति प्रतिवेदन तयार पार्ने क्रममा सन् १९९० अघि र पछिको फरकका बारेमा टिप्पणी गर्दै

प्राय सबै महिला उत्तरदाताहरुले भनेका छन् “सन् १९९० पछिका दिनहरुका महिलालाई आफ्नो श्रीमान्संग बोल्ने र बीचार आदानप्रदान गर्ने, सार्वजनिक मञ्चहरुमा, संस्थाहरु र राजनीतिक पार्टीहरुमा तथा राजनीतिका विभिन्न तहहरु खास गरेर स्थानीय सरकारी निकायहरुमा सहभागी हुने अवसरहरु प्राप्त भएका छन्” तर महिलालाई अझै सामाजिक, साँस्कृतिक एवं राजनीतिक क्रियाकलापमा सहभागी हुन प्रोत्साहित गरिदैंन र जब उनीहरु यस्ता क्रियाकलापहरुमा संलग्न हुन्छन् उनीहरुलाई परिवारका पुरुष सदस्यहरुले “खराब भई” भनेर आलोचना गर्ने गर्दछन् भन्ने कुरा औल्याएका छन् । (नेपाल मानव अधिकार आयोग, २०६० ; ८०) ।

वर्तमानमा लैङ्गिक रुपमा समान सहभागिताको सवालमा राज्यस्तरबाट विभिन्न ऐन कानूनको निर्माण पश्चात् महिलाको सार्वजनिक सहभागितामा सकारात्मक गन्तव्य लिन थालेको पाइन्छ । तर लैङ्गिक भूमिका जाति, धर्म वर्ग अनुसार फरक-फरक हुनाले यसले समग्र महिलाकै पहुँचलाई समेट्न सकेको छ कि छैन भन्ने कुरा महत्वपूर्ण हुन आउँछ । सार्वजनिक क्षेत्रमा महिलाको सहभागिता हेर्दा हाम्रो सामाजिक पितृसतात्मक शासन छर्लङ्ग हुन आउँछ । तसर्थ सामाजिक तथा आर्थिक स्रोत साधनमा पहुँच र नियन्त्रण तथा अवसरको उपभोग सम्बन्धी पुरुष र महिला बीचको स्थिति झल्काउने पछिल्ला केही सूचकहरुले यस शोध अध्ययनको उद्देश्यलाई पूर्णता दिनको लागि दलित महिलाहरुको त्यसमा सहभागिताको प्रसङ्ग उठाउन सहज र सरल बनाउनलाई पछिल्ला केही सूचकहरु तल परिशिष्ट (१)मा उल्लेख गरिएको छ ।

## २.३ दलित र दलित महिला सम्बन्धी पूर्व अध्ययनको समिक्षा

सामाजिक सम्बन्धको जालोलाई समाज भनिन्छ । जहाँ सामाजिक रीति, एवं कार्यप्रणालीको अधिकार एवं पारस्परिक सहायताको लागि विभिन्न समूह, वर्ग जात जाति धर्मको मानवीय व्यवहारको नियन्त्रण र स्वतन्त्रताको व्यवस्था गर्ने सधैं अग्रसर रहन्छ र समाज परिवर्तनशील छ, सामाजिक असमानता अर्थात् सामाजिक श्रम विभाजन नै समाजको प्रगतिको बाहक हो (Maciver and Page,1959:7)।

परम्परागत सिद्धान्त अनुसार ब्राम्ह्मणहरु परमात्माको मुखवाट, क्षेत्रीहरु बाहुवाट, वैश्यहरु तिघ्राबाट र शूद्रहरुको उत्पत्ति पाईतालाबाट भएको भन्ने उल्लेख छ । मनुले चारै वर्णको कार्य विभाजन गर्दै "वेद पढ्नु-पढाउनु, आफूले यज्ञ गर्नु र र अरुको यज्ञ गराउनु दान गर्नु , ब्राम्ह्मणको कार्य हो । प्रजाको रक्षा गर्नु  देशलाई विपत्तिबाट संरक्षण गर्नु दानु गर्नु क्षेत्रीको मूल कर्तव्य हो । वाणिज्य व्यवसाय तथा कृषि कार्य अपनाई सबै वर्णका मानिसलाई खाने लाउने जस्ता न्यूनतम कुरालाई कमी हुन नदिने वैश्यहरुको कार्य साथै पशुपालन, दान र यज्ञ गर्नु पर्दछ । र शूद्रले चाँहि आफूभन्दा माथिका तीनवटै वर्णको सेवा शुश्रूषा तथा हरेक काममा सहयोग पुऱ्याउनु पर्दछ ( वराल, २०५० : ७५) ।

हिन्दू युगमा जाति व्यवस्था कट्टर बन्दै गएको पाइन्छ । त्यस्तै बौद्धिक कालमा जाति व्यवस्था कट्टर बन्दै आइसकेता पनि महात्मा बुद्धले जन्मको आधारमा छुट्टिएको जाति प्रथाको विरोध गरी भनेका थिए, कुनै पनि मानिस जन्मबाटै ब्राम्ह्मण अथवा शुद्र हुँदैन । मानिसको वर्ण त कर्मैद्वारा मात्र छुट्टिन्छ । बी.आर. आम्वेडकरका अनुसार बौद्ध धर्मको आधारभूत सिद्धान्त भनेको समानता हो । बौद्ध धर्मलाई शूद्रको धर्म भनियो । भेदभाव तथा छुवाछूत विरुद्ध आवाज उठाउने एउटै व्यक्ति भगवान वुद्ध हुनुहुन्थ्यो । त्यस्तै डा. अम्वेडकरले शुरुमा छूत अछूत भन्ने धारणा थिएन, सबै छुट्टिएर बसेका थिए र कोही पनि पुरोहित र ब्राह्मणलाई आदर गर्दैनथे । अरुले आफ्नो आदारभाव नगरेकाले ब्राह्मणहरु क्रुद्ध थिए । अतः ब्राह्मणहरु घृणित काम गर्नेलाइ हेलाँको दृष्टिले हेर्ने हेर्दथे उनीहरुको घृणाको दृष्टिले गर्दा अस्पृश्यताको उत्पत्ति भयो (वराल,२०५०)।

अछूतहरुको उद्‌भव पेशाको आधारमा भएको हो । समाजमा राम्रा नराम्रा दुवै थरिका पेशाहरु थिए । अतः घृणित पेशामा लाग्ने जति अस्पृश्य कहलाए, ती घृणित कार्य गर्नेहरु सित छुवाछूतको भावाना राखियो किनभने सामाजिक दृष्टिले ती कार्यहरु अपवित्र मानिन्थ्यो । (Ghureye; 1950:26-27)

ब्रिटिसकालीन भारतमा सन् १९२७ मा बनेको "साइमन कमिसन" ले शूद्रमध्येकै अतिशूद्र अजात पानी नचल्ने तहमा राखेको समूहलाई दलित मानेको छ । चरम आर्थिक शोषण तथा सामाजिक उत्पीडनको शिकार भई पानी नचल्ने ठानिएको समुदाय नै दलित हो, नेपालको सन्दर्भमा दलितहरु आर्थिक रुपले शोषित, राजनीतिक रुपले आवाजहीन, सामाजिक रुपले तिरस्कृत तथा अछूतको रुपमा रहँदै आएका छन् । (विश्वकर्मा, २००१: १९४) । राज्यद्वारा छुवाछूतको शाब्दिक अर्थ लगाइएको छैन । तर व्यवहारमा अछूत तल्लोजात, पानी नचल्ने जातको रुपमा लिइएको छ । त्यस्तै दलित भन्नासाथ गरिब र शोषित वर्ग जुन अछूत जातको रुपमा रहेको छन् दलित समूह बीच जातिगत एकता नभई उपजातिमा विभाजित दलित जातिहरुको वैवाहिक सम्बन्ध आफ्नो जातीय समूहभित्र हुने गर्दछ । रोजगारको क्षेत्र र सामाजिक संस्कारमा आफ्नोपन पाइन्छ (दाहाल, २००३) ।

दलितभित्र पनि तहयुक्त जातीय प्रणाली हुनु विडम्वना हो । उनीहरु एउटा दलित समूह अर्को समूह भन्दा सार्की र दमाई तल्लो जाति मानिन्छ । यिनीहरुबीच आफ्नै मूल्य र मान्यता रहेका छन्, सोही बमोजिम दमाई, कामी, सार्कीबीच विवाहवारी गर्न बन्देज छ (दाहाल, २००२) ।

मुलुकमा दुई तिहाई मानिस हिन्दू धर्म मान्दछन् । बाँकी एक तिहाई हिन्दू जात प्रथा भन्दा बाहिर विभिन्न जाति, धर्मावलम्वी छन् । तर एकातिर केही जातिभित्र पनि जात -प्रकृतिका विभेदहरु विद्यमान छन् । जातप्रथाले व्यक्ति, परिवार, कुललाई उच्च-मध्यम-निच श्रेणीहरुमा विभक्त गर्दछ । यस्तो श्रेणी बद्ध विभाजन अन्तर्गत खास गरी तल्लो श्रेणीमा पारिएका व्यक्ति र समूहको विरुद्धमा व्यवस्थित र व्यापक रुपले मानवीय सामर्थ्यको उपभोग र विकासका बाटाहरु अवरुद्ध पारिन्छन् । (नेसाक, १९९८: १०२)

अछूत जातका व्यक्ति र समूहका लागि त यस्तो निषेधात्मक व्यवस्था पार गर्न नसकिने जीवन भरको बाध्यता नै बन्दछ । यस्तो बाध्यता अन्तर्गत वाल

वालिकाहरु कक्षाका सहपाठीहरुद्वारा घृणित हुने, यस्ता परिवार मूल बस्तीबाट छुट्टै एउटा कुनामा थुप्रिएर घरबास गर्नु पर्ने, जीवनभर आर्थिक र राजनैतिक रुपले समेत आश्रित भएर बाँच्नु पर्ने जस्ता अत्यन्त अमानवीय स्थिति भोगेका छन् (नेसाक, १९९८ : १०३) ।

यसैको फलस्वरुप जग्गा र घरबारविहीन परिवारहरुमध्ये ठूलो संख्या तल्लो र अछूत जातका परिवारहरुको छ । अछूत जातमा साक्षारताको दर १८ प्रतिशत मात्र छ । जबकि माथिल्ला जातहरुका लागि यो दर ४७ प्रतिशत छ (केन्द्रीय तथ्यांक विभाग १९९६) । अछूत जातका व्यक्तिहरुको औसत आयू ५१ वर्ष मात्र छ जबकी माथिल्लो जातका व्यक्तिहरुको औसत आयू ५७ वर्ष छ । यसैगरी अछूत जातका १००० शिशु ( १२ महिना सम्मका) हरुमध्ये ११८ जनाको मृत्यु हुन्छ भने माथिल्लो जातका १००० शिशु (१२ महिना सम्मका ) ८५ जनाको मृत्यु हुन्छ । (स्वास्थ्य मन्त्रालय : १९९७) । माथिल्ला जातका परिवारहरु मध्ये जति परिवार निरपेक्ष रुपले गरीव छन् त्यो भन्दा डेढगुणा धेरै अछूत जातका परिवारहरु गरिव छन् । त्यसमा पनि अछूत जातका परिवारभित्रै महिलाहरुको अवस्था दयनीय छ । जस्तै अछूत जातका पुरुषहरुको साक्षरता दर १८ प्रतिशत छ भने अछूत जातका महिलाहरुको साक्षरता दर ७ प्रतिशत मात्र छ (नेसाक, १९९८ : १०३) ।

जात, उपजात र जाति, उपजाति बीचको विभाजन र अन्तर्कृया मुलुकको संस्कृतिको एक महत्वपूर्ण पाटो हो । जात विभाजनको मूल पक्ष बैधानिक रुपले असमानतालाई स्थापित गर्नु हो । जातिहरु बीचको विभाजन भने मूलतः फरक क्षेत्रियता, भाषा, संस्कृति आदिमा आधारित हो, यद्यपि खास गरी उपजातीय विभाजनमा अक्सर असमानता पनि रहेको पाइन्छ । सन् १९६२ को मुलुकी ऐनले जनजाति बीचको मानवता विरोधी कानूनी भेदको अन्त्य गरेपनि वास्तविक व्यवहारमा जातजाति बीच राजनीतिक आर्थिक र सांस्कृतिक असमानता अझै व्यापक र गहिरो छ । मानवीय विकासका विभिन्न आयामहरुमा पनि जातजातिहरुबीच ठूलो असमानता छ

। यस्तो असमानताको मात्रा खास गरी तथाकथित “माथिल्लो जात” र दलितहरुको बीच अत्यन्त धेरै छन् (नेसाक, १९९८ : ४) । “नेपालको परिवेशमा भन्नु पर्दा ६० प्रतिशत दलित नितान्त गरीबीको रेखामुनि छन् जमिनको स्वामित्व नगण्य मात्रामा छ । २० लाख कृषि भूमिहीन मध्ये ७५% दलित वर्ग पर्दछन् । दलितको साक्षरता १०.७ % मात्र रहेको छ । त्यसमा पनि दलित महिलाको साक्षरता ३ % मात्र रहेको छ” (टिम कन्सल्ट, १९९९:२५५) ।

Gellner and Declon Quigley ले काठमाण्डौ र ललितपुरमा सहभागितामूलक अवलोकनबाट अध्ययन गरेको आफ्नो पुस्तकमा जयस्थिति मल्लले काठमाण्डौं उपत्यकाका नेवारहरुमा पनि उच्च नेवार र निम्न नेवार अर्थात् श्रमविभाजनको आधारमा नेवारभित्र छुत र अछूत भनी छुट्टाए जसले नेवार जातमा सामाजिक स्थिरता कायम गर्न सक्षम भयो । नेवारी समाजमा हुने विभिन्न कार्यहरु जाति विभाजन अनुसार हुन थाल्यो । सोही नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्न सम्पन्न भयो नेवार समुदायमा एउटै भाषाभित्र पनि पानी चल्ने तर विवाह वारी नहुने र पानी नचल्ने सामाजिक संरचना छ, बाजा बजाउने, कपाल काट्ने, मासु काट्ने कसाई, कुचिकार तल्लो अर्थात अछूत जातको रुपमा रहेको छ भने उच्च जाति अर्थात ब्राह्मणको रुपमा गुभाजू बज्राचार्य रहेका छन । नेवार ब्राह्मण तल्लो नेवारी जातिमा पूजा आजा गर्देनन्, उपजातमा सबैभन्दा बढि विभाजित जात नेवार हो नेवारीहरु हिन्दू, बौद्ध दुवै धर्म मान्दछन् । यिनीहरुमा अन्तरजातीय विवाह भनेको असम्भव र कठोर हुन्छ । तर अधिराज्यका मुख्य व्यापारी केन्द्रमा धेरै थोरै संख्यामा उपस्थित रहेको नेवार समुदाय काठमाण्डौ उपत्याकाभित्र, ललितपुर, भक्तपुरमा आफ्नो अधिपत्य जमाएका वर्ग आर्थिक रुपले सम्पन्न छन् । नेवारभित्र पनि जाति व्यवस्थामा विभाजित भएपनि नेवार दलित पहाडी दलित र तराई दलितको भन्दा आर्थिक तथा समाजिक अवस्था उच्च छ । उदाहरणको लागि खड्गी, जाति कसाई हो । यसको काम मासु काट्ने र विक्री गर्ने हो । कसाई नेवारको तल्लो जाति भएतापनि यसले काटेको मासु

अन्य माथिल्ला जातिका नेवारले खाने गर्दछन् र यिनीहरुको व्यवसाय दिगो र बजारमुखी हुनाले उनीहरु आर्थिक रुपमा सम्पन्न भए । अहिले आएर नेवारको पानी नचल्ने जातका व्यक्तिहरु शैक्षिक रुपमा पनि अगाडि रुपमा महिला आएका छन् उनीहरुले आफ्नो थर खड्गी को सट्टा (खड्का) लेख्न थालेका छन् । जसले पर्वतीय क्षेत्रीको थर जनाउँदछ (David & quigely; 1995) । यसरी जाति व्यवस्थामा समाज, धर्म र संस्कृति अनुसार सामाजिक व्यवस्था फरक फरक हुन्छ । नेवार जाति बौद्ध धर्मबाट प्रभावित छन् । हिन्दू महिलालाई  भन्दा नेवारमा महिलालाई सामाजिक रुपमा उच्च स्थान र बढी स्वतन्त्रता दिइन्छ । अन्य समुदायको तुलनामा दलित महिलाहरु अशिक्षित, वेरोजगार, सुकुम्बासी, गरीब, शोषित, फोहोरी बिरामी जस्ता समस्याले ग्रस्त छन् र दलित महिलाको आत्मसम्मान र स्वाभिमान शताब्दीयौं देखि खोसिएको छ (जनउत्थान, २००१:१०) । देशमा जतिपनि गरीबिको संख्या छ त्यसमा सबैभन्दा बढी दलित वर्ग नै रहेका छन् । दलितमा पनि महिला बढी पीडित छन् । समाज, राष्ट्र हरेक वर्गको समिश्रण हो राष्ट्रको एउटा खम्बा मात्र कमजोर भयो भने पनि सम्पूण देश कमजोर हुन्छ । दलित वर्ग पनि ती खम्बा मध्ये एउटा हो  (झा, २०५६:२३) ।

## २.४ संवैधानिक प्रतिबद्धता र व्यवहारको स्थिति

नेपालमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात् दोश्रो पटक २०६३ वि.सं. मा निर्मित अन्तरीम संविधान भित्र जातीय विभेद विरोधी बुँदाहरु यस प्रकार उल्लेख गरिएका छन् ।

समानताको हक (धारा ११)

१. सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरिने छैन ।

२. सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन ।

३. राज्यले नागरिकहरुका बीच धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्नेछैन ।

४. कुनै पनि व्यक्तिलाई जातिपातिको आधारमा छुवाछूतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोग गर्नबाट बञ्चित गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ (भाग ३, मौलिकहकको धारा ११ उपधारा १ देखि ४) ।

५. विभिन्न धर्म, जात जाति, सम्प्रदाय र भाषा भाषीहरुका बीच स्वस्थ एवम् सुमधुर सामाजिक सम्वन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको विकासद्वारा देशको सांस्कृतिक विविधता कायमै राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्वन गर्नेछ । (भाग ४, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु धारा २६ उपधारा २९) ।

## ३. शोषण विरुद्धको हक

मानिसलाई बेचबिखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छा विरुद्ध काम गराउन निषेध गरिएको छ । त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ । (नेपाल अधिराज्यको अन्तरीम संविधान २०६३, धारा २० उपधारा १) ।

कानूनी रुपमा यसरी वचनबद्धता भएतापनि व्यावहारिक रुपमा ग्रामीण समाजमा प्रयोजनमा आउन सकेको छैन । सार्वजनिक ठाउँहरु (पानी, मन्दीर, पँधेरो, होटल, चिया-पसल, सभा-समारोह आदि) मा समेत अछूत बनाइएका जातिका जनतालाई प्रवेश गर्न नदिने, पानी भर्न नदिने, होटलमा अलग्गै बसेर खाना खानुपर्ने, खाएको भाँडा माझेर ओभानो बनाएर बुझाउनु पर्ने, सभा समारोहमा पनि ठूला जात भनिनेहरुलाई नछोइकन अलग्गै बस्नु पर्ने जस्ता जातीय घृणाका व्यवहारहरु भएको पाइएको छ ।समाजलाई स्थिरता र सामाजिक एकता कायमको लागि निर्मित ऐन कानून र व्यवहारिक प्रयोगमा समस्या रहेका कुराहरु दैनिक जस्तो घटेका घटना हरु जो पत्रिकाहरु मा प्रकाशित भइनै राखेका छन ।

संवैधानिक व्यवस्था र व्यवहारिक स्थितिलाई अध्ययन गर्दा (Lynn, Bennett को Status of Women in Nepal Background Reports, 1984 : 7) मा नेपाली कानून हिन्दू धर्मशास्त्र र रीतिस्थितिबाट प्रभावित हुदैं आएको परिवर्तित रुप हो । अप्रत्यक्ष रुपमा भएपनि नेपाली कानूनमा धर्मशास्त्रको प्रभाव रहेको देखिन्छ । त्यसैले धर्मशास्त्रले मानिसहरुको सामान्य सामाजिक र नैतिक मान्यताहरुको रुप दिने काम गर्दछ । तसर्थ महिला जातजाति बीच कानूनी समानता दिने कानूनहरु व्यावहारिक रुपमा प्रयोगमा आउन कठिन र समय लाग्दछ । “हाम्रो सामाजिक संरचना र व्यवहार अहिले पनि हिन्दू धर्म र ब्राह्मणवादी सोचबाट अभिप्रेरित रहेको छ” (भट्टचन, २०५८ : १८१) ।

देशका विभिन्न विकास योजनामा समानुपातिक ढङ्गले सबै जात जातिलाई समेट्ने ऐन कानूनको निर्माण दलित आयोगको गठन र दलित सशक्तीकरणको लागि छुवाछूत जस्ता कुरीतिलाई हटाउने खालका पाठ्यक्रम बनाउने रणनीति सरकारले

बनाए अनुरुप विभिन्न गैर सरकारी संघ संस्था मार्फत् सहभोज कार्यक्रम, अन्तरजातीय विवाह, सामूहिक मन्दिर प्रवेश कार्यक्रम दलितमा आएको सामाजिक चेतनाको अभ्यास मान्न सकिन्छ ।

## २.५ छुवाछूत र दलित महिलाको अवस्था सम्बन्धि पुर्व अध्ययनको समिक्षा

नेपाली महिलाहरुको सामाजिक, आर्थिक अवस्था जटिल छ, यसलाई एकांकी रुपमा सहजै व्याख्या गर्न सकिदैन । भौगोलिक क्षेत्र, आर्थिक अवस्था, सांस्कृतिक, तथा जातीय विभेदको विविधताले महिलाको पहुँच स्तरमा पनि फरकपना आएको हुन्छ । महिलाको परिवारभित्र निश्चित भूमिका के छ र परिवारको स्थानले सामाजिक संसारमा  महिलाको भूमिकालाई निर्धारण गर्दछ (लुइटेल, २००१: १००) ।

विश्वका महिला पुरुष सरह समानता र सशक्तीकरणका लागि अत्यन्त सक्रिय रुपले अगाडि बढेका छन् । यो क्रममा नेपाली महिला पनि पछाडि परेका छैनन् । सामाजिक शोषण र लैङ्गिक विभेदबाट मुक्त हुन निरन्तर संघर्ष गरेपनि उनीहरुले सफलता पाएका छैनन् । दलित महिलाहरु एकातिर पुरुष प्रधान समाजको दासताबाट मुक्त हुन सकको छैनन्  भने अर्कोतिर कथित उपल्ला जातिका महिलाहरुबाट उपेक्षित हुन पुगेका छन् (सोब, दुर्गा, २०५८ : १७१) ।

दलित महिलालाई सार्वजनिक तथा माथिल्लो जातका मानिसले प्रयोग गर्ने धारामा पानी थाप्न दिइँदैन । उनीहरुलाई मन्दिरमा प्रवेश गर्न तथा धार्मिक क्रियाकलाप गर्न प्रतिबन्ध लगाइन्छ । । माथिल्लो जातिका पुरुष तथा दलित महिलाबीच अर्न्तजातीय विवाह सामाजिक रुपमा पूर्णतया अस्वीकार्य हुन्छ । अछूत भएका कारण दलित महिलाहरुले चिया पसल, होटेल तथा रेष्टुराँ जस्ता नाफा कमाउन सक्ने निश्चित क्षेत्रमा काम पाउन निकै कठिन हुन्छ । प्राय : दलित महिला गर्भ विस्थापन जस्ता स्त्रीरोगबाट पीडित हुन्छन् । उनीहरुलाइ गर्भ नियन्त्रण तथा दुई जन्मबीच समय लम्व्याउने वारेमा थाहा छैन । दलित महिलाले धेरैजसो ठाँउमा

सजिलो सित सफा पानी पाउन सक्दैनन् र उनीहरुलाई प्रदूषित पानी पिउन वाध्य पारिन्छ। यसरी उनीहरु पेटसम्बन्धी अनेकौं रोगबाट पीडित हुन्छन्। यसको नतिजाको रुपमा उनीहरुको मृत्यु तथा प्रजननदर निकै उच्च छ (मानव अधिकार आयोग, २०६० : १०८) । सामाजिक तथा साँस्कृतिक अधिकारको पहुँचबाट बन्चित हुनुमा दलित महिलालाई छुवाछूतको माध्यमबाट सामाजिक बहिष्कार गर्नु दलित विद्यार्थीप्रति शिक्षकले लापर्वाही गर्नु, केही विद्यालयमा निःशुल्क खाना उपलब्ध गराइएपनि माथिल्ला जातका विद्यार्थी तथा कर्मचारी दलित वालवालिकासँग खानपिन गर्न चाहँदैनन् । माथिल्लो जातका समुदायले दलित शिक्षकलाई स्वीकार नगर्दा रोजगारीमा पहुँच पुग्न सकेको छैन ।

लैङ्गिक समानताको विषयमा विश्वव्यापी रुपमा सामूहिक चासोको विषय रहेको छ । नेपालको सन्दर्भमा पनि पितृसत्ताको बाहुल्यता बाट सवै जातिका महिलाको आरक्षित सिटमा पनि दलित महिला पुग्न सकेका छैनन् (तामाङ्ग, २०६१ : वैशाख १४, कान्तिपुर) । सामान्यतया दलित नेपालका सवैभन्दा गरिब समुदाय हुन । उनीहरु प्राय : गाउँका जमिन्दारका ऋणि छन् । भूमिहीनताको विषयमा पहाडी दलितको भन्दा तराइका दलितको विषय निकै गम्भिर छ (दाहाल, २००२) । एक अध्ययनमा मुलुकको कृषियोग्य भूमिको एक प्रतिशत  पनि दलितले ओगट्दैनन्  भन्ने निष्कर्ष निकालिएको छ (जनउत्थान, २००१) । दलित महिलाहरु वर्गीय, जातीय र लैङ्गिक गरी ३ प्रकारले उत्पीडनका शिकार भएका छन हिन्दू धर्मअनुसार अन्तरजातीय विहेवारी वर्जित भएकोले गर्दा दलित महिलाहरु यस्तो चलनको शिकार छन । माथिल्ला जातका पुरुषहरुले दलित महिलालाई फसाउँने पछि जातीय आधार बनाएर धोका दिदै आएका छन । दलित महिलाहरुले कृषि कार्य लगायतका अन्य मजदुरीको मुख्य हिस्सा ओगट्दै आएका छन् (विश्वकर्मा, २००२;१९६) ।

राजकाज तथा राजनीतिक दल दुवैमा प्रमुख स्थान माथिल्लो जातका मानिसले ओगटेका छन् । जनजातिलाई जस्तै दलितलाई सरकारी निकायमा दलितलाई महिलालाई जस्तो कोटा पनि छुट्टाइएको छैन । राजनीतिक दलले दलितलाई आफ्ना उद्देश्यका लागि अनुचित फाइदा लिने गरेका छन् । निर्वाचनको समयमा दलित भोट बैक मात्र बनेका छन् । "एउटै देशमा बस्ने भएर पनि दोस्रो दर्जाको नागरिक सरह यिनीहरुलाई व्यवहार गरिन्छ । त्यसैले दलित महिलाहरुको लागि महिलाभित्र पनि छुट्टै आरक्षणको व्यवस्था गरिनुपर्ने आवश्यकता छ (सोब, २०५८ : १७३) ।

परार्वकालदेखि दलितले कामी, दमाई सार्की तथा पोडेको काम गरेका छन् । यी पेशा फोहोरी ठानिएकाले जतिसुकै राम्रो सेवा गरेपनि दलितलाई उनीहरुले गरेको कामका लागि सम्मान गरिदैंन थियो । बहुसंख्यक दलित गरिब तथा निरक्षर भएकाले उनीहरु माथिल्लो जातको घरमा वा गाउँका जमिन्दरकहाँ काम गर्न बाध्य हुन्थे र प्रायः गरी उनीहरु थोरै ज्यालामा काम गर्थे वा ज्याला पाउँदैनथे । दलित नोकरका वालवालिकालाई गोठाला वा उनीहरुको बाबु-आमाको सहयोगीको रुपमा वा भान्सामा काम गर्नेको रुपमा राखिन्थ्यो । यसको बदलामा उनीहरु न्यूनतम खाना तथा लुगा पाउँथे । दलितलाई माथिल्लो जातका मानिसको खेत जोत्न पनि लगाइन्थ्यो । उनीहरु ब्राह्मणले हलो जोत्नु हुदैन भन्ने धारणालाई कायम राख्थे । दलितले अरुका लागि कडा मेहनत गरेपनि वा उनीहरुको भलाईका लागि योगदान दिएपनि उनीहरु स्वयम् भने निरन्तर भोका तथा गरिब रहेका छन् (नेपाल मानवअधिकार आयोग, २०६०, १०७) ।

उपरोक्त अध्ययनहरुले सामाजिक व्यवस्थाको संरचनामा महिलाहरु पुरुष प्रधान सामाजिक संरचनाबाट दविएका छन् र हरेक सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रबाट पहुँचविहीन भएका छन् भन्ने उल्लेख गरिएको छ, तर जाति व्यवस्थामा आधारित हाम्रो समाजमा उच्च जातका महिला भन्दा तल्ला जातिका महिलाको स्तरमा झन ठूलो असमानता देखिएको छ । दलित महिला दलित भएर छुवाछूतको दुर्व्यवहारबाट अपमानित र हरेक क्षेत्रबाट पहुँच विहिन अवस्थामा रहेका छन् भन्ने वास्तविकता

देखाइएको छ । उपल्लो जात र धनाढ्य परिवारका महिलाहरुको राजनैतिक शक्ति, अर्थतन्त्र तथा अन्य सामाजिक उन्मुक्तिको पहुँचमा ग्रामीण क्षेत्रका महिलाको भन्दा वढी छ । वर्गीय विभाजन बमोजिम धनी महिलाहरु भन्दा ग्रामीण गरिब महिलाहरु बढी अधीनस्थ र दविएका छन् । तसर्थ लैङ्गिक भूमिकाको अध्ययन गर्दा सामाजिक, सांस्कृतिक संरचना अनुसार वर्गीय, जातिगत अवस्थाको विश्लेषण गर्नुपर्ने देखिन्छ । समाजमा विद्यमान वर्गीय स्तरीकरण अनुसार धेरैजसो महिला र पुरुषको सम्बन्ध गाँसिएको हुन्छ । लैङ्गिक भूमिका समाज र संस्कृति अनुसार फरक फरक पाइन्छ । तसर्थ जात जाति भित्र आफ्नो समुदायभित्र महिलाको स्थान उच्च वा निम्न हुन सक्दछ । यस्ता विषयमा व्यवहारिक लैङ्गीक अध्ययनको खाँचो तड्कारो रुपमा देखिएको छ । जसलाई पुरा गर्ने प्रयास स्वरुप यहाँ पहल गरिएको छ । छुवाछूतबाट दलित महिलाको सामाजिक, आर्थिक अवस्थामा परेको असरले दमाई महिला पिछडिएका छन् तर समाजमा निम्न वा गरिब परिवारमा महिला-पुरुषको लैङ्गिक भूमिकाको अध्ययन विशेष गरी परिवारमा निर्णय प्रकृयामा लैङ्गिक सहभागिता कस्तो छ ? भन्नेबारे खोजी गर्न यो शोधकार्य अगाडि बढाइएको छ ।

# अध्याय - तीन
# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्रको छनौट

यस अध्ययननको क्षेत्र दाङ जिल्लाको काभ्रे गा.वि.स. लाई छानिएको छ । यस गा.वि.स. को वडा नं. ४, ८ र ९ मा दमाई जातिको बस्ती भएकोले यीनै वडाहरुमा अध्ययनलाई सीमित गरिएको छ । यस गा.वि.स.लाई नै अध्ययन क्षेत्र छनौट गर्नुका कारण निम्नानुसार छन् ।

क) शोधकर्ता यस गा.वि.स. मा स्थायी बसोबास गर्ने भएकोले प्रत्यक्ष अवलोकन विधिद्वारा तथ्याङ्क संकलन गर्न सजिलो हुनाले ।

ख) घोराहीदेखि दूइ घण्टामा पुग्न सकिने यातायातको सुविधा भएता पनि त्यस गाउँको बारेमा कुनै अध्ययन अनुसन्धान हुन नसक्नु त्यसमा पनि वाहुन, क्षेत्री, कामी, सार्की, दमाईको बस्ती भएको यस गाउँमा दमाई जातिका महिलाहरुको सामाजिक आर्थिक अवस्था आंकलन गर्नु ।

## ३.२ अनुसन्धानको ढांचा

अनुसन्धान गर्दा अन्वेषणात्मक तथा वर्णनात्मक दुवै खाले ढाँचाको प्रयोग गरिएको छ । अध्ययन क्षेत्रको बारे गुणात्मक तथ्यहरुको संकलनमा वर्णात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । विशेषगरी दमाई जातिका महिलाहरुको सामाजिक, आर्थिक अवस्थाको सम्बन्धमा निष्पक्ष रुपमा सम्बन्धित तथ्यहरु संकलन गरी अन्वेषणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

## ३.३ नमूना छनोट

वि. सं. २०६६ सालमा गा.वि.स. ले लिएको घर परिवार सर्वेक्षणको रिर्पोट अनुसार यस गा.वि.स. मा ९६ दमाई घरधुरी पाईयो । यस गा.वि.स. मा बसोबास गर्ने दमाई जातिको समुदायभित्र समान प्रकृतिको सामाजिक रहनसहन र समान आर्थिक अवस्थामा रहेको वास्तविकतालाई मध्यनजर राखेर यस अध्ययनको नमुना छनोट गर्दा सर्म्पूण मध्ये ३३.३३% अर्थात्  ३२ घरधुरीलाई लिइएको थियो । जनसंख्याको वितरण अनुसार वाड नं. ४ बाट १५, वाड नं ८ बाट १२ र वाड नं ९ बाट ५, घर परिवारलाई छनोट गरिएको थियो । नमुना छनोटका विधिहरु मध्येबाट Random Sampling विधि नै पक्षपातरहित भएकाले ९६ घरधुरीका महिला परिवार प्रमुखको नाम लेखेर प्रत्येक  वडाको छुटाछुट्टै समूह बनाई गोलाप्रथा अर्थात चिठ्ठा विधि (Lottery Method)  द्वारा वाड नं. ४ बाट १५, वाड नं ८ बाट १२ र वाड नं. ९ बाट ५ गरी ३२ महिलाहरुलाई  नमुनाका रुपमा छनोट गरी समावेश गरिएको थियो ।

## ३.४ तथ्याङ्कको प्रकृति र श्रोत

यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै खाले स्रोतहरुबाट तथ्यांक तथा सूचनाहरु लिइएको छ । प्रारम्भमा काभ्रे गा.वि.स. को कार्यालयबाट सबै वार्डहरुको विभिन्न जातिहरुको जनसंख्याको स्थिति र उनीहरुको कुल जनसंख्याको आंकडा द्वितीय स्रोतका सूचनाहरुबाट संकलन गरिएको छ भने दमाई महिलाहरुले सामाजिक अवस्था बुझ्न र त्यसमा छुवाछूतले पारेको प्रभाव र असर उनीहरुको परिवार, छरछिमेकसँगको सम्बन्ध, तथा स्वयं लक्षित व्यक्तिहरु सामाजिक अगुवा तथा विभिन्न बुद्धिजीवीहरुसँग प्रत्यक्ष अन्तरक्रिया गरी प्राथमिक दर्जाका सूचनाहरु संकलन गरिएको छ । त्यस्तै द्वितीय स्रोतमा विभिन्न पुस्तक पत्रपत्रिकामा यस अघि भएका खोज अनुसन्धान तथा विभिन्न पत्रपत्रिकाबाट आवश्यक र उपयोगी तथ्यांकहरु, लेख रचनाबाट लिइएको छ ।

क)	प्राथमिक स्रोतबाट लिइएका तथ्याङ्कहरु : प्राथमिक श्रोतबाट लिइएका तथ्याङ्कहरुमा अवलोकन, अन्तवार्ता सूचीद्वारा संकलन गरिएको थियो ।

ख) द्वितीय स्रोतबाट प्राप्त भएका तथ्याङ्कहरुमा विभिन्न पुस्तक पत्रपत्रिकामा यस अघि भएका खोज अनुसन्धान तथा विभिन्न पत्रपत्रिकाबाट आवश्यक र उपयोगी तथ्याङ्कहरु, लेख रचनाबाट लिईएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

यस शोधको क्रममा प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्कहरु संकलन गर्न निम्न प्रविधिहरु प्रयोग गरीएका छन् जसलाई क्रमबद्ध रुपमा तल वर्णन गरिएको छ ।

### ३.५.१. अवलोकन

काभ्रे गा.वि.स. का. दमाई महिलाको सामाजिक, आर्थिक गतिविधिहरुका बारेमा अनुभव गरी प्रत्यक्ष रुपमा उनीहरुको जीवन पद्धति बुझ्नका लागि यो पद्धति अपनाईएको थियो । यस क्रममा दमाई जातिको घरको संरचना, बसोबासको स्थिति (Social Setting) सामाजिक क्षेत्रमा उनीहरुको भूमिका, परिवार भित्र निर्णय प्रकृयामा सहभागिता कस्तो छ ? भूमिको विवरण, घरको प्रकृति कस्तो छ ? त्यसमा छुवाछूतले पारेको प्रभावको वारेमा ठोस तथ्य कुरा पत्ता लगाउने प्रयत्न गरिएको छ । यस क्रममा उत्तरदाताहरुसँग अध्ययनमा समेटिएका दमाई परिवारमा महिलाहरुको स्थान कस्तो छ । दमाई समुदायभित्र लैङ्गिक सहभागिताको अवस्था कस्तो छ ? उनीहरुलाई अन्य जातिले हेर्ने दृष्टिकोण र माथिल्ला जातिलाई दमाई महिलाले हेर्ने दृष्टिकोण विश्लेषण गर्ने र उनीहरुबीचको सामाजिक, आर्थिक र सांस्कृतिक अन्तरक्रियाको अवलोकन गरिएको थियो ।

### ३.५.२. अन्तर्वाता सूची

अन्तवार्ता सूचीको सहायताद्वारा नमुना छनोटमा परेका परिवारका महिला प्रमुखहरुसँग र सो नभएमा अविवाहित तर वालिग महिलाहरुसँग प्रश्न शोधी उत्तर संकलन गरिएको थियो । दमाई महिलाहरुको समग्र समाजिक पक्ष, आर्थिक अवस्था तथा घरभित्र र बाहिरको कार्यलाई विभाजन गरी त्यसमाथि हुने निर्णय प्रक्रियामा महिलाको सहभागिता, छुवाछूत हुने स्थान छुवाछूतबाट हुने असरका बारेमा विस्तृत

अनुभावनात्मक विवरण संकलन गर्न खुल्ला र बन्द प्रकृतिको प्रश्न समावेश गरी तयार पारिएको अनुसूची मार्फत अन्तवार्ता लिइएको छ । सरोकार व्यक्तिहरुको सामाजिक, आर्थिक पक्ष र त्यसमा छुवाछूतले पारेको प्रभावहरुको बारेमा पहिचान गर्न सघाउ पुऱ्याउन निर्माण गरिएको उक्त अनुसूचीमा पारिवारिक अन्तरक्रियात्मक अवस्था, विवाहको अवस्था, शिक्षा तथा आर्थिक क्रियाकलाप, घरेलु कामको विभाजन, दलित र गैह्र दलित बीचको सम्बन्ध, राजनीतिमा दलित महिलाहरुको सहभागिताको बारेमा अनुभूतिजन्य अभिमत संकलन गरिएको छ । अन्तरवार्ताको क्रममा उत्तरदाताहरुको वनावटी जवाफ र असत्य कुरा बोलेमा छड्के परीक्षणमा पत्ता लागोस भन्ने उद्देश्यले प्रश्नहरुको श्रृङ्खलाबद्ध सूची उनीहरुलाई नदेखाइकन प्रसङ्ग अनुसारको वयानमा छनौट जवाफका आधारमा तथ्यहरु टिपोट गर्ने र प्रसंङ्गभन्दा बाहिरका कुरालाई उनीहरुसंगै प्रसंङ्गमा जोडेर त्यसमा कसले निर्णय गर्दछ, किन ? भन्दै विषयवस्तुलाई कोट्टयाउँदै तथ्याङ्क संकलन गरिएको छ । जिज्ञासाहरु राख्ने क्रममा छड्के प्रश्न तथा प्रमाण पुष्टि गराउन पूरक प्रश्न पनि सामेल गरिएको छ भने उनीहरुले व्यक्त गरेको उत्तरप्रति उत्तरदाताहरुको सही जवाफ हो वा होइन भन्ने कुरा जाँच्न प्रत्येक कुराकानीको क्रममा उनीहरुको शारीरिक हाउभाउको मनोवैज्ञानिक अवलोकन गर्दै अनुसूचीमा सांकेतिक चिनो राखेर उनीहरुको प्रस्तुतिलाई निर्वाध प्रवाह हुने अवसर दिएर तथ्य खोजिएको छ ।

### ३.५.३. केन्द्रित समूहसँगको छलफल

केन्द्रित समूह खास गरी दमाई जातिहरुका महिलाहरु नै भएकोले उनीहरुका समस्याहरुलाई उनीहरुले  कसरी बुझेका छन्, सामाजिक घटनाहरुका वारेमा अधययन गर्दा अन्तवार्ता, अनुसूची, अवलोकन तरिकाहरुबाट सूचना तथा तथ्याङ्कहरु लिए पनि उत्तरदाताहरु सम्मिलित गराएर उनीहरुको आपसी अन्तरक्रिया, अध्ययनबाट निचोडको रुपमा आएको तथ्य बढी भरपर्दो तथा विश्वासनीय र गुणस्तरीय हुने भएकोले समूहमा वहस गर्न सकिने प्रश्नहरुमा केन्द्रित रहेर एक सामूहिक छलफल गरी तथ्यांङ्क संकलन गरिएको थियो, सरोकार पक्षको वैयक्तिक अध्ययनसँग अन्तरक्रिया गरीसकेपछि

सामाजिक क्षेत्रका अनुभवी तथा सामाजिक अगुवा व्यक्तिहरुलाई भेला गरी काभ्रे गा.वि.स. को वार्ड नं. ८ कमिरेचौर स्थित “गा.वि.स. को कार्यालय भवनमा” केन्द्रित समुहसँगको छलफल गरिएको थियो । उक्त छलफल कार्यक्रममा दलित महिलाहरु, दलित पुरुषहरु, महिला नेतृहरु मानव अधिकारवादी, सामाजिक अगुवा महिला कार्यकर्ताहरु तथा शिक्षकहरुको सहभागिता रहेको थियो। ती विषयमा एक सामूहिक छलफल गरी तथ्याङ्क संकलन गरिएको थियो । ती संकलित तथ्यहरुको प्रस्तुति यस शोध-पत्रको तथ्यहरुको विश्लेषण खण्डमा प्रासांङ्गिक स्थानमा प्रस्तुत गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

अध्ययन अनुसन्धानको सफलता नै तथ्याङ्कहरुको समुचित विश्लेषण तथा प्रस्तुतीकरणमा भर पर्ने हुँदा यस शोधमा दमाई जातिका महिलाहरुको सामाजिक आर्थिक अध्ययनका लागि संकलित तथ्याङ्कको प्रकृतिको (गुणात्मक र संख्यात्मक) आधारमा विश्लेषण तथा वर्गीकरण गर्दा संख्यात्मक तथ्यांकलाई योगहरु निकाली गल्ती हटाउनका लागि आवश्यक उपयुक्त तालिकाहरु बनाई तथ्यांक विश्लेषण गरिएको छ । त्यस्तै गुणात्मक तथ्यहरुको प्रस्तुति विश्लेषणात्मक रुपमा प्रस्तुत गरिएको छ भने पाठकहरुको जानकारीको लागि अध्ययन क्षेत्रको भौगोलिक नक्सा पनि दिइएको छ ।

## ३.७ अध्ययनको सांगठनिक व्यवस्था

यस शोधपत्रलाई नौ खण्डमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको सामान्य परिचय लाई समावेश गरिएको छ । यसभित्र अध्ययनको पृष्ठभूमि शोधपत्रमा समेटिएका समस्याहरु, अध्ययनको महत्व र औचित्य लाई सामेल गरिएको छ यस्तैगरी ‘दोस्रो’ अध्यायमा पूर्व अध्ययनको सन्दर्भ अन्तर्गत नेपालमा महिलाको अवस्था, दलित र महिला र छुवाछूत र महिलाको अवस्था को विषयमा गरिएको खोजग्रन्थहरु अध्ययन गरी उपयुक्त विषयवस्तुलाईं संलग्न गरिएको छ । ‘तेस्रो’ अध्यायमा अध्ययनमा अपनाइएका शोध विधि तथा प्रक्रियाहरुलाई समेटिएको छ । यस

अन्तर्गत अध्ययनको क्षेत्र अध्ययनको विधि तथा नमूनाको आकार र तथ्याङ्कका स्रोतहरुलाई उल्लेख गरिएको छ ।

अध्याय 'चार' मा अध्ययन क्षेत्रको भौगोलिक, आर्थिक, सामाजिक विवरणहरु प्रस्तुत गरिएको छ । अध्याय पाँचदेखि नौंसम्म अनुसन्धानका तथ्याङ्कहरुलाई विश्लेषण गर्ने जमर्को गरिएको छ । अध्याय पाँचमा दमाई जातिको जन्मदेँखि मृत्युसम्मका संस्कारहरु र त्यसमा महिलाहरुको भूमिकाको विषयमा चर्चा गरिएको छ । अध्ययन 'छ' मा सामाजिक अवस्थाका विषयमा उल्लेख गरिएको छ । जसमा शिक्षा स्वास्थ्य, रहनसहन, परिवार, राजनीती तथा निर्णय प्रक्रियामा महिलाहरुको सहभागिताको विषयमा उल्लेख गरिएको छ । अध्याय सातमा आर्थिक अवस्था अन्तर्गत दमाई महिलाहरुले अपनाएको पेशाहरु जस्तै कृषि तथा पशुधन, सम्पत्तिमा महिलाहरुको अधिकार तथा महिलाहरु क्रियाशील रहने समयका बारेमा अध्ययन गरी विश्लेषण गरिएको छ ।

अध्याय 'आठ' मा सामाजिक आर्थिक अवस्थमा छुवाछूतले पारेको प्रभावको बारेमा उल्लेख गरिएको छ भने अध्याय 'नौ' मा अनुसन्धानको सारांश, निष्कर्ष र सुझावलाई समेटिएको छ । अन्तमा अध्ययन गर्दा प्रयोग भएका सन्दर्भ सामग्रीहरु र शोधको लागि प्रयोग गरिएको प्रश्नावली प्रस्तुत गरिएको छ ।

## ३.८ अध्ययनको सीमा


यस शोधको कार्यक्षेत्र काभ्रे गा.वि.स. को वाड नं. ४, ८ र ९ लाई मात्र बनाई सीमित क्षेत्रमा खोज गरी दमाई महिलाहरुको सामाजिक आर्थिक अवस्थाको अध्ययन गरीने भएकोले यसले समग्र देश भरिकै दलित महिलाहरुको प्रतिनिधित्व नगर्न सक्छ । फरक भौगोलिक एवं वाह्य सामाजिक आर्थिक परिवेशका कारण यस अध्ययनबाट निस्कने निष्कर्षहरुले देशभरिका दमाई महिलाहरुसँग ठ्याक्कै मेल नखाएपनि पहाडी क्षेत्रमा बसोबास गरेका दमाई महिलाहरुसँग भने यस अध्ययनबाट प्राप्त तथ्यहरुले सीमित रुपमा भए पनि सहयोग पुऱ्याउन सक्छ ।

### ३.९ अध्ययनको अवधारणागत खाका

यस अध्ययनमा दुईवटा अवधारणागत खाका तयार गरिएको छ । खाका न. १ मा समग्र समाजमा दलित महिलाहरुको सामाजिक आर्थिक पक्षहरुमा छुवाछूतले पारेको प्रभावलाई विश्लेषण गरिएको छ भने खाका नं. २ मा दलित महिलाहरुको आफ्नो समुदायभित्र सामाजिक र आर्थिक अवस्थालाई विश्लेषण गरिएको छ ।

अवधारणागत खाका नं. १


**समग्र समाजभित्र दलित महिलाहरुको सामाजिक एवं आर्थिक अवस्था**




यस अवधारणागत खाका नं. १ ले के स्पष्ट गर्दछ भने, समग्र समाजमा जाति व्यवस्था भित्र रहेका विद्यमान विभेदका प्रचलन तथा व्यवहारले कुनैपनि जात वा जातिको सामाजिक/सांस्कृतिक र आर्थिक पक्षमा असर पारेको हुन्छ । काभ्रे गा.वि.स. का दलित महिलाहरुको सामाजिक एवं आर्थिक पक्षहरुमा त्यस समाजभित्र रहेका प्रचलित छुवाछूतको भावना वा प्रचलनले गर्दा उनीहरु आर्थिक एवं सामाजिक पक्षमा

असर पारेको छ । जसको परिणाम स्वरुप त्यहाँका महिलाहरुको सामूदायीक क्रियाकलापमा कम सहभागिता, निर्णय प्रक्रियाको सहभागितामा शून्यता, आर्थिक अभाव, रोजगारीमा कम पहुँच, राजनैतिक सहभागिता कमी, साँस्कृतिक सहभागितामा वन्देज भएको पाइन्छ । जसले गर्दा ती महिलाहरुको अवस्था अन्य महिलाको भन्दा निम्न अवस्थाको देखिन्छ ।

**अवधारणगत खाका नं. २**




खाका नं. २ ले के स्पष्ट गर्दछ भने दलित समुदायभित्र महिलाहरु एकै किसिमका आर्थिक गतिविधि (हलो जोत्ने कार्य बाहेक) पुरुष सरह नै समान सहभागिता रहेको पाइन्छ । त्यसैगरी यस समुदायमा विद्यवा विवाह र पुनर्विवाहहरु अन्य उच्च जातिमा भन्दा बढी मात्रामा प्रचलित रहेको पाइन्छ । त्यसैगरी यस समूदायमा जातीय शुद्धता सम्बन्धी धारणामा कट्टरतापनको अभाव, जन्मदेखि मृत्युसम्मका संस्कारमा

महिलाहरुको उच्च मूल्याङ्कन हुने गर्दछ । जसको परिणाम स्वरुपमा दलित समूदाय भित्र महिलाहरु पुरुष सरह नै आर्थिक गतिविधिमा  समान रुपमा सहभागि हुने, घरेलु एवं सामुदायीक निर्णय प्रक्रियामा उच्च सहभागिता, घर वाहिर घुमफिर गर्नमा बढी स्वतन्त्रता र सामाजिक गतिविधिमा पनि स्वतन्त्र भएको देखिन्छ । यसरी हेर्दा दलित समुदाय भित्र महिलाहरुको लैङ्गिक भूमिकामा महत्वपूर्ण स्थान रहेको देखिन्छ ।

# अध्याय- चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ भौगोलिक स्थिति

### ४.१.१ परिचय

काभ्रे गा.बि.स. राप्ती अंचल अन्तर्गत दाङ जिल्लाको निर्वाचन क्षेत्र न. २ को उत्तरी भेगमा पर्दछ । काभ्रे गा.वि.स.पुरानो घोराही प्युठान मोटरबाटोको २० कि.मि.उत्तरमा अवस्थित रहेको छ । काभ्रे गा.वि.स. ८२.६३६° पुर्वी देशान्तर र २८.०१९° उत्तरी अकक्षांश रेखामा रहेको छ। यस गा.वि.स. समुद्री सतह देखि ७५० मि. देखि २५०० मि. उचाईमा रहेको छ। वनजङ्गल, खोला, खहरे तथा खेतवारी, बाटो, बस्ती सबै मिलाएर यस गा.वि.स. को कुल क्षेत्रफल ५७.१७ बर्ग कि.मि.रहेको छ । यस गा.बि.सको कुल जनसंख्या ५५४२ रहेको छ। यो गा.वि.स ९ वटा वडाहरुमा विभाजित छ र यस गा.वि.स. को महत्वपूर्ण व्यापारिक केन्द्रका रुपमा कमिरेचौर लाइ मान्न सकिन्छ। यही बजार हुँदै घोराही प्युठान मोटरबाटोले यस गा.वि.स. को वडा नं. १ र २ लाई छोएर गएको छ। जसले गा.वि.स. भित्र करिब ७ कि.मि. को दूरी ओगटेको छ।

### ४.१.२ सिमाना

काभ्रे गा.वि.स. को प्राकृतिक सिमानामा खोला र पहाडलाई लिन सकिन्छ। पुर्ब मा टोडकेलेख पश्चिम तर्फ लसुनेभिर उत्तरमा रुप्लाखोला दक्षिण मा अर्जुनखोला, बीचमा काभ्रे गा.वि.स. पर्दछ।

### ४.१.३ प्राकृतिक सम्पदा

महिलाहरुसँग प्रत्यक्ष सरोकार भएका प्राकृतिक सम्पदाहरुमा वन, वनस्पति, खोलानाला, पानीको मूल आदि हुन् । वडा नं.४ का दमाई समुदायले “ल्वाँगे भत्कुले को वन” बाट आफू र आफ्नो परिवारलाई आवश्यक पर्ने वनजन्य आवश्यकताहरु जस्तो दाउरा, घाँस, सोत्तर तथा काठहरु उपभोग गर्दछन् । वडा नं. ८र ९ मा रहेका दमै बस्तीहरु प्राय एकै क्षेत्रमा रहेकाले यी दुवै वडाका दमाई समुदायहरुले “ बसेरी सामुदायीक वन” बाट आफ्ना वन जन्य आवश्यकताहरु पूर्ति गर्दछन् । यस्ता वनहरु सामुदायीक वन भएकोले घाँस, सोत्तर र दाउराहरु नियमित रुपमा निश्चित अवधिका लागि खुल्ने गर्दछन् । दमाई महिलाहरुले पनि अरु जातिकै अनुपातमा वन सम्पदाको उपयोग गर्दछन भने यस्ता कार्यहरुमा अरु समुदायको भन्दा दमाई समुदायका महिलाहरुको बढी सक्रियता र सहभागिता रहन्छ । उनीहरुले आफूहरुको आवश्यकताको परिपूर्तिको साथै बढी संकलन गरी काठ, दाउरा बिक्री विवरण गरी आर्थिक लाभ पनि लिने गर्दछन । घाँस, सोत्तर र दाउराको आवश्यकता पूरा गर्ने कार्य प्राय महिलाहरुको भएकाले पनि बस्ती नजिक वनको सुविधा हुनु र नहुनुले महिलाहरु प्रभावित हुन्छन् । यस दृष्टिकोणवाट हेर्दा यहाँका दमाई महिलाहरुलाई आंशिक सुविधा प्राप्त भएको देखिन्छ ।

त्यसै गरी यहाँका दमाई महिलाहरु प्रभावित हुने अर्को प्राकृतिक सम्पदामा जल सम्पदा हो । काभ्रे गा.वि.स.को दलित बस्तीका विद्यमान जलसम्पदाहरुमा खानेपानीका लागि प्रयोग हुने प्राकृतिक मूल, कुवा, जरुवा आदि हुन् । दलितमा पनि दमाई हुनाले उनीहरुका लागि छुट्टा-छुट्टै कुवा पँधेरो बनाइएका छन् । आधुनिक धाराको सुविधा छैन । तर अहिले कतिपय दलित बस्तीमा परियोजनाका धाराहरु जडान गरीएका छन् । तर यस अध्ययन क्षेत्रमा त्यो सुविधा पर्याप्त छैन । त्यसैले यहाँका दलित महिलाहरु, ढुङ्गेधारा, जरुवा, कुवा र खोलावाट खानेपानीको पूर्ति गर्दछन् । त्यस्तै अर्को जलसम्पदाको स्रोत भनेको खोलाहरु नै हुन्, खोलाहरुवाट प्राप्त हुने पानीवाट

खेतीमा पानी पटाउनेका अलावा लुगाफाटा सफा गर्ने, नुहाई - धुवाई गर्ने र पिउनको लागि खोलाको पानी प्रयोग गरीन्छ । खासगरी यस्ता कार्यहरु महिलाहरुले बढी गर्दछन ।

### ४.१.४ सामाजिक, आर्थिक स्थिति

### क) जनसंख्या

२०६६ सालमा काभ्रे गा.वि.स.ले गरेको घरधुरी सर्भेक्षणबाट यहाँको जनसंख्या ५५४२ रहेको छ । जसमध्ये पुरुष २४९८ जना (४४.९२%) र महिला ३०५३ जना (५५.०८%) रहेका छन् । गा.वि.स. भरिमा ९५० परिवार संख्या रहेका छन्  र प्रति परिवार जनसंख्या ५.८३% रहेको छ । काभ्रे गा.वि.स.मा जम्मा ४८० जना दमाई जातिको जनसंख्या रहेको पाइन्छ । संख्याको हिसावले यो क्रम चौथो मा पर्दछ । यस गाँउमा दमाई जातिहरुको ९६ घरधुरी रहेको छ । वास्तवमा दलितहरुको बस्ती गाँउ भरि छरिएर रहेको भएता पनि यस गा.वि.स.को वाड नं. ४, ८ र ९ मा दमाई समुदाय रहेका छन् र सबैभन्दा बढी वाहुन, क्षेत्री र मगर भएको समाज भएको यस गा.वि.स.का दलित समुदायहरु अन्य जातिसँग पनि राम्रो सम्बन्ध राख्दछन् ।

### ख) जातजाति

काभ्रे गा.वि.स. जातीय विविधता भएको गाँउ मानिन्छ । यस गा.वि.स.मा वाहुन, क्षेत्री, दमाई, कामी,  मगर,  सार्की धेरथोर मात्रामा बसोवास गर्दछन । गाँउको अधिकांश सुगम समथर र उत्पादनशील क्षेत्रमा अन्य जाति छन् भने साँगुरो, पाखा र उत्पादन कमी हुने स्थानमा दलित बस्ती रहेको छ । जातीय विविधता भएको यस गा.वि.स मा जातिगत जनसंख्या निम्न वमोजिम रहेको छ ।

**तालिका नं. १:**

**काभ्रे गा.वि.स.को जनसंख्याको विवरण**

| वाहुन | क्षेत्री | सन्यासि | दर्जी | वि.क. | मगर | सार्की | अन्य |
|---|---|---|---|---|---|---|---|
| 882 | 1989 | 117 | 480 | 240 | 1600 | 149 | 8 |

स्रोत : जि.वि.स. प्रतिवेदन, दाङ, ।

**ग) रहनसहन**

काभ्रे गा.वि.स.मा अरु जातजातिका मानिसहरु लगायत दमाईहरु पनि बसोवास गर्दछन । यहाँ विभिन्न किसिमका रहन सहन भएको पाइन्छ । खानेकुराहरुमा जातिगत भन्दा पनि आर्थिक स्तर अनुसार फरक भएको पाइन्छ । खानेकुराहरुमा दालभात, तरकारी, ढिडो, रोटी मकैको भात, दही, दूध, घ्यू, फलफुल आदि खानेकुराहरु पर्दछन् । त्यसमध्ये दलित जातिहरुले आफ्नो आर्थिक हैसियत अनुसार यीनै खानेकुराहरु खान्छन् । तर दमाई समुदायहरुको लागि आफै उत्पादन गरेर यस्ता खानेकुराहरु खान पाउनु कल्पना मात्र हुन्छ । किनकि उनीहरु मिठो खाना खान विष्टको घरमा काम गर्न जानुपर्दछ । आफ्नो घरमा उत्पादन हुँदैन, तर परिश्रमी हुन्छन् । राम्रो खाएमा मात्र काम गर्न सकिन्छ भन्ने मान्यतामा रहेका दलित जातिहरु आर्थिक संकलन गर्नु भन्दा खानामा बढी खर्च गर्दछन् । यीनीहरु भैंसी, राँगा, कखुरा, वंगुरको मासु बढी खाने गर्दछन् । जाँड, रक्सी पिउन उनीहरुले प्राथमिकता दिने गर्दछन । उनीहरुको भनाईमा रक्सी जातले दिएको भनी महिला-पुरुष सँगै बसेर खाने गर्दछन् । आर्थिक स्तरले लवाइ खुवाइमा प्रत्यक्ष प्रभाव पर्ने हुँदा दमाई समाज आर्थिक रुपले पिछडिएको भएर होला, उनीहरु सामान्य एक सरो लुगा लगाउने गर्दछन । गरगहना र लुगाफाटाको प्रकारमा कमी रहन जान्छ । हिन्दू धर्मावलम्बी दमाई समुदायहरुको मुख्य भाषा नेपाली नै हो । सबै हिन्दू धर्म मान्नेहरु प्रायः दशै, तिहार, माघे सक्रान्ति, रामनवमी, कृष्ण

जन्माष्टमी, साउने सक्रान्ति, शिवरात्री, फागु पूर्णिमा, चैतेदशै, आसार १५, तीज, जनै पूर्णिमा आदि मनाउँदछन् । यस गा.वि.स.मा वस्ने जातजातिहरु मध्ये वाहुन क्षेत्रीहरुको मुख्य संस्कारहरुमा जन्म नामाकारण (न्वारन) अन्नप्रशान, व्रतवन्ध, विवाह, काजक्रिया, श्राद्ध आदि मुख्य हुन् । वाहुन क्षेत्रीहरुको यी संस्कारहरु राष्ट्रिय रुपमा नै प्राय एकैनाशका रहन्छन् । दमाई समुदायहरुमा पनि संस्कारहरुमा आफ्नोपन छ । अधिकांश वाहुन क्षेत्रीसँग मिल्ने गर्दछन् । दमाई जातिका जन्मदेखि मृत्यु सम्मका संस्कारहरुको छुट्टै अध्याय भएकोले यहाँ चर्चा गरीरहनु नपर्ला ।

दमाई जाति दलित भित्रको पनि दलित हो तर उनीहरु सबै जात जातिसँग मिलिजुली वसेका हुन्छन् । धार्मिक, सांस्कृतिक अनुभव तथा ज्ञानको आदान प्रदान गरी आफ्नो जीवन निर्वाह गरीरहेका छन । विशेष गरी दमाई जातिहरु आर्थिक सामाजिक रुपमा गैरदलितसँग परनिर्भर हुनुपर्ने हुनाले समाजमा माथिल्लो जाति भनिनेसँग नजिक रहेर कार्य गर्दछन । छुवाछूतको प्रचलनले गर्दा उनीहरु सामाजिक रुपमा वहिष्कृत हुन पुगेका छन् । तर समाजको परिवर्तनसँगै उनीहरुमा पनि परम्परा र संस्कृतिमा निकै परिवर्तन आइसकेको छ । विभिन्न जातका मानिसहरु सँगको उठबस, शिक्षाको प्रचार प्रसार यातायात, शहरीकरण आदिले गर्दा उनीहरुको परम्परागत मान्यता र समाजलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ । यति हुँदाहुँदै पनि दमाई जातिहरुलाई चिनाउने उनीहरुको पहिचान अझै वाँकी छ । जसलाई पहिलो अध्यायमा चर्चा गरिएको छ ।

### ४.१.५ सेवामूलक संस्थाहरु र दमाई समाज

#### क) स्वास्थ्य सम्बन्धी संस्थाहरु

काभ्रे गा.वि.स. का मानिसहरुले प्रत्यक्ष रुपमा लाभ लिनसक्ने सरकारी निकाय कमिरेचौर हेल्थपोष्ट हो । यसले प्राथामिक किसिमका रोगहरुको उपचार गर्दछ । यो स्वास्थ्य केन्द्र जिल्ला स्वास्थ्य कार्यालय अर्न्तगत रहेको छ । काभ्रे वडा नं. ८

कमिरेचौर  रहेको यस हेल्थपोष्टमा (Senior Health Assitance) सि.अ.हे.ब. सम्मको दरबन्दी रहेको छ । यस क्षेत्रका अरु मानिसहरु झै दमाई जातिका मानिसहरुले पनि विभिन्न उपचार तथा स्वास्थ्य लाभ गरीरहेका छन् । यस स्वास्थ्य चौकमीा समय-समयमा परिवार नियोजन सम्बन्धी शिविर पनि वस्ने गर्दछ । तर शैक्षिक चेतनाको कमीले यसवाट त्यति फाइदा लिन सकेका छैनन । यसैगरी यस गा.वि.स.मा २ वटा निजी मेडिकलहरु रहेका छन् । यी मेडिकलहरुमा अ.हे.ब देखि हेल्थ असिष्टेन्ट स्तर सम्मका स्वास्थ्य कर्मीहरु रहेको पाइन्छ । यस्ता स्वास्थ्य सम्बन्धी सरकारी तथा ग्रैह सरकारी संस्थाहरुको विभिन्न स्वास्थ्य सम्वन्धी क्रियाकलापहरुले दमाई जातिका महिलाहरु पनि स्वास्थ्य केन्द्र तथा मेडिकलहरुको सहायता लिएर रोगको उपचार गर्न थालेका छन् ।

**ख) शैक्षिक संस्थाहरु**

स्वास्थ्य जस्तै शिक्षा पनि आधारभूत सामाजिक आवश्यकता हो । शिक्षा विनाको समाज सभ्य र समुन्नत हुन सक्दैन अतः काभ्रे गा.वि.स.मा रहेका शैक्षिक संस्थाहरु र दमाई जातिका वालवालिकाहरुले पाउन सक्ने सेवाको विषयमा चर्चा गरीन्छ ।  गा.वि.स.मा १ मा.वि., १ नि.मा.वि. सहित ६ प्रा.वि. स्कूलहरु रहेका छन । गा.वि.स.को मध्ये भागमा अवस्थित महेन्द्र  मा.वि. सबैभन्दा पूरानो विद्यालय हो । दलित बस्तीवाट टाढा रहेको यस विद्यालयमा दलित जातिको कम पहुँच  रहेको छ । प्रौढ महिलाहरु अधिकांश सबै निरक्षर छन् भने आर्थिक कमजोरीको कारण नयाँ पिढीका वालवालीका पनि माध्यामिक तह सम्मको शिक्षा लिन सकिरहेका छैनन् । यहाँका दलित महिला पुरुषको शैक्षिक अवस्था अति नै दयनीय रहेको छ । गाँउमा SLC पास गरेको एक सार्की महिला र दुई कामी जातिको पुरुष मात्र रहेका छन्, त्यसमा पनि दमाई जाति यसभित्र पर्दैनन् । प्राथमिक शिक्षा सम्म पढ्नेको संख्या बढी भएपनि माध्यामिक तह सम्म पुग्दा उनीहरुले पढ्न छोडिसकेका हुन्छन् । पढ्नु र पढाउनु पर्दछ भन्ने थाहा भएर पनि उनीहरुले स्कूलमा अनिवार्य युनिफर्म लगाउनु पर्ने

हुनाले स्कूल ड्रेस किन्ने पनि पैसा छैन  भन्छन् । शिक्षावाट पाउने फल लामो समय पर्खनु पर्दछ । त्यसैले छाक टार्ने काम गर्नुपर्ने भएकोले शिक्षालाई भन्दा कामलाई बढी महत्व दिने गर्दछन ।

## ग) यातायात र सञ्चार

घोराही देखि प्युठानसम्म गएको पुरानो बाटोले काभ्रे गा.वि.स. को वडा नं. ३¸८ र ९ लाई मात्र छोएर गएको छ । दलित बस्ती गाउँको तल्लो भागमा अवस्थित हुनाले यीनीहरु मोटर वाटो सम्म आइपुग्न १ घण्टा देखि २ घण्टा सम्म पैदल हिड्नु पर्दछ । राजमार्ग बस्तीको छेउ भएर जानु र अलि टाढावाट जानुले पनि जनजीवनमा निकै विभिन्नता आएको देखिन्छ । वडा नं. ३ को जुम्लेपानि कमिरेचौर र बचनी बाट अलि नजिक भएर बाटो गएको छ । जसको फलस्वरुप यहाँका मानिसहरुको वसउठ, लवाइ, खवाइ तथा महिलाहरुको क्रियाकलापहरुमा केही आधुनिकता आएको देखिन्छ भने यस्ता ठाँउहरुमा भएको शहरीकरणका प्रभावले दमाई महिलाहरुको सामाजिक जीवन परिवर्तनको दिशातर्फ उन्मुख भैरहेका छन् । तर घोराहि प्युठान बाटो देखि टाढाका दमाई बस्तीहरु जस्तो तापा, कुइजा, र फाँटा आदि बस्तीहरुमा भने परिवर्तनको गति  धिमा नै छ । तर यी समुदायका महिला पुरुष वजार क्षेत्रसँग प्राय दैनिक सम्पर्कमा रहन्छन । स्थानीय व्यापारीका सामानहरु ढुवानी गर्नु यीनीहरुको पेशा जस्तै भएकोले भारी वोक्नको लागि दैनिक तल वजारमा झर्ने गर्दछन  ।

सञ्चार सुविधा मध्ये काभ्रे गा.वि.स.मा रहेका सञ्चार साधनहरु  हुलाक घर र टेलीफोन नै हो । काभ्रे गा.वि.स. को वडा नं.८ स्थित  हुलाक घरले यहाँका अधिकांश मानिसहरुलाई फाइदा पुऱ्याएको छ । तर दमाई जातिका मानिसहरुले यस हुलाक घरबाट अत्यन्त न्यून उपयोग गर्न सकेका   छन् । अझ दमाई महिलाहरुको कुरा गर्ने हो भने त यो अवस्था प्राय शून्य नै हुनसक्छ । यसको प्रमुख कारणमा पहिलो त दमाई समाज अशिक्षित हुनु हो भने दोस्रो कारणमा दलित जातिका मानिसहरु घर छाडेर टाढा टाढा नजानु पनि हो । तर अहिलेको नयाँ पिढीका दमाई जातिका पुरुषहरुमा

वैदेशिक रोजगार, नेपाल प्रहरी र नेपाली सेनामा जागिर खानेको संख्या पनि वृद्धि हुदै गएको हुनाले पढेलेखेकाले उपयोग गर्न थालेका छन् ।

पहिला काभ्रे गा.वि.स. को वडा नं. ८ मा १ भि.एच.एफ टेलीफोन लाइन रहेको थियो र  कमिरेचौर वजार क्षेत्रमा १ लाइन टेलीफोन गरी गा.वि.स. मा जम्मा २ लाइन टेलीफोन सेवा उपलब्ध रहेको मा अहिले मोबाइल फोन पनिलाग्ने हुनाले धेरैजसोले मोबाइल फोनको सुबिधा लिइराखेका छन । तर यसरी फोनको उपयोगिता र प्रयोगमा पनि वाहुन क्षेत्रीहरुको तुलनामा अत्यन्त कम प्रयोग भएको पाइन्छ । अझ महिलाहरुको अनुपात त झन् तल छ । यसको प्रमुख कारण दमाईहरु टाढा टाढा नरहनु, उद्योगधन्दा नगर्नु, शिक्षा र जनचेतनाको कमी नै हो ।

## घ) विद्युत

काभ्रे गा.वि.स.का वडा नं.५, ६ बाहेक सवै वडामा विद्युत सेवा उपलब्ध छ । तर यो सेवा दलित बस्तीमा पुग्न सकेको छैन । दलितहरु विद्युत सेवावाट टाढा छन् । छिमेकीका अरु जातिका घरमा वत्ति वलेका छन् । तर उनीहरु मट्टितेलको टुकमीा बस्न वाध्य छन् । वडा नं. ९ का दमाई समुदायमा त विजुलीका खम्बा समेत पुगेका छैनन् । तार पुगेपनि उनीहरु मिटर राख्न र महशुल तिर्न नसक्ने अवस्थामा रहेका छन् । जसले गर्दा यहाँका दलित महिलाहरुको जनजीवन कष्टकर छ ।

## ङ) कृषि र बन

काभ्रे गा.वि.स. को कुल ४१२० हेक्टर क्षेत्रमा वन जंगल रहेको छ (जि.वि.स. प्रतिवेदन २०६७/०६९) । दलित समुदायको नजिक वन क्षेत्र भएकोले उनीहरु इन्धनको रुपमा वनजंगलवाट घाँस, दाउरा ल्याउने गर्दछन् र आफूलाई आवश्यक भन्दा बढी दाउरा

संकलन गरी विक्री वितरण गरेर घर व्यवहार चलाउने गर्दछन् । कृषि क्षेत्रमा आफ्नो जमिनवाट हुने उत्पादनले खान नपुग्ने हुनाले थोरै भएपनि राम्रो सँग खेतीपाती लगाउने गर्दछन । तर उनीहरुको जग्गा उत्पादनशील नहुनाले तरकारी वीऊ-विजन लगाउने प्रचलन कमै छ । गा.वि.स. को नजिक रहेको कृषि सेवा केन्द्रवाट उनीहरुले कुनै लाभ लिन सकिरहेका छैनन् । उनीहरुको परम्परागत मान्यता अुनसार विष्टको घरमा उत्पादन भएको मौसमी फलफूल, तरकारी मागेर पनि पाउने हुनाले आफूहरुले उत्पादन गर्न तर्फ कमै ध्यान दिने गर्दछन् ।

**च) वित्तीय संस्थाहरु**

दलित समाजलाई प्रत्यक्ष रुपमा प्रभावित गर्ने काभ्रे गा.वि.स. को वडा नं. ८ स्थित जिल्ला कृषि विकास बैंक अर्न्तगत रहेको साना किसान विकास परियोजना हो । यस संस्थाले यहाँका दलित समुदायका महिलाहरुको लागि सानो धितोमा वाखा पालन, भैंसीपालन, समूह गठन गरी ऋण लगानी गरीरहेको छ । जसवाट ऊनिहरुले थोरै भएपनि आर्थिक लाभ लिन सकिरहेका छन् ।

# अध्याय- पांच

# दमाई जातिका जन्मदेखि मृत्यु संस्कारहरु र महिलाको भूमिका

## ५.१ जन्म र महिलाको भूमिका

कुनै पनि परिवारमा एउटा नवजात शिशुको जन्म हुनु कुनै संस्कार हैन । तर जन्मेपछि गर्ने क्रियाकलापहरुलाई भने संस्कार भन्न सकिन्छ । जन्म जो कोहीका निम्ति महत्वपुर्ण घटना हो । जन्म पश्चात् नै मानिसको यस संसारसँग सम्बन्ध स्थापित हुन्छ । दमाई जातिमा पनि नवजात शिशुको जन्म भएपछि सर्वप्रथम त्यसलाई पखाल्दछन्, नाल वेडाउने कार्य कि त सासुले कि त आमाले गर्नुपर्छ, सामान्यतया साललाई कतै सुरक्षित ठाउँमा लगेर गाड्ने चलन छ ।

नवजात शिशुको जन्मलाई सवैजसो समाजमा सुखद घटनाको रुपमा लिइन्छ । दमाई समाजमा पनि जन्म एक सुखद घटना हो । यस समुदायमा पनि छोरीलाई भन्दा छोरालाई बढी प्राथमिकता दिने गरीन्छ । प्राकृतिक रुपले नै नवजात शिशुलाई जन्म दिने जिम्मेदारी महिलाहरुको हुन्छ । त्यसैले उनीहरुको महत्वपूर्ण भूमिकालाई नकार्न सकिदैन । यस बाहेक नवजात शिशुको जन्म पश्चात निर्वाह गरीने संस्कारहरुमा उनीहरुको भूमिका, उनीहरुप्रति परिवारका पुरुष सदस्यहरुद्वारा दिइने महत्व आदिलाई मूल्यांकनको खास आधार बनाउन सकिन्छ ।सर्वप्रथम नवजात शिशुलाई जन्म दिएपछि प्राप्त हुने साल महिलाहरुद्वारा नै गाड्नु पर्ने र वच्चा जन्मनासाथ सासु अथवा नन्द, अमाजुद्वारा नुहाइदिने, वच्चा जन्माएको ९ दिन सम्म कुनामा वस्नुपर्ने, अरुसँग छोइन नहुने, अछूत भएर कुनै काम गर्न नहुने चलन छ । यसरी महिलाको शारीरिक दुर्वलताको कदर गरीएको हुन्छ । अरु व्यक्तिसँग छोइएमा पाप लाग्दछ भन्ने परम्परागत मान्यता रहेको छ । बच्चा जन्मेको छैटौं दिनमा घर सफा सुग्घर बनाउने

वच्चालाई नुहाइदिने गरीन्छ । विशेष गरी यस अवस्थामा आमालाई मासु, घ्यू, ज्वानोको सुप खुवाउने गरीन्छ । आफ्नो घरमा नभएपनि ऋण गरेर पौष्टिक आहारा दिने चलन वास्तवमा उनीहरुको स्वास्थ्य प्रति ध्यान दिइएको उदाहरण नै हो । त्यसैगरी छोरा र छोरीको चाहाना वरावर हुनेहरुको संख्या अधिक हुनुले छोरीहरुको पनि उचित सम्मान भएको देखिन्छ । उनीहरुको भनाईमा छोरा जन्मेपनि, छोरी जन्मेपनि आफ्नो-आफ्नो गरेर खाने हुन्, हामीले हुर्काइदिने मात्र हो । त्यसपछि उनीहरु काम गर्ने सक्ने भएपछि आफ्नो बाटो लागि हाल्छन् । वावु आमाले सम्पत्ति जोडेर राख्नु पर्ने प्रचलन नहुनाले पनि अन्य जातिको तुलनामा परिश्रमी र स्वतन्त्र भएका हुन्छन् ।

## ५.२ नामाकरण संस्कार (न्वारन)

वच्चा जन्मेपछि उसको नामाकरण गर्नु पनि महत्वपूर्ण संस्कार हो । यसलाई “न्वारन” पनि भनिन्छ । दमाई समाजमा वच्चा जन्मेको कति दिनपछि यो संस्कार गर्ने भन्ने कुरामा एकरुपता छैन । बच्चा जन्मेको ७ दिन देखि ९ दिन सम्ममा न्वारन गर्ने कार्य हुन सक्दछ । सुत्केरी र नवजात शिशुलाई न्वारन नहुँदा सम्म छुन प्रतिवन्ध लगाइएको हुन्छ । छोरा जन्मेमा ९ दिन पुर्‍याउनै पर्दछ भने छोरीको ७ दिनमा पनि न्वारन गरीन्छ । न्वारन गर्दा गाईको गहुँत र सुन पानीले घर वरिपरि छर्केर चोखो बनाउने चलन रहेको हुन्छ । न्वारनमा आफ्ना नातेदार इष्टमित्रलाई बोलाई जाँड, रक्सी, मासु, दालभात खुवाई रमाइलो गर्ने प्रचलन पनि छ । वच्चाको नामाकरण गर्दा वच्चाको फुपुको छोरा अर्थात भान्जाले पूजा गरी नाम उच्चारण गर्दछन् । न्वारनको प्रमुख पूरोहित नै भान्जा हुने गर्दछ । त्यसमा उमेरको कुनै हद हुँदैन, ५ वर्ष देखि माथिको उमेर भएको भान्जा छ भने उसले आफूले जाने संझेको नाम बोलाउने गर्दछ र त्यो बच्चाको नाम त्यही रहन्छ । भान्जालाई टीका लगाई आफ्नो गच्छे अनुसार दान दक्षिणा दिएपछि न्वारनको कार्यक्रम समाप्त हुन्छ । यसरी न्वारन गरीसकेपछि सो घर लगायत अन्य नजिकका दाजुभाइहरु पनि शुद्ध हुने गर्दछन् । न्वारन नहुँदा सम्म

दाजुभाइले पनि सूतक वार्नुपर्ने हुन्छ । त्यो अवधिभित्र पूजा-पाठ, विवाह गर्न नहुने परम्परा रहेको छ ।

### ५.२.१ महिलाहरुको भूमिका र स्थान

काभ्रे गा.वि.स. मा वाहुन क्षेत्रीहरुको वाहुल्य भएको हुनाले यस क्षेत्रमा वसोवास गर्ने दलित समुदायको संस्कार, संस्कृति पनि वाहुन क्षेत्रीसँग भिन्न पाउन गाह्रो नै छ । वाहुन क्षेत्रीको झै सुत्केरी तथा नवजात शिशुलाई अछुत नै मानिन्छ । सामान्यतया पुरुषहरुलाई घुलमिलमा प्रतिबन्ध लगाइएको हुन्छ । न्वारन पछि सुत्केरीले नै भान्छामा गएर खाना दिने प्रचलनले महिलालाई खुशी बनाउन खोजेको देखिन्छ ।न्वारन नहुँदा सम्म घरमा दोश्रो महिला व्यक्ति नभए नजिक छिमेकी महिला वा सुत्केरीको बहिनी, दिदी, आमाले स्याहार गर्ने प्रचलन रहेको छ । महिलाको समस्या महिलालाई मात्र बढी जानकारी हुने हुनाले त्यस्तो अवस्थामा महिलाको सहभागिता उल्लेखनिय मानिन्छ । भेट्न आउने महिलाले घीउ, कुखुरा ल्याउने प्रचलन पनि रहेको छ ।

## ५.३ छेवर ( व्रतवन्ध )

दमाई जातिमा छोराको नामाकरण पछि गरीने अर्को महत्वपूर्ण संस्कार व्रतवन्ध हो । यो वालकको भौतिक तथा सामाजिक विकासको द्योतक हो । समाजशास्त्रीहरु यस संस्कारलाई वालकको सामाजिकीकरण (Socialisation) प्रक्रियाको एक महत्वपूर्ण अवसर मान्दछन् । यस्ता वृद्धि संस्कार (Growth rites) लाई मानवशास्त्रीहरु एक संक्रमण संस्कार (Rite of Passage) एक अवस्था पार गरेर अर्को अवस्थामा प्रवेश गर्ने संस्कार पनि भन्दछन् । (खत्रीः २०५१, १०७) प्रायगरी यो संस्कार पूरा भएपछि कर्म चलेको मानिन्छ ।

जव छोरा ७ देखि १५ वर्षको पुग्दछ । सो अवधिमा छेवर कार्य गरीन्छ । सो कार्यमा इष्टमित्र, दाजुभाई बोलाइन्छ र पूजारी भान्जा हुने प्रचलन छ । वच्चा

जन्मेपछि उसलाई कुनै भूत प्रेत नलागोस भनी फलाम, सुनको मुन्द्रा वा वाला लगाउने प्रचलन हुन्छ । सो वाला वा मुन्द्रा छेवरको वेलामा फुकाल्ने गरीन्छ । किनकि अव वालक वयस्क अवस्थामा पुगेको हुन्छ । बाहुनले चिना हेराएर जसले कपाल काट्न जुर्छ, उसैले नै कपाल काटीदिनु पर्दछ । प्रायः कामी र सार्कीले काट्ने प्रचलन रहेको छ । ब्रतवन्ध गर्न वालकलाई गाई बाँध्ने दाम्लोमा वाँधी टुप्पी मात्रै राखेर कपाल खौरिन्छ र दाम्लोबाट फुकाइन्छ । यसपछि उक्त वालकले आफू खुशी विवाह गर्ने र वुवा आमाको काजक्रिया गर्न सक्षम भएको भनिन्छ । उक्त छेवर कार्यक्रमको अवसरमा दिदी वहिनी, भान्जा, भान्जीलाई टिका लगाई दान दक्षिणा दिने गरीन्छ भने नजिकका नातेदार, छिमेकीलाई बोलाई भोज भतेरको आयोजना गरीन्छ । भैंसी, कुखुरा जाँड, रक्सी सहित खुशीसाथ खाने गरीन्छ । ब्रतवन्ध गर्ने वालकलाई टीका लगाई पैसा र कपडा उपहार दिने प्रचलन रहेको छ ।

### ५.३.१ महिलाको भूमिका र स्थिति

ब्रतवन्ध कार्य गर्दा दिदी वहिनीको उपस्थिति अनिवार्य हुनुपर्ने घरमा भोज भतेरको व्यवस्थापनमा महिलाहरुको सक्रिय सहभागिता हुने गर्दछ । छेवर गर्ने वालकको मामा, भान्जा-भान्जी उपस्थित हुनुपर्ने संस्कारले दुई कुटुम्ब परिवारलाई नजिक ल्याउनुका साथै प्राचीन मातृसतात्मक समाजको अवशेष, समाजमा अझै विद्यमान भएको कुरा प्रष्ट पार्दछ । आदिम युगमा मातृसत्तात्मक, सामाजिक व्यवस्था भएकोले दिदी वहिनीका छोरीहरुको हेरचाह अनुशासनको जिम्मा मामाले लिन्थे । पछि समाजले पितृसत्तात्मक स्वरुप लिएपछि पनि मामाको त्यस भूकिालाई छेवर, उपनयन संस्कारमा नियमवद्ध गरेर राखियो (खत्री : २०५१: १०८) । यसको अलावा मामा, भान्जाहरुलाई देखाइ आदरभाव पनि आमा दिदी वहिनी प्रतिको सम्मान हो । मामा, भान्जा भन्ने साइनो आमा मार्फत लागेको हो । मामा र भान्जाको आदर गर्नु भनेको आमा र दिदीवहिनीको आदर गर्नु हो । छेवरका क्रममा दमाई जातिको विवाहमा भन्दा बढी खर्च हुने गर्दछ । दिदी वहिनी, भान्जा भान्जीलाई आफ्नो क्षमता

अनुसार दान दक्षिणा दिनुपर्ने हुनाले पनि परिवार भित्र महिलालाई सम्मान गरिएको वुभ्न सकिन्छ ।

## ५.४ विवाह

अरु जातिहरु भैं दमाई समाजमा पनि विवाहको ठूलो महत्व रहन्छ । किनकि विवाह त्यस्तो संस्कार हो । जसले केटा र केटीलाई उनीहरुको नयाँ भविष्यको निर्धारण गर्न सघाउँछ । विवाह विनाको जीवन अधुरो हुन्छ । तर त्यस जातिमा हुने विवाहको उमेर विवाहको किसिम, तथा विवाहको प्रक्रियाहरुले उनीहरुलाई अरुबाट भिन्न राख्दछ । त्यसको अलावा विवाहसँग सम्वन्धित उल्लेखित कुराहरुले त्यस समाजको नारी प्रति के कस्तो दष्टिकोण छ ? यस्ता संस्कारहरु सम्पन्न गर्न उनीहरुको के कस्तो भूमिका रहन्छ भन्ने कुराहरुको जानकारी दिनको साथै नारी स्वतन्त्रताको मात्रा सामाजिक अवस्थाको झल्को दिलाउन सक्दछन ।

### ५.४.१ विवाहको उमेर

दमाई समाजमा पनि विवाहको उमेरको एकरुपता भएको पाइदैन । यस अध्ययनका क्रममा दमाई महिलाहरुको विवाहको उमेर सम्वन्धमा पनि सर्भेक्षण गरिएको थियो । जसमा ९३.७५% उत्तरदाताहरुले दमाई महिलाहरुको विवाह १८ वर्ष भन्दा माथि उमेर पुगेपछि गर्नुपर्दछ भन्ने भनाई राखे त्यस्तै गरेर ६.२५% उत्तरदाताहरुले विवाह १८ वर्ष भन्दा कम उमेरमा हुनुपर्दछ भन्ने धारणा राखे । यस तथ्यांकलाई विश्लेषण गर्दा काभ्रे  गा.वि.स. का दमाई महिलाहरुको विवाहको उमेर १८ वर्ष भन्दा माथि गर्ने भन्ने कुराको चेतना हुँदा हुँदैपनि केही व्यक्तिको ९ वर्षको उमेरमा विवाह भएको र कसैको २०-२१ वर्षमा पनि भएको छ । त्यस्तै यस अध्ययनका क्रममा विवाह गर्ने महिलाको उमेरगत हिसावले गरिएको सर्भेक्षण तल तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. २:**

**विवाहित महिलाको उमेरको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| १६ वर्ष भन्दा कम उमेरमा विवाह गर्ने | ९ | २८.१२ |
| १६ वर्ष देखि २० वर्षको उमेरभित्र विवाह गर्ने | १५ | ४६.८८ |
| २० वर्षभन्दा माथि विवाह गर्ने | ८ | २५ |

स्रोत : स्थलगत सर्भेक्षण : २०६६ ।

तालिका नं. २ अनुसार यस अध्ययन क्षेत्रका विवाहित महिला मध्ये २८.१२% महिलाहरुले २० वर्ष भन्दा माथिको उमेरमा विवाह गरेको पाइयो । त्यस्तै ४६.८८% महिलाहरले १६ वर्ष र २० वर्षको वीचको उमेरमा विवाह भएको पाइयो भने २८.१२% दमाई महिलाहरुले १६ वर्षभन्दा कम उमेरमा विवाह गरेको पाइयो । उनीहरुको भनाईमा स्वास्थ्यको दृष्टिकोणले १८ वर्ष माथि हुनुपर्दछ भन्ने मान्यता राखे तापनि पारिवारिक संरचना र घरको कामलाई स्याहार गर्नुपर्ने हुनाले पनि औसत उमेर १६ वर्षदेखि २० वर्ष सम्म भएको निष्कर्षमा पुग्न सकिन्छ ।

### ५.४.२ विवाहको किसिम :

विवाह विश्वव्यापी रुपमा निरन्तर चलिरहने सामाजिक संस्कार हो । ठाउँ र परिस्थिति अनुसार विवाहको पनि विभिन्न किसिमहरु पाइन्छन् । नेपाल एक हिन्दू अधिराज्य मानिएता पनि यहाँ विभिन्न धर्म अवलम्वन गर्ने जातजातिहरु छन् । दमाई जाति पनि हिन्दू मध्येको दलित जाति हो । हिन्दू धर्मावलम्बीले मान्ने सवै देवी देवतालाई यीनीहरुले मान्ने गर्दछन् तर जातीय विभेद गरीवी अशिक्षाको कारण यीनीहरु सामाजिक, आर्थिक कारणले पछाडि परेका छन् । दमाई जातिको आफ्नो कुनै

वेद, धर्मशास्त्र नभएतापनि विवाह गर्ने तरिका, शैली र किसिमहरु आफ्नैपनका छन् । यस सम्वन्धमा गरिएको एक सर्भेक्षणबाट प्राप्त तथ्यांकलाई निम्नानुसार तालिकीकरण गरीन्छ ।

**तालिका नं. ३:**

**विवाहको किसिमको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| वावु आमाको मन्जुरीबाट हुने विवाह (मागी विवाह) | १८ | ५६.२६ |
| केटाकेटीको मन्जुरीबाट हुने विवाह (प्रेम विवाह) | ९ | २८.१२ |
| फकाइफुलाईबाट हुने विवाह (जारी विवाह) | ५ | १५.६२ |
| करकापमा परेर हुने विवाह (चोरी विवाह) | – | – |

स्रोतः स्थलगत सर्भेक्षण, २०६६ ।

प्रस्तुत तालिकाबाट दमाई समाजमा मागी विवाहको वाहुल्यता पाइन्छ । यहाँका ५६.२६% महिलाहरु मागी विवाह गर्दछन् । त्यस्तै दोश्रो क्रममा प्रेम विवाह, केटाकेटीको आ-आफ्नै समझदारीबाट हुने विवाह २८.१२% भएको देखिन्छ । जारी विवाह १५.६२% महिलाहरुले गरेको पाइयो भने चोरी विवाहको चलन भएपनि हाल यस्तो विवाह भएका महिलाहरु भने यस अध्ययनका क्रममा भेटिएनन् । यी सवै विवाहको संक्षिप्त चर्चा तल गरीन्छ ।

### ५.४.२.१ मागी विवाह

मागी विवाह भन्नाले सामान्यतया केटी तथा केटाका वावु आमाहरु आफ्ना छोराछोरीहरुको विवाह गर्न मन्जुर भै गरीने विवाहलाई वुझिन्छ । काभ्रे गा.वि.स.को

दमाई समुदायमा चल्ती भएका विभिन्न विवाहहरु मध्ये सवैभन्दा बढी प्रचलनमा आइरहेको विवाह हो । साधारण परिवारमा यो विवाह खर्चिलो पनि हुने हुनाले अहिले आएर अन्य सरल पद्धति अपनाईने वा केटाकेटीलाई त्यस तर्फ उत्साहित गर्ने प्रचलन पनि छ । यस्तो प्रकारको विवाह गर्दा यस समुदायमा सर्वप्रथम आफ्नो नाता-कुटुम्बसंग सम्पर्क गरीन्छ । मामाको छोरीलाई फुपुको छोराको हक लाग्ने हुनाले भएसम्म मामाको छोरीकोमा प्रस्ताव राखिन्छ । आफ्नो जानेबुझेको कुटुम्ब हुनाले यो प्रस्ताव कमैमात्र अस्वीकार हुने गर्दछ ।  यस्तो सम्बन्धबाट जोडिएको वैवाहिक सम्बन्ध बलियो हुन्छ । यीनीहरुसँग मागी विवाहको अर्को एउटा परम्परा पनि छ । केटीका तर्फबाट विवाहको प्रस्ताव स्वीकार गरेपछि केटाले आफ्नो आर्थिक क्षमता अनुसार सेल रोटी, फलफूल, घ्यू, सुंगुर भए सुंगुर नभएमा कुखुराका भाले, रक्सीको भारी बनाई २,३ भारी केटीकोमा लैजाने परम्परा छ । जसलाई ठेकी लगाउने भनिन्छ । ठेकी लगाई सकेपछि विवाह गर्ने पक्का भएको मानिन्छ । यो संस्कार पूरा भएपछि विवाह हुने मितीसम्म केटी मन्जुरी नभई अरु कुनै केटासँग भागेमा केटीको बाबुले त्यो मिति सम्म ठेकी लगाएको केटालाई अर्को केटी खोजेर भएपनि विवाह गरिदिनुपर्ने चलन अझै पनि छ । (काभ्रे ४ का ६५ वर्षिय फने दमाई)

विवाहको दिन पन्चे बाजा सहित जन्ती लगिन्छ । यस जातिको पूरोहित भान्जा हुने गर्दछन् । कुनै मन्त्र पाठ पढ्नु पर्दैन तर परम्परा अनुसार विधि अपनाएर विवाह सम्पन्न  गरीन्छ । जग्येमा केटा पक्षबाट लगिएका लुगा, गहना, लत्ता कपडा आदि दिइन्छ । उक्त लुगा गहना लगाएपछि केटी पक्षका वावु-आमा, दाजु भाइले दुलहा दुलहीको खुट्टामा पानी छोएर खाई ढोग गरी नगद तथा जिन्सी उपहार दिने प्रचलन छ । त्यसपछि भान्जाले दुलाहालाई सिन्दुर दिन्छन् र दुलाहाले दुलहलीाई सिन्दुर लगाइसकेपछि दुलहीको दाजुले डोली दिने गरीन्छ र दुलही अन्मनाउने गरीन्छ ।

काभे गा.वि.स.मा यस सम्वन्धमा गरिएको सर्भेक्षणबाट ५६.२६% विवाह मागीविवाह हुने गरेको देखिन आएको छ तर नयाँ कुटुम्बसँग भन्दा पूरानै नाता

सम्वन्धमा विवाह गरीने हुँदा मागी विवाहको विधि अनुसार खर्चिलो पनि हुने हुनाले जारी विवाहको प्रचलन बढ्दै आएको छ । मागी विवाह गर्दा अलि हुने खाने दलितले अन्य जात जातिलाई पनि निमन्त्रणा गरी उनीहरुको लागि खाना खुवाउने छुट्टै व्यवस्था गरिएको हुन्छ । जसमा खाना बनाउनको लागि व्राहणलाई नै व्यवस्था गरिएको हुन्छ ।

### ५.४.२.२ जारी विवाह

यो विवाह फकाईफुलाई र सम्झाई वुझाइमा भरपर्ने भएकोले पूर्ण रुपमा केटीका तर्फ केन्द्रित रहन्छ । फकाउने कार्य सामान्यत केटीहरुलाई नै गरीने भएकोले पनि यसो हुन गएको हो । यस्तो विवाह प्रायः विवाह भएर पनि आफ्नो श्रीमान् चित्त नबुझेका महिलाहरु, लोग्ने मरेर विधवा भएका महिलाहरु लोग्ने स्वास्नीवीच झै-झगडा भएका दम्पत्तीहरु र उमेर छिप्पीसकेपछि पनि केटी नपाएर विवाह हुन नसकेका पुरुषहरु, श्रीमती मरेर वा पोइल गएपछि एक्लै परेका पुरुषहरु र उमेरले केही पाका भएका र विविध कारणले एक्लो जीवन विताइरहेका पुरुषहरुवीच यस्तो किसिमको विवाह हुने गर्दछ ।

यस्तो किसिमको विवाहमा मध्यस्तकर्ताको भूमिका महत्वपूर्ण रहन्छ । मध्यस्थकर्ताले केटीका विषयमा केटालाई केही भएका र केही नभएका कुराहरु समेत भनेर मनाउने प्रयत्न गर्दछन् । यस्तोमा केटा र केटीको वोलचाल र वसउठ नहुन पनि सक्छ । देखादेख र चर्चा- परिचर्चासम्म हुन सक्दछ । यदाकदा यस्तो विवाहको निमित्त केटा तथा केटी आफैले पनि पहल गर्न सक्दछन् । यस्तो विवाहमा कुनै विधि पुऱ्याउनु पर्दैन । केटीहरु केटीका घरमा गएर बस्न थालेपछि केटीको पहिलो घर तर्फकाले थाहा पाउँछन् । केटीको विवाह पूर्वको स्थिति विधवा रहेछ भने लुगा गहना फिर्ता गरीसकेपछि र अर्काकी सधवा पत्नी भए जारी खर्च तिरीसकेपछि अर्को विवाह विधवत् पूरा भएको मानिन्छ । यसरी जारी खर्च लिंदा नगद नभएमा घरमा भएको गाई बस्तु र अरु जिन्सी जस्तैः लुगा सिउने मेशिन, बाजा जस्ता सामानको मूल्य गरी पहिलाको केटाले लैजाने प्रचलन छ ।

यस अध्ययनको क्रममा गरिएको सर्भेक्षणबाट काभ्रे गा.वि.स.का दमाई समाजमा हुने विवाहहरु मध्ये २८.१२% विवाह जारी विवाह हुने गरेको थाहा हुन आएको छ । जारी विवाह दमाई बाहेक अन्य दलित जाति, कामी, सार्कीमा पनि प्रचलनमा रहेको छ । विशेष गरी मागी विवाह गर्दा केटा केटीको देखभेट विना विवाह गरिएको हुँदा पछाडि केटा वा केटीले एक अर्कामा सहमति हुन नसक्नाले केटाले केटी र केटीले केटालाई छोड्ने प्रचलन यस जातिमा बढी भएकाले यस प्रकारको विवाह धेरै हुने गर्दछ । त्यसैले यस समुदायको लोकप्रिय र मौलिक विशेषताहरु भएको विवाहको रुपमा लिइन्छ । कतिपय महिलाहरु आफ्नो लोग्नेको मृत्यु भएपछि छोरा छोरी नाति-नातिना भइसकेपछि पनि यस्तो विवाह गरेको पाइएको छ ।

### ५.४.२.३. प्रेम विवाह

दमाई जातिमा राजीखुशीले विवाह गर्ने चलन पनि छ । केटा र केटीको कुरा मिलेपछि केटीलाई घरमा लगेर लुकाएर रााखिन्छ । यस कुराको चाल पाएका केटी पक्षका मानिसहरु केटाको घरमा गई धम्काए झैं गर्दछन् । त्यसपछि सरसल्लाह गरी सम्बन्ध कायम गरेर विवाह सम्पन्न गरीन्छ । यस्तो विवाह गर्दा आफ्नो जातको केटासँग विवाह गरेमा केटाको बाबु आमाले सहजै स्वीकार गर्दछन तर यो समय १,२ वच्चा जन्माइसकेपछि केटी पक्षले छोरी ज्वाईलाई बोलाई टीका लगाई विवाहलाई मान्यता प्रदान गर्दछन् । यस्तो विवाहमा छोरीलाई दाईजो दिइने गरीदैन । केटाकेटीको मन्जुरीले एक अर्कालाई मन पारेपछि यो विवाह गरीने भएपनि केटापक्षवाट सहजै स्वीकार गरीन्छ भने केटीपक्षवाट यसप्रकारको विवाहको विधि पूरा हुन वर्षौं सम्म लाग्न पनि सक्दछ ।

यस अध्ययनकै क्रममा गरिएको एक सर्भेक्षणवाट काभ्रे गा.वि.स. का दमाई महिलाहरुको विवाह मध्ये १५.६२% विवाह आपसमा मेलमिलापको आधारमा हुने विवाह अर्थात प्रेम विवाह हुने गरेको छ । आधुनिकतासँगै प्रेम विवाहको प्रचलन बढेको पाइन्छ । वर्तमान समाजमा प्राय सबै समुदायमा प्रेम विवाहका घटना देख्न सन्किछ ।

जात, धर्म, सम्पत्ति, क्षेत्र आदि सबै कुरा प्रेम विवाहमा गौण रहन्छन् यी अवस्था समान हुन वा नहुन सक्ने भएपनि यस गा.वि.स मा दमाई जातिमा आफ्नो जात भन्दा वाहिर गएर अर्का जातिसँग प्रेम विवाह भएको अहिलेसम्म पाईदैन ।

### ५.४.२.४. चोरी विवाह

दमाई जातिमा चल्ने अर्को विवाह चोरी विवाह पनि हो । चोरी विवाहमा केटाले केटीलाई जवरजस्ती उठाएर आफ्नो घरमा लैजान्छन र श्रीमती वनाउँदछन् । सामान्यतया घाँसपात, मेला-पर्म तथा चाडपर्व, जात्रा आदिबाट केटीहरुलाई उठाउँदछन् । २,४ दिन सम्म घरमा राखीसकेपछि केटीहरु घर परिवार तथा लोग्नेसँग रत्तिएपछि माइती पक्षलाई  थाहा दिइन्छ । केटाका तर्फबाट माइती पक्षलाई मनाउने भर मग्दुर प्रयत्न गरीन्छ । माइतीबाट विधिवत स्विकृति पाएपछि विवाहको अन्य प्रक्रिया पूरा गरीन्छ । यस्तो विवाहबाट सन्तुष्ट हुन नसक्ने महिलाहरु पुनः विवाह गर्दछन् । केही समय अगाडिसम्म काभ्रे गा.वि.स.को दमाई समाजमा चोरी विवाहको चलन भएपनि हालका दिनहरुमा यस्तो विवाहको चलन हट्दै गएको छ । खासगरी शिक्षा दीक्षाको प्रभाव शहरीकरण र वरिपरिको वातवरणमा घुलमिलका कारणले यस्तो विवाहमा ह्रास आउन थालेको छ ।

### ५.४.२.५ अन्तरजातीय विवाह

दमाई समाजमा अन्तरजातीय विवाहलाई नराम्रो मन्ने चलन छ । सामाजिक दृष्टिकोणले पिछडिएको, छुवाछूतको घेरामा बस्न बाध्य भएका दमाई समुदायमा यस्तो विवाह हुनु भनेको आकाशको फल मानिन्छ । अन्तरजातीय विवाहलाई प्रेम विवाहको उत्कृष्ट नमुना मान्न सकिन्छ । दमाई जातिको पुरुषले अरुजातिको महिलासँग तथा दमाई जातिका महिलाले अरु जातिका पुरुषसँग गरिएको विवाहलाई यस प्रसंगमा अन्तरजातीय विवाह भनिएको छ । पूरानो चलनमा यस्तो विवाह गर्न प्रतिवन्ध भएपनि हाल समाज परिवर्तनको क्रममा यस चलन यदाकदा भएको पाइन्छ । तर व्यवहारमा

दलित जातिले अरु जातिसँग गरेको विवाहलाई समाजमा स्वीकार गरिएको पाँइदैन, दलित भित्र पनि दमाई, कामी र सार्कीबीच पनि एक अर्कामा विवाह भएको पाँइदैन । यस्तो विवाह भएमा समाजले नै बहिष्कार गर्ने गरीन्छ । जुन दमाई महिला वा पुरुषले अन्य जातिसँग विवाह गर्दछ, उसले समाजबाट नै अलगिनु पर्ने सामाजिक कु-संस्कारले गर्दा यस्तो विवाह चाहेर पनि कुनै दलित जातिले गर्ने हिम्मत गर्दैनन् । जसले गर्दा वाहुन, क्षेत्री र मगरमा यस्तो विवाह हुने भएपनि काभ्रे  गा.वि.स.मा दमाई समुदायमा यस्तो प्रकारको विवाह भएको पाँईदैन ।

### ५.४.२.६ पुनर्विवाह

सामान्यतया अन्य समाजमा भन्दा दलित समुदायमा केटाकेटीहरुलाई आफ्नो जीवनसाथी चयन गर्ने स्वतन्त्रता हुन्छ । गल्तीले असल जीवनसाथीको चयन हुन सकेन भने पनि जीवनभर पछुताएर वस्नुपर्ने अवस्था छैन । आफूले विवाह गरेको केटा मन नपरेमा केटीले आफ्नो मन मिल्दो केटा खोजी विवाह गर्न सक्दछे । यस जातिको विधवा विवाहमा समेत केही हदसम्म भएपनि छुट दिइएकोलाई प्रंशसनीय मान्नु पर्दछ । श्रीमान्को मृत्यु भएकी विधवा महिलाले चाहेमा अर्के जीवनसाथी रोजेर विवाह गर्न सक्ने चलन पनि छ । पहिलो लोग्नेले आफ्नी श्रीमती जो सँग पोइल गएकी छ  उसँग जारी खर्च लिन पाउँछ । यस अध्ययन क्रममा गरिएको एक सर्भेक्षण अनुसार काभ्रे गा.वि.स.को दमाई समाजमा १५.६२% महिलाहरुले यस्तो विवाह गरेको पाइयो ।

### ५.४.२.७ विवाहमा महिलाहरुको भूमिका र स्थान

कुनैपनि जाति विशेषमा रहेको विवाहको किसिम, प्रकार तथा पुऱ्याउनु पर्ने विधि आदिले त्यस समाजमा महिलाहरुको स्थान कस्तो छ भन्ने कुराको संकेत गर्दछ । त्यसैले काभ्रे गा.वि.स.का दमाई समाजमा रहेको विवाहको प्रकार विधि अध्ययन गरेर यस समाजका महिलाहरुको भूमिका तथा स्थानलाई विश्लेषण गर्न प्रयास गरिएको छ ।

जाति व्यवस्थाको एक प्रमुख विशेषता नै विवाह सम्वन्धीमा हुने आफ्नोपन हो । प्रत्येक जाति आफ्नो जात वा उपजातमा विवाह गर्ने गर्दछन्, आफ्नो जात भन्दा वाहिर को विवाहलाई वहिस्कार गरिएको हुन्छ । जाति अन्तर्विवाह (Caste endogamy) नै जाति का सार तत्व (The essence of caste system) मानिन्छ Gharye;....15) यसै गरी दमाई जातिमा पनि आफ्नो जात भन्दा वााहिर गई विवाह गरेमा मान्य हुँदैन अध्ययन क्षेत्रका दमाई वुढापाका व्यक्तिका अनुसार, “आफ्नो, जात भन्दा वाहिरको जाति सँग भएको विवाह बलियो र दिगो हुँदैन भन्ने धारणा राख्दछन् उनिहरुका अनुसार, दमाई केटा को विवाहको लागी दमाई केटी, वाहुनी माहिला भन्दा उत्तम नै मानिन्छ” (काभ्रे-८, मंगले दमाई) । तर आफ्नो समूह भित्र पनि एउटै गोत्रमा विवाह हुदैन । उनिहरुविच गोत्र वहिर्विवाह (Gotra Exogamy) हुने गर्दछ, हिन्दु धर्म अनुसार निषेध गरिएको सगोत्रीय विवाह यस जातिमा पनि निषेध गरीएको छ । सगौत्रमा विवाह भए कूल रिसाउँछन भन्ने मान्यता रहेको छ ।

दमाई जातिको विवाहमा केटीहरुको ठूलो महत्व रहन्छ । त्यसैले छोरीको विवाह गर्न केही गाह्रो छैन् । तर केटाको विवाहगर्न भने केही अप्ठ्यारो हुन्छ । मागी विवाहमा केटाको तर्फबाट धेरै पटक कुराकानी गरेपछि मात्र केटीपक्षकाले मन्जुरी दिनु, विवाह पक्का भैसकेपछि पनि अन्नपात, रुपैया, कोशेलीपात, मासुको लागि राँगा, सुँगुर, कुखुरा रक्सीका भारी ठेकी लगाउनेको नाममा ससुरालीमा पुर्‍याउनु पर्ने र विवाह भैसकेपछि पनि यदि महिलाले मन नपराएमा माइतीमा बस्ने वा अर्को विवाह गर्न सक्ने हुनाले लोग्नेहरु स्वास्नीका प्रति उत्तरदायी हुनुपर्ने बाध्यता छ । यसलाई यस समाजको महिलाहरुले पाएका सांस्कृतिक स्वतन्त्रता भन्न सकिन्छ ।

त्यस्तै प्रेम विवाह, जारी विवाह, चोरी विवाह तथा जुनसुकै विवाहमा महिलापक्षको महत्वपूर्ण भूमिका रहन्छ । चोरी विवाहमा बाहेक अरु विवाहमा केटीको मन्जुरी चाहिन्छ । केटीका मन्जुरीबाट विवाह सम्पन्न भैसकेपछि पनि केटीका माइतीप्रति केटाहरु यसकारण उत्तरदायी हुनुपर्दछ कि कतै उनीहरु वेखुशी भएर आफ्नो श्रीमती नभड्काइदिउन् । चोरी विवाहकै प्रसंगमा पनि यसो सर्सर्ती हेर्दा पहिला

केटीको स्वीकृति बेगर जवरजस्ती अपहरण गरेर ल्याए जस्तो देखिए पनि केटा जहिले पनि स्वास्नीलाई रिझाउन प्रयासरत हुन्छ । किनकि केटीलाई केही दिनसम्म पनि यो घर केटा ठिकै लागेन भने अर्को विवाह गर्न सक्दछे । यसकारण विवाह जस्तो प्रकारले सम्पन्न गरेको भएपनि उनीहरुले पुनर्विवाह गर्न पाउनुलाई पनि नारी स्वतन्त्रताको एउटा उदाहरणको रुपमा लिन सकिन्छ ।विवाहित दम्पत्ती मध्ये केटीलाई केटा मन परेन भने विवाह भंग हुन सक्दछ । जसको कारण केटीले घर नछोडोस् भनी केटाले ठूलो परिश्रम गर्नुपर्ने हुन्छ । जसले गर्दा पनि महिलाको स्थान उत्कृष्ट भएको देखिन्छ । यसको अलावा विवाहमा छोरीलाई दाइजो पेवा दिनु छोरा नभएका वावुआमाले असल ज्वाइँ खोजेर घर ज्वाइँ राख्नु जस्ता विभिन्न क्रियाकलापहरुले दमाई समाजको बनोट प्राचीन समयमा मातृसत्तात्मक थियो र त्यहाँ महिलाहरुको स्थान सर्वोत्कृष्ट रुपमा थियो भन्ने कुरा अड्कल गर्न सकिन्छ ।

## ५.५ मृत्यु संस्कार

दमाई समाजमा पनि मृत्यु एक प्राकृतिक प्रक्रिया हो । संसारमा जन्म भएपछि अवश्य मर्नु पर्दछ । यहाँ पनि कुनै व्यक्तिको मृत्यु भएपछि बालक छ भने घर देखि अलि टाढा खेतवारीमा लगेर गाड्दछन् । यदि मृतक वयस्क अथवा वृद्ध छ भने नदी किनारमा लगेर गाड्दछन् ।

सर्वप्रथम गाउँमा कसैको मृत्यु भयो भन्ने सुन्नासाथ गाउँभरिका दमाई समुदायका मानिसहरु जम्मा हुन्छन् । कात्रो ल्याएर लासलाई बेर्दछन् । हरियो बाँसमा लासलाई बाँधेर नजिकैको घाटमा लैजान्छन् । दलितमा पनि कामी र सार्कीले लासलाई घाटमा लैजाँदा शंख बजाउने गर्दछन् भने दमाईले शंख छुन र वजाउन हुदैन भन्ने मान्यता अझै हुनाले दमाई जातिले मृत्यु हुँदा शंख नबजाई घाटमा लैजाने चलन छ । घाटमा लास लगेपछि ढुङ्गाको चिता बनाई पानीभित्र ढुङ्गाले चिनेर छोप्ने गर्दछन् । लास ढुङ्गाले छोपीसकेपछि मलामीले खल्को हालेर मृतकका नाममा सवैले पानी दिन्छन् र मलामीहरुलाई घर पुग्नु भन्दा अगाडि चिया विस्कुट दिई खाजा खुवाउने गर्दछन् ।

यस समुदायमा कीरीया सन्दर्भमा एकरुपता छैन् । प्राय ११ दिन सम्म बस्ने गर्दछन् । घर नजिकै माटाको डिकुरा बनाइएको हुन्छ । त्यहीं गएर क्रियापुत्रीले मृतकको नाममा पिण्ड दिइसकेपछि दिनको एक छाक नुन नराखेको भात पकाई खाने गर्दछन् । १० औं दिनमा सो माटाको डिकुरा फुटाएपछि मृतकका दाजुभाईलाई नुन खाना हुन्छ र ११ औं दिनमा गाइको गहुँतले चोखाई जुठो बार्न छोड्दछन्, जुठो चोख्याउनको लागि मासु, रक्सी पनि आवश्यक पर्दछ । सो अवधि भर भान्जाको उपस्थिति अनिवार्य हुने गर्दछ । ११ औं दिनमा सवै आफन्तलाई बोलाई दान दक्षिणा दिने । रक्सी, मासु खुवाउने र आफूले पनि खाने गर्दछन् । कसै कसैले वाहुन क्षेत्रीको देखासिकी गरेर यस दिनदेखि सेतो कपडा लगाएर ६ महिना वर्ष दिन सम्म आशौच बार्न थालेका छन् । यसरी आशौच बार्नेले १५।१५ दिनमा भान्जालाई पूजा गरी दान दक्षिणा दिने गरीन्छ । मृत्यु भएको १ वर्षसम्म सो घरमा कुनै पूजा, विवाह जस्ता कार्य गर्न नहुने प्रचलन पनि रहेको छ ।

हुन त हिजो आज यहाँका दमाई समाजमा परम्परागत संस्कारहरुलाई विस्तार-विस्तार छाड्न थालिएको देखिन्छ । अझ खास गरी मृत्यु संस्कारहरु त झण्डै बाहुन क्षेत्रीहरुको विधि विधान अनुसार पूरा गर्ने गर्दछन् । तर उनीहरुको कुनै पूराण, मन्त्र पाठ गरीदैन् ।

### ५.५.१ मृत्यु संस्कार र महिला

दमाई समाजमा मृत्यु संस्कारमा महिलाको पनि भूमिका रहने गर्दछ, मृतकको छोरी भए ५ दिन कोरामा बस्नुपर्ने र वुहारी छन् भने ११ औं दिन सम्म कोरामा वसी एक छाक नुन नराखेको खाने गर्दछन् । सो अवधिमा महिला कसैसँग छुन हुँदैन । ५ दिन सम्म क्रिया बस्ने महिलाको ५ औं दिन पूरा भएपछि परिवारमा किरिया बसेको मानिसलाई आवश्यक परेका वखत सघाउनु र मृत्यु संस्कारहरुका लागि चाहिने परम्परागत सरसामनहरुको संकलन व्यवस्थापन गर्ने कार्यहरुबाट मात्र उनीहरुको सहभागिता भएको देखिन आउँछ ।

# अध्याय- छ
# सामाजिक अवस्था

## ६.१ परिवार

दमाई जातिको पारिवारिक बनोट पनि पितृसत्तात्मक नै छ । घरको जेठो पुरुष (वावु) घरमुली हुन्छ । त्यसपछि आमाको स्थान आउँछ, त्यसपछि जेठो छोरा, माइलो छोरा, क्रमशः हुदै जान्छ । परिवारको महिला र पुरुष सदस्यवीच भेदभाव राखिदैन । सम्पत्तिहरु पुरुष सदस्यहरुमा सर्दै जाने भएतापनि महिलाहरु पनि त्यसको संरक्षण, सम्भार तथा व्यवस्थापनमा उत्तिकै जुटेका हुन्छन् ।

यहाँको दमाई समाजमा एकात्मक परिवार प्रतिको रुचि बढी रहेको देखिन्छ । यस्तो परिवारमा पनि ५ जना देखि ८ जना सदस्य भएको परिवार संख्या बढी छ । ७१.८७% परिवार यस्तो किसिमको छ । यस तथ्यांकवाट दमाई समाजको परिवारको प्रकृति सानो हुँदै गइरहेको देखिएतापनि परिवार संख्यामा कमी नआउनुले छोरा छोरी जन्माउन खास नियन्त्रण गरे भैं लाग्दैन । परिवारका महिला सदस्यहरु चुलो चौका, घाँस पात लिएर मेलापात समेत जान्छन् । यीनिहरुको परिवारमा महिलाको यथोचित सम्मान हुन्छ । किनकि पुरुषहरुले रक्सी सेवन बढी गर्ने हुनाले लोग्नेले काम गरेको ठाउँबाट ज्याला तथा पारिश्रमिक पनि महिलाले संकलन गर्ने र काम गराउनेले पनि महिलालाई नै दिने प्रचलन रहेको हुन्छ । जसले गर्दा परिवारमा महिला र पुरुष प्रति एक अर्कामा अविश्वासको वातावरण भएको देखिएतापनि त्यसलाई गम्भीरतापूर्वक लिइएको हुँदैन । त्यसैले लोग्ने पनि श्रीमती प्रति उत्तरदायी भएको देखिन्छ । पारिवारिक निर्णयमा बालिग अविवाहित पुरुषको भन्दा अविवाहित महिलाहरुको सहभागिता अधिक रहन्छ । त्यसैगरी अरु दैनिक क्रियाकलापहरुमा पुरुषहरु महिलाहरुसँग सल्लाह गर्दछन् । त्यसैले परिवारमा महिलाहरुको स्थान राम्रो

रहन्छ । नवजात शिशुको जन्म हुँदा वावुआमाहरुद्वारा छोराको चाहाना राखिन्छ कि छोरीको ? कि दुवैको वरावरी ? यस सम्वन्धमा अध्ययन गर्दा निम्न तथ्यांक फेला पऱ्यो ।

**तालिका नं. ४:**

**छोरा र छोरीलाई गरीने महत्वको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| छोराको चाहाना राख्ने (छोरा चाहने) | ६ | १८.७५% |
| छोरीको चाहाना राख्ने (छोरी चाहने) | ४ | १२.५% |
| दुवैलाई बराबर महत्व दिने | २२ | ६८.७५% |

स्रोतः स्थलगत सर्भेक्षण २०६६ ।

माथिको तालिकाले अत्यधिक उत्तरदाताहरुले दुवैलाई महत्व दिनको कारण पनि महिला र पुरुष वीचको जन्मदा देखिको भेदभाव कम रहेको पुष्टि मात्र गर्दैन बरु महिलाको स्थान सम्मानजनक र उच्च (पुरुषसरह) रहेको पुष्टि गर्दछ ।

## ६.२ शिक्षा

संसारमा भएका विकास, निर्माण तथा वैज्ञानिक चमत्कारहरु शिक्षाकै कारणले भएका हुन् । त्यसैले शिक्षालाई हरेक क्षेत्रको आधारभूत आवश्यकता मानिन्छ । शिक्षा विना समुन्नत समाजको कल्पना समेत गर्न सकिदैन । त्यसैले कुनै पनि समाजको वा त्यस समाजको कुनै वर्ग विशेषको सामाजिक अवस्थाको अध्ययन गर्दा शिक्षाको अध्ययनलाई पनि प्रमुख स्थान दिनुपर्दछ ।

काभ्रे गा.वि.स.को दमाई समाजका महिलाहरु कुनै पनि शिक्षित भएको पाइएन । २०५८ सालमा सम्पन्न जनगणनाबाट प्राप्त तथ्यांक अनुसार ६.०२% दमाईहरु साक्षार देखिन्छन् । त्यसमाथि पनि दमाई महिलाहरुको शैक्षिक स्थिति त झन् खस्केको छ । मुस्किलले १% महिलाहरु साक्षार देखिन्छन् । २०४८ सालपछि यो प्रतिशत केही बढेको देखिन्छ । खासगरी प्रजातन्त्रको पुनर्स्थापनापछि विभिन्न एन.जि.ओ.हरुले यस्ता पिछडिएका जाति-जनजातिहरुको शैक्षिक स्तर सुधार्ने काम गर्न थालेका छन् भने सरकारी स्तरबाट पनि केही प्रयासहरु भएका छन् । यस वीचमा महिला विकास शाखाले विभिन्न तालिम अध्ययन भ्रमण आदि गराएर शैक्षिक स्तर वृद्धिमा जोड दिएको छ भने शिक्षा शाखाबाट पनि समय समयमा प्रौढ शिक्षाको कार्यक्रमहरु चलाएको पाइन्छ । दलितहरुको हक र हितको लागि सञ्चालन भएका आत्मनिर्भर विकास मञ्च, दलित जनसमाज जस्ता ग्रैह्र सरकारी संस्थाहरुले पनि प्रौढ शिक्षा कार्यक्रमहरु चलाएका छन् । दमाई बस्तीबाट नजिक पर्ने विद्यालयहरुमा दमाई पुरुष र महिलाहरु दुवै वर्गहरु विद्यालय जान्छन् । तर ज्यादै थोरै मात्रामा । यो समुदायका महिला पुरुषहरु उच्च शिक्षा हासिल गरेको पाइएन । शिक्षा क्षेत्रमा रोजगारी भएको महिला, पुरुष एकजना पनि छैनन् । प्राथमिक तहसम्म विद्यालय जाने महिला पुरुषको संख्या बढी भएपनि माध्यामिक तहसम्म पुग्दा विद्यालय जान छोडिसकेका हुन्छन् । आर्थिक समस्याले गर्दा घर व्यवहार गर्ने, वस्तुभाउ हेर्ने, हली खेताला गर्नेमा बढी लागेका हुन्छन् । यस अध्ययन क्रममा गरिएको सर्भेक्षणबाट यहाँका दमाई महिलाहरुको शैक्षिक अवस्था सम्वन्धमा प्राप्त विवरणलाई तालिकामा राखेर देखाइन्छ । **तालिका नं. ५:**

**शैक्षिक आधारमा दमाई महिलाको विवरण**

| शिक्षाको स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| साक्षर | ५ | १५.६२ |
| निरक्षर | २७ | ८४.३८ |
| जम्मा | ३२ | १०० |

श्रोत : स्थलगत सर्भेक्षण २०६६ ।

२०५८ सालको जनगणनाको तथ्यांकबाट महिला साक्षरता प्रतिशत निकै माथि उठेको देखिन्छ । यसो हुनुमा २०५८ सालपछि यीनिहरुको समाजमा साक्षरता सम्वन्धी क्रियाकलापहरुमा केही वृद्धि भएको देखिन्छ । विद्यालयमा वालवालिकाहरुलाई पठाउने क्रममा पनि वृद्धि भएको छ । तर यीनीहरुमा देखिने शैक्षिक कमजोरी भनेको वालवालिकाहरुलाई विद्यालय पठाएर पनि निरन्तरता दिन नसक्नु हो । यहाँका दमाई जातिका महिलाहरु आफ्ना वालवालिकाहरुलाई पढाउन चाहन्छन् । हालका दिनहरुमा छोरा सरह छोरीहरुलाई पनि पढाउनु पर्दछ भन्ने धाराणाको विकास भएको पाइन्छ । ३.१३% ले छोरीहरुलाई पढाउन हुदैन भन्ने धारणा राख्दछन् ।

काभ्रे गा.वि.स.का दमाई वालवालिकाहरुलाई पायक पर्ने विद्यालयहरु वडा नं. ८ मा श्री महेन्द्र मा.वि., वडा नं. ९ मा प्रा.वि.कुइजा र वडा नं. ९ मै प्रा.बि. मुलाबारी रहेका छ्न । विद्यालय नजिक भएर पनि चेतनाको कमी र आर्थिक कमजोरीका कारण समग्रमा दलित जातिका महिलाहरुको शैक्षिक अवस्था न्यून स्तरको देखिन्छ ।

## ६.३ स्वास्थ्य स्थिति

कुनै पनि समाजको सामाजिक अवस्था थाहा पाउन, त्यस ठाउँका मानिसहरुले उपयोग गर्न शुद्ध खानेपानी, औषधी मूलो, चर्पी, मद्यपान, धुम्रपान तथा सरसफाई जस्ता स्वास्थ्य सम्वन्धी क्रियाकलापहरुको जानकारी राख्नु पर्दछ । अझ महिलाहरुका सन्दर्भमा त यस्ता कुराहरुले झन् ठूलो महत्व राखेको हुन्छ । काभ्रे गा.वि.स.का दमाई जातिका महिलाहरुको स्वास्थ्य स्थितिको जानकारीको लागि निम्न अनुसार अध्ययन गरिएको छ ।

### ६.३.१ जन्मदर

महिलाले कति वटा वच्चालाई जन्म दिइन वा दिएकी छन् भन्ने कुराले उनको स्वास्थ्य स्थितिको केही झलक देख्न सकिन्छ । किनकि जतिवटा बढी बच्चालाई जन्म

दियो, महिलाको स्वास्थ्यमा त्यतिनै प्रतिकूल प्रभाव पर्न जान्छ । दमाई समाज अशिक्षित र पिछडिएको छ । त्यसैगरी वालमृत्युदर र शिशु मृत्यु दरको संख्या अधिक छ । १ वा २ वच्चालाई बचाउन २,४ बच्चा जन्माउनु पर्ने वाध्यता छ । धेरै बच्चा जन्माउँदा आमालाई यथेष्ट पौष्टिक आहार उपलब्ध गराउन नसकेमा पनि उनीहरुको स्वास्थ्य विग्रन सक्दछ । जन्मदर अधिक हुनुमा छोरा र छोरीको जन्म प्रति राखिने दृष्टिकोण पनि एक हो । दमाई समाजमा छोराछोरीको जन्म प्रति खासै भेदभाव राखेको नपाइएपनि १ छोराको आवश्यकता पर्दछ भन्ने मान्यता राखेको पाइन्छ । यस अध्ययनको क्रममा १-३ बच्चाहरु जन्माउने महिला, ३-५ बच्चाहरु जन्माउने महिला तथा ६ वटा भन्दा बढी बच्चाहरु जन्माउने महिला गरी तिन श्रेणीमा विभाजन गरिएको छ ।

**तालिका नं. ६:**

**जन्मदरको संख्याको विवरण**

| बच्चा संख्या | महिला संख्या | प्रतिशत |
|---|---|---|
| १-३ | ६ | १८.७५ |
| ३-५ | ११ | ३४.३८ |
| ६ भन्दा माथि | १५ | ४६.८७ |

श्रोत : स्थलगत सर्भेक्षण

प्राप्त तथ्यांकलाई हेर्दा ३ देखि १० जनासम्म बच्चा जन्माउने गरेका छन । यसप्रकार यहाँका दमाई महिलाहरुको औसत रुपमा ३ देखि १० वटा बच्चाहरु जन्माउने गरेको पाइयो ।

त्यसैगरी जन्मदर सँगै सम्वन्धित वच्चा जन्माउदा खेरी उपलव्ध गराउन सकिने सुविधा पनि स्वाथ्य सम्वन्धी सूचक हो । काभ्रे गा. वि. स. का दमाई महिलाहरु आफू गर्भिणी भएपछि बरोबर स्वाथ्य परीक्षण गराउनु पर्दछ भन्ने कुरामा अनभिज्ञ छन्

। त्यसैले कसैले घरमा बच्चा जन्माउन सकेन भने मात्र अस्पताल लैजाने गरीन्छ । तथ्याङ्क अनुसार २१.८८% महिलाहरुले बच्चा जन्माउँदा आंशिक रुपमा अस्पतालको उपयोग गर्दछन । आंशिक रुपमा भन्नाले सम्पूर्ण बच्चाहरु मध्ये १ वा २ लाई जन्माउँदा अस्पतालको (हेल्थपोष्ट) उपयोग गर्नु हो । जन्मदरलाई प्रभाव पार्ने अर्को तत्व परिवार नियोजनको ज्ञान पनि हो । काभ्रे गा.वि.स. को मध्य भागमा रहेको हेल्थपोष्टले परिवार नियोजनको जानकारी र सुविधाहरु उपलब्ध गराएपनि यस समुदायका व्यक्तिहरुमा परिवार नियोजन सम्वन्धी नकरात्मक धारणा नै रहेको छ । उनीहरुको भनाईमा पुरुषले परिवार नियोजन गर्दा शारीरिक रुपमा कमजोर हुन्छ भन्ने मान्यता रहेको छ । जसले गर्दा काम गरेर खान गाह्रो हुनाले परिवार नियोजन गर्नभन्दा नगर्न सल्लाह दिएको पनि पाइयो । तर वर्तमानमा आएर रेडियो, टि.भि. जस्ता संचारका साधनलगायत यस समुदायमा विभिन्न संस्थाहरु मार्फत् पनि परिवार नियोजन सम्वन्धी जानकारी दिइने हुनाले परिवार नियोजन सम्वन्धी परम्परागत नकारात्मक दृष्टिकोण अव आएर लगभग पूर्णरुपमा सकरात्मक भैं देखिन्छ । तर सवैले अपनाएका भने छैनन् । महिलाहरु भन्दा पुरुषहरुले बढी परिवार नियोजन (भ्यासेक्ट्मी) गर्दछन् । २१.८७% पुरुष र १२.५% महिलाहरुले स्थायी वन्ध्याकरण गरेको छन् भने १५.६३% दम्पत्तीले परिवार नियोजनको अस्थायी साधनको प्रयोग गर्दछन् ।

### ६.३.२ खानेपानी र महिला :

गाउँघरमा खानेपानीको स्रोत भनेको कुवा, पधेरो, धारा र खोलाहरु नै हुन् । राम्रो र शुद्ध खानेपानी प्रयोग गर्न सकेमा रोगव्याधि किटाणुहरुको आक्रमण कम हुन्छ । काभ्रे गा.वि.स. का दमाई महिलाहरु पनि खासगरी कुवा र धारालाई नै खानेपानीको स्रोतको रुपमा प्रयोग गर्दछन् । अधिकांश व्यक्तिहरु कुवाको पानी पिउँदछन् । कुवाको पानी सफा भएतापनि छानो राम्रो नहुँदा र वर्षाको पानी छेक्ने व्यवस्था नहुँदा ( भलपानी नतर्काउँदा) वर्षायाममा कुवाको पानी खानयोग्य रहँदैन् भने हिउँदमा पानीको

मुल सुकेर सानो हुन्छ । यस्तो कुवाको पानी खाने ६५.६२% परिवारहरु छन् । दलित महिलाहरुको लागि कुवा पनि छुट्टै हुने गर्दछ । बाहुन क्षेत्रीले प्रयोग गर्ने कुवामा यस जातिका महिलाले पानी प्रयोग गर्न पाउँदैनन् । छुवाछूतहुने स्थल मध्ये सबै भन्दाबढी हुने स्थान धारा पँधेरा हुनाले यीनीहरु मानसिक रुपमा खुल्ला भएर पानी भर्न पाउँदैनन् । त्यसैगरी खानेपानीको अर्को स्रोत भनेको धारा हो । ठूलै किसिमको खानेपानी योजना मार्फत् नभएर गाउँ नजिकैको पानीको मूललाई सदुपयोग गरेर बनाइएको धारा भएकोले यसमा आउने पानीले पनि यस समुदायको पानीको आवश्यकता पूरा हुन सक्दैन ।

त्यसैले आफूलाई चाहिने भन्दा निकै कम पानीमा पनि यीनीहरु गुजारा गर्दछन । धाराको पानी खाने परिवार ३४.३८% भएको कुरा अध्ययनबाट जानकारी हुन आएको छ । ३२ जना उत्तरदाता मध्ये २१ जनाले कुवाको पानी र ११ जनाले धाराको पानीलाई खानेपानीको स्रोत देखाए तर निष्कर्ष यो चाँहि हैन कि धारा वा कुवाको पानी खाने मध्ये कुनै एकले सफा पानी खान्छ वा पानीको सुविधा भएको छ ।

सधै धारा वा कुवाको पानी खान नपाउने वा घण्टौसम्म कुर्नुपर्ने अवस्था परेको वखत झण्डै २ किलोमिटर परसम्म पानी लिन जानुपर्ने हुन्छ । अरु जातिमा झै यहाँका दमाई जातिमा पनि घरको पानीको आवश्यकता पूरा गर्ने काम महिलाहरुको हुन्छ । त्यसैले खानेपानीको असुविधा परेपनि त्यसको प्रत्यक्ष असर महिलाहरुलाई नै परेको हुन्छ । यहाँका महिलाहरु दोहोरो मारमा परेका देखिन्छन् एक त पानीको आवश्यकता पूरा गर्न उनीहरुले कडा शारीरिक मेहनत गर्नुपर्ने हुन्छ भने अर्कोतर्फ सफा पानी खान पाउँदैनन् ।

### ६.४.३. पौष्टिक आहार र महिला

स्वास्थ्यलाई सन्तुलित राख्नको निमित्त पौष्टिक आहारहरुको पनि उत्तिकै महत्व हन्छ । दमाई जातिमा नियमित रुपले पौष्टिक आहारको व्यवस्था नभएपनि हरेक

जसोले घरमा अर्कोको अधियाँ भएपनि धेरथोर कुखुरा, बाखा तथा गाइभैसिहरु पालिएका  हुन्छन् । जसवाट उनीहरु अण्डा, मासु जस्ता परिकारहरु लिन्छन यसवाट पनि पौष्टिक आहार प्राप्त हुन्छ । यसका अलावा दैनिक खानपिनका चिजविजहरु दाल, भात, तरकारी, ढिडो, रोटी, दही, दूध, मही, घ्यू आदिवाट पनि लिन्छन । ऋण गरेर भएपनि चाडपर्व मान्नुपर्ने र मिठै खानुपर्ने यिनीहरुको वानीले यीनीहरु आर्थिक रुपमा माथी उठ्न सकेका छैनन् । तर विभिन्न वहानामै भएपनि पूजाआजा गरेर त्यसवाट प्राप्त फुल, मासुको उपभोगवाट दमाई महिलाहरुले उत्तिकै रुपमा पौष्टिक आहारहरु प्राप्त गरीरहेका हुन्छन । सन्तुलित भोजन नभए पनि गाँउमा अरु जातिले पालेका भैंसीले पाडा, पाडी जन्माएमा पाडी पाल्ने र पाडाहरु यहि समुदायकोले खाने गर्दछन् । जस वापत पाडा मालिकको मा काम गरीदिने वा नगद मूल्य दिई ल्याई खाने गर्दछन् । मासु खानको लागि यीनीहरुको दशै सवैभन्दा ठूलो चाड हो ।  यस चाड मनाउदा प्रसस्त मासु खानुपर्ने मान्यता रहेकोले यस पर्वमा ३ देखि ५ घर सम्म मिलेर एउटा भैसी काट्ने गर्दछन् । अहिले आएर फलफूल तथा तरकारी खेती तर्फ विस्तारै चासो दिन थालेकाले यसवाट उत्पादन हुने फलफूल तथा तरकारीको उपयोगवाट पनि केही मात्रामा पौष्टिक आहार प्राप्त गर्दछन ।

### ६.४.४ अस्पताल र औषधोपचार :

काभ्रे गा.वि.स को दमाई समुदायको प्रत्यक्ष उपयोग गर्न सक्ने स्वास्थ्य केन्द्रहरुमा कमिरे चौर हेल्थपोष्ट र विभिन्न प्राईभेट मेडिकलहरु रहेका छन । तर दमाई समुदायमा अस्पताल र औषधी उपचार सँगसँगै झारफुक, धामीझाँक्री वोक्सी तथा भूतप्रेतमा पनि विश्वास गर्ने गर्दछन् । यस्तो विश्वास वयस्क भन्दा वच्चा विरामी हुँदा पहिला झारफुक गर्ने गर्दछन । तर अहिले आएर विभिन्न संघ संस्था र स्वास्थ्य चौकीको प्रचार प्रसारले गर्दा अस्पतालमा नै गई उपचार गर्न थालेका छन् । दलित समुदायमा विशेष गरी औषधी उपचारवाट पनि सन्चो नभएमा विरामीलाई विभिन्न झारफुक गर्न तर्फ बढी लाग्दछन् । जसले गर्दा समाजमा वोक्सी प्रथा, भुतप्रेत, जस्ता

अन्ध विश्वास प्रतिको मान्यतामा अझै पनि सकारात्मक धारणा राखेको पाइन्छ । काभ्रे गा.वि.स. का ३२ जना दमाई महिलाहरुलाई समग्रको प्रतिनिधित्व गराएर गरिएको सर्वेक्षणको तथ्याङ्कगत तालिका तल उल्लेख छ ।

**तालिका नं. ७:**

**झारफुक र औषधोपचारको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| विरामी भएपछि झारफुक गरेर मात्र अस्पताल जाने | ३ | ९ |
| विरामी भएपछि सरासर अस्पताल जाने | २९ | ९१ |

स्रोत : स्थलगत सर्भेक्षण ।

तालिका नं. ७ अनुसार औषधोपचार र झारफुक सम्बन्धी धारणाको अध्ययनमा केवल ३.१३% महिलाहरु (१ जना) मात्र विरामी भएपछि झारफुक गर्न धामीझाक्री कहाँ लाने गरीन्छ । भने वाँकी ९६.८७% महिलाहरु (३१ जना) विरामी भएपछि सरासर अस्पताल वा स्वास्थ्य संस्थाको सल्लाह लिन जान्छन ।

### ६.४.५ शौचालय तथा सरसफाई :-

शौचालयको उपयोगवाट अनेकौ सरुवा रोगहरुवाट वचाउन सकिन्छ । विभिन्न रोगहरुका रोकथाम प्रविधिमा यो पनि एक मानिन्छ । दलित अर्न्तगत पनि दलित मानिएको दमाई जस्तो अशिक्षित समाजमा शौचालयको निर्माण र उपयोगको आशा राख्नु अनौठो देखिए पनि शहरीकरणको प्रभाव, अन्य जातिका मानिसहरु सँगको वसउठले पनि शौचालय वनाउनुको महत्व विस्तार-विस्तार दमाई समुदायमा महशुस गरीदै छ । यसका अलावा विभिन्न संस्थाहरुद्धारा प्रदान गरिएको प्रौढ शिक्षा तथा विशेष गरी दलितहरुको हकहितको वकालत गर्ने संस्था आत्मनिर्भर विकास मञ्चवाट

प्रदान गरीएका प्रौढ शिक्षा तालिम, गोष्ठी आदिका माध्यमवाट शौचालय वनाउन हौसला प्रदान गरेको छ । तर धेरैजसोले यस कार्यमा यस समुदायका महिलाहरुले पुऱ्याएको योगदानलाई राम्रो संकेतको रुपमा लिन सकिन्छ । यसको अर्थ यो चाँहि पक्कै होइन कि सवैले शौचालय वनाइसकेका छन् । यसप्रति सकारात्मक मनस्थिति भने वनाएका छन् । कतिपय परिवारले त शौचालय वनाउने चाहाना हुँदा हुदै पनि आर्थिक र वनाउने आफ्नो निजीजमिनको अभावले वनाउन नसकेको पाइयो । शौचालयको अवस्थाका सम्बन्धमा गरिएको सर्भेक्षणवाट प्राप्त तथ्यांकलाई निम्न तालिकामा राखिएको छ ।

**तालिका नं. ८:**

**सर्वेक्षित परिवारमा शौचालयको विवरण**

| विवरण | शौचालय | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | कच्ची | पक्की | | |
| शौचालय हुने | ८ | ४ | १२ | ३७.५ |
| शौचालय नहुने | - | - | २० | ६२.५ |

स्रोत :-स्थलगत सर्भेक्षण २०६६ ।

तालिका अनुसार यहाँका दमाई समुदाय मध्ये २५% परिवारमा कच्ची शौचालय, १२.५% परिवारमा पक्की शौचालयहरु भएको पाइयो भने ६२.५% परिवारमा शौचालयहरु वनाइएको पाइएन । ३७.५% को शौचालयहरु वनाउने सुरुवातलाई महिलाहरुको सक्रिय योगदानको रुपमा लिन सकिन्छ ।

प्राप्त तथ्यांकलाई सन्तोषजनक मान्न नसकेपनि आशालाग्दो भने पक्कै छ । शौचालय नवनाएको घरका मानिसहरु दिशापिशाब गर्दा खुल्ला आकाश मुनी

गर्दछन । ठूला ठूला मानिसहरु त पर-पर जान सक्दछन् तर साना-साना बच्चाहरु टाढा जान सक्दैनन् । त्यसैले उनीहरु करेसा, गौंडा तथा दोवाटोहरुमा दिशापशिाव गर्दछन । यसले एउटा घर मात्रै हैन बस्ती नै फोहोर हुन्छ । यहाँका मानिसहरु अधियाँ गरेरै भएपनि वस्तुभाउ त पाल्दछन तर व्यवस्थित तरिका नहुँदा अधिकांशको माथि तलामा मान्छे वस्ने-खाने र भुईतलामा गाइवस्तु वाँध्ने गर्दछन् भने आगन हुनेले आगनमा नै गोठ वनाउँदछन । यसवाट फोहोर निस्कन्छ । र आँगन फोहोर भएपछि घर सफा रहने प्रश्न आउँदैन । यसैगरी वच्चावच्चीको स्वास्थ्यको सरसफाईमा ध्यान दिनु पर्ने आमाहरु वेफुर्सदी हुँदा उनीहरुको पनि सरसफाई हुन सक्दैन । वेफुर्सदी महिलाहरु आफ्नै स्वास्थ्यको सर सफाईलाई पनि ध्यान दिन सक्दैनन् । यसैले यहाँका दमाई महिलाहरुको सरसफाईको अवस्था गए गुज्रेको छ ।

### ६.४.६ धुम्रपान र मद्यपानको प्रयोग :-

अशिक्षित र पिछडिएको समाजमा धुम्रपान बढी हुने गर्दछ, अभ्र महिलाको सर्न्दभमा भन्ने हो भने नेपाल नै त्यो देश हो जहाँ विश्वमै सबैभन्दा बढी महिलाहरुले धुम्रपान गर्दछन, गाँउघरमा अभ्र यहाँका दमाई समाजमा इष्टमित्र र पाहुनाहरुलाई सम्मान गर्ने विभिन्न वस्तुहरु मध्ये धुम्रपान पनि एक हो । त्यसैले कतिपय वालवालिकाहरु वच्चादेखि यो वानी सिक्दछन । जे होस धुम्रपान स्वास्थ्यको लागि हानिकारक छ भन्ने कुरा त प्रमाणित भैसकेको कुरा हो । महिलाहरुको लागि त भ्रन घातक हुन सक्दछ । धुम्रपान सम्वन्धी प्राप्त तथ्यांक तल प्रस्तुत छ ।

**तालिका नं. ९:**

**धुम्रपान गर्ने नगर्नेको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| धुम्रपान गर्ने | १८ | ५६.२५ |
| धुम्रपान नगर्ने | १४ | ४३.७५ |

श्रोत :- स्थलगत सर्भेक्षण, २०६६ ।

दमाई समाजका कतिपय संस्कार पूरा गर्न जाँड रक्सीको प्रयोग गर्नुपर्दछ । जन्म, न्वारन, छेवर, विवाह, लगायत चाडपर्व र समय समयमा आउने पूजा आजा आदिमा समेत जाँड रक्सीको प्रयोग गरीन्छ । यसका अलावा कुनै नाता कुटुम्व वा इष्टमित्र घरमा आउँदा आतिथ्य सत्कारको पहिलो प्राथामिकता जाँड हो । दमाई समाजमा जाँड रक्सी खानु भनेको आफ्नो जातले दिएको हो भन्ने मान्यता राख्ने यी जातिले छोराछोरीलाई पनि जाँड रक्सी खान हुन्न भन्ने सल्लाह दिदैनन् । जाँड रक्सी खाने सम्वन्धी तथ्यांङ्क तल तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १०:**

**मद्यपान  खाने नखाने महिलाको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| जाँड रक्सी खाने | ३० | ९३.७५ |
| जाँड रक्सी नखाने | २ | ६.२५ |

श्रोत :- स्थलगत सर्भेक्षण, २०६६ ।

काभ्रे गा.वि.स. का दमाई महिलाहरु समय-समयमा जाँड, रक्सी खान्छन्, यस सम्बन्धमा गरिएको सर्भेक्षणवाट के देखियो भने ९३.७५% दमाई महिलाहरु धेरथोर जाँड रक्सी खान्छन् । र ६.२५% महिलाहरु खादैनन् यसवाट दमाई समाजका महिलाहरुमा पनि रक्सी सेवन गर्नेको संख्या बढी देखिन्छ । यसले पनि स्वास्थ्यमा प्रतिकूल असर पारेको हुन्छ ।

### ६.४.७. घरको किसिम :

दलित मध्ये पनि आर्थिक अवस्था कमजोर भएको दमाई जातिका घरहरु एक आपसमा गुजुमुज्ज पारेर बनाईएका छन् । घरहरु सामान्य खरकै छाना भएका स-साना घरहरुमा ढुँगा र माटोले गाह्रो लगाएर बनाइएको छ । प्राय जसो माथिको तलामा आफु बस्ने र तल गाई बस्तु वाँध्ने  गरी बनाइएका छन् । घर भित्र सम्पत्ति धेरै जोर्ने तिर नलाग्ने हुनाले यीनिहरुका घर खुल्ला र फराकिला छैनन् ।

काभ्रे गा.वि.स.का दमाई जातिको घरहरु पनि ढुङ्गा माटोको जोडाइले वनाइएका छन् । परम्परागत रुपमा प्रयोग गरीदै आएको थाम, दलिन हाली माटोले छापेर घरको छाना हाली वनाइएका छन् । कसै कसैले घरमा पाली राख्ने गरेको पाइयो । आर्थिक रुपले अलि सम्पन्न अर्थात् विदेश गएर धन कमाइ ल्याएका केही परिवारमा वस्तुभाउ वाँध्ने र पाल्ने गोठ छुट्टै र नसक्नेहरुले एउटै घरबाट घर तथा गोठको काम लिएको पनि देखियो । छुट्टा छुट्टै घर गोठ हुने घरको वरपरको सरसफाई राम्रो भएको पाइन्छ । दुवैको कार्य एउटै घरबाट गरीने घरहरु फोहोर देखिनु स्वभाविकै छ । दमाईहरु आ-आफ्नो रुचि अनुसार कमेरो माटो, पंहेलो माटो र रातो माटोले घरलाई पोतेका हुन्छन् । प्रायः दमाई जातिको टोलमा अरु जातिका मानिसहरुको घर हुँदैन अरु जातिको नजिक यीनिहरुको बस्ती नहुनाले यीनिहरुको टोललाई दमाई टोल भनेर चिनिन्छ  । फोहोरी र दुर्गन्धित टोल दमाई टोलको परिचय मानिन्छ ।

### ६.४.८ रहन सहन :

खोलाको किनार पहाड, पाखा, पखेरामा यीनीहरुको मुख्य बस्ती हुने हुनाले आफ्नो खेति योग्य जमिन भएको पाइदैन र आफ्नो भूमिमा काम नपुग्ने हुनाले अरुको जग्गा जमिन कमाउने, महिलाहरु खेताला गर्न जाने र पुरुषहरु हलो जोत्ने काम गर्ने गर्दछन् । यसरी अर्काको काम गरेर दैनिक गुजारा चलाउने यी जाति चाडपर्वहरु राम्रोसँग मनाउने गर्दछन् । यीनीहरुको प्रमुख खाद्यन्न वालीमा धान, मकै, गहुँ, कोदो

आदि हुन्, आफ्नो घरमा उत्पादन नभएपनि विष्टकोमा मौसम अनुसार उत्पादन हुने खाद्यान्न कामसँग साटेर ल्याउने गर्दछन् । यीनीहरुको मन पर्ने मासुमा राँगो, भैंसी, सुँगुर, कुखुरा आदि हुन् । जाँड, रक्सी पनि यीनीहरुको मनपर्ने पेय पदार्थ हो । चाडवाड तथा पूजा उत्सवहरुमा यसको प्रयोग अनिवार्य जस्तै हुन्छ । त्यसैगरी यहाँको खाद्यान्न परिकारहरुमा भात, ढिँडो, रोटी, भुटेको मकै, गहुँ, दाल, गुन्द्रुक, सिद्राको झोल आदि हुन् । यीनीहरु आफ्नो समुदायमा मिलेर बस्दछन् । विभिन्न सामाजिक कार्यहरु गर्दा एक आपसमा छलफल गरेर गर्दछन् र अर्म-पर्म र ऐंचो पैंचो यीनीहरुको व्यावहारिक पक्ष हो । आफ्नो घर जग्गा, किनवेच गर्नुपर्दा अन्य जातिका मुख्य व्यक्तिसँग सल्लाह लिने गर्दछन् । खेतीपातीलाई नै मुख्य व्यवसाय वनाएर वसेका यीनीहरु आफ्नो घरमा अरुका अधिया भएपनि गाई, गोरु, भैंसी, वाख्रा र कुखुराहरु पालेका हुन्छन् । यीनीहरुको समाजमा पनि अरु जातिमा झैं पुरुष जातिहरुले घर वाहिरको मेलापात जस्ता कार्यहरु गर्नुपर्दछ भने महिलाहरुले घरधन्दा, पकाइतुल्याई गर्ने कार्यहरु गर्नुपर्दछ ।

दमाई जातिका मानिसहरु विभिन्न देवता तथा चाडपर्वहरु मान्दछन् । जसमध्ये सवभन्दा प्रमुख देवताको रुपमा आफ्नो कुलदेवता अर्थात् उनीहरुले यसलाई “दोखाला पन्छाउने” भन्दछन् । वर्षको १ पटक आफ्ना पुर्खाको नाममा वलि चढाई पूजा गर्ने गर्दछन् । यस्तो पूजा प्रत्येक घरमा छुट्टाछुट्टै गर्ने गर्दछन् । आफ्ना इष्टमित्र बोलाई खुवाउने गर्दछन् । विशेष पूजा भने कसैले विजयादशमी तथा कसैले चैते दशैमा गर्दछन् । त्यसपछि भने ढुङ्गा, भगवती, वनदेवी, शिव, गणेश लगायतका देवताहरु पुज्दछन् । यीनीहरुको मनाउने चाड पर्वहरुमा दशै, तिहार, साउने सक्रान्ती, माघे सक्रान्ती, जनैपूर्णे, चैते दशै आदि मेलामा यीनीहरु उत्साहका साथ मनाउँछन् । यी बाहेक यीनीहरुले गर्ने पूजा आजाहरुमा गाई भैसीको रक्षार्थ दियाली पूजा, वालीनालीको काम सकेपछि राम्रो होस् भनी हरेलो पूजा गर्ने गर्दछन् । त्यस्तै घर पूजा गर्ने गर्दछन् । यस्तो पूजा आजामा नाँचगान, भजन गरीन्छ । नाचगानमा पुरुषहरु

भन्दा महिलाहरुको संख्या बढी हुन्छ । यस्तो नाचगानमा सामान्यतया महिला र पुरुषवीच भेदभाव रहेको पाइदैन् ।

## ६.६ धर्म तथा भाषा

दमाई जाति हिन्दू धर्मावलम्वी हुन् । परापूर्वकालदेखि नै हिन्दू धर्मका पक्षधर दमाई जाति हिन्दू धर्म अर्न्तगत सवै चाडवाड मान्ने गर्दछन्, हिन्दूको महान् पर्व दशैंमा यी जातिको प्रमुख भूमिका रहेको हुन्छ, विजया दशमीको नवौं दिन सम्म पञ्चे वाजा बजाई दशैं पर्वलाई अझ बढी उत्साह र उमङ्ग बढाउने गर्दछन् । दमाई जातिको बाजा विनाको दशैं पर्व दशैं झैं लाग्दैन । काभ्रे गा.वि.स.को दमाई समाजमा वोलिने मुख्य भाषा नेपाली नै हो । यीनीहरुसँग कुनै छुट्टै भाषा छैन । तैपनि यीनीहरुको वोलीचालीमा फरक पाइन्छ जस्तै : आएकोलाई आइतो, गएकोलाई गइतो, आइरान, गइरान भन्ने शब्द प्रयोग गर्दछन् ।

## ६.७ परम्परागत मान्यता

दमाई जातिमा परम्परागत मान्यताको ठूलो महत्व छ । तर वदलिँदो परिवेशमा यसको औचित्यमा कमी आएको छ । पञ्चे वाजा वजाउने पुरुषहरुको पेशा विस्तारै लोप हुदै गएको छ । परापुर्वकालदेखि दासको रुपमा र अन्य जातिको सेवकको रुपमा रहेको यस जाति अहिले आएर स्वतन्त्र र आफ्नो अस्तित्व खोज्न थालेका छन्, तैपनि छुवाछूत प्रथा हटेको छैन । यीनीहरु आफैले ठूलो जातिसँग छोइछिटो गर्नुपर्दछ । उनीहरुले भनेको मान्नु पर्दछ भन्ने मान्यतामा रहेका छन् । गाउँमा अझै पनि दमाई पुरुष, कटुवाल बस्ने चलन छ, उसले गाउँभित्रको सूचना प्रवाह गर्ने, मान्छे भेला गराउने कार्य गर्दछ । जसको फलस्वरुप कटुवाललाई प्रति घर कुरिया १ पाथी अन्न दिने प्रचलन छ । शिक्षा आर्जनमा कुनै चाख छैन । अझै पनि वराजुले दिएको खाने हो हामी त मागी खाने जाति हौं भन्ने मानसिकतामा रहेका छन् । दमाई जाति कामी र सार्की भन्दा तल्लो दर्जाको हुन् । उनीहरुसँग पनि नजिक हुनु हुदैन भन्ने मान्यता छ ।

पूजा आजामा पनि रक्सी चलाउने यो जातिले रक्सी खाई मात्तिनु भनेको आफ्नो जातले पाईआएको अधिकार हो भन्ने गर्दछन् । यस अध्ययनका क्रममा भूतप्रेत प्रतिको विश्वास तथा धामी झाँक्रीको प्रयोग तथा रजश्वला हुँदा पन्छेर बस्नु पर्ने, नपर्ने विषयमा सर्भेक्षण गाएिको थियो । सर्वप्रथम विरामी भएपछि कहाँ जाने भन्ने प्रश्न गर्दा ९१% महिलाहरुले सर्वप्रथम अस्पताल जाने र त्यहाँ गएर उपाय नलाग्ने मात्र धामीझाक्री आदिको प्रयोग गर्ने कुरा बताए । ९% महिलाहरु भने आफ्नो रोगको प्रकृतिको कारण सोझै अस्पताल जान्छन् । अक्सर वालवच्चाको लागि सर्वप्रथम धामी, झाँक्री प्रयोग गर्ने गरेको पाइयो । यसलाई परम्परागत विश्वासको ज्वलन्त उदाहरणको रुपमा लिन सकिन्छ । त्यसैगरी दमाई समाजमा परम्परागत रुपमा रजश्वला भएकी आइमाइलाई छुन प्रतिबन्ध नै छ । महिलाहरु पहिलो पटक रजश्वला हुँदा १० देखि १५ दिन सम्म अर्काको घरमा गई लुक्ने प्रचलन छ भने त्यसपछि ३ देखि ५ दिन सम्म अरुसँग छुन नहुने, छुट्टै वसेर खानु पर्ने प्रचलन रहेको छ । यो प्रथा पनि यीनीहरु वाहुन क्षेत्रीको परम्परालाई हामीले मान्दै आएका हौं भन्ने गर्दछन् । सवै महिलाहरु पन्छेर बस्नु पर्दछ भन्ने उनीहरुको प्रतिउत्तर पाइन्छ । यसको कारणमा परम्परागत मान्यतालाई नै अगाडि सारेको पाइयो ।

## ६.८ निर्णय प्रक्रियामा भूमिका

दैनिक कार्य सञ्चालन र महत्वपूर्ण कार्यहरु गर्दा महिलाहरुलाई कत्तिको सहभागी गराइन्छ वा महिलाहरुको राय वा तर्कहरुलाई कत्तिको स्थान दिइन्छ भन्ने कुराहरुको पनि त्यस समाजका महिलाहरुको सामाजिक अवस्थाको ज्ञान हुन सक्ने भएकाले यस अध्ययनका क्रममा विभिन्न दैनिक कार्य र केही महत्वपूर्ण कार्यहरु गर्दा अथवा त्यस्तो कार्यहरु गर्ने निर्णय गर्दा महिलाहरुको के कस्तो भूमिका रहन्छ ? महिलाहरु एकल निर्णय गर्दछन् वा पुरुषहरु एकल निर्णय गर्दछन् वा संयुक्त रुपमा निर्णय गरीन्छ ? भन्ने जिज्ञासाहरुका साथ सर्भेक्षण अध्ययन गरिएको थियो ।

हुनत यस भेगका अधिकांश समुदायमा घरायसी कार्यहरुमा महिलाहरुले तथा वाहिरका कार्यहरुमा पुरुषहरुले निर्णय गर्ने गरेको पाइन्छ । त्यसरी निर्णय गर्दा महत्वपूर्ण कार्यहरु गर्नको लागि घरका महिला सदस्यहरुलाई सहभागी गराइन्छ कि गराइन्न भन्ने कुराको मूल्याकंन गर्नुपर्दछ । महिलाहरुको एकल निर्णयबाट कुनै काम सम्पन्न गरीयो भन्दैमा महिलाहरुको स्तर उँचो छ भन्न मिल्दैन । घरेलु कार्यहरु बाहेक गम्भिर पारिवारिक उतार चढाव हुने खालका विषयमा निर्णय गर्दा महिलाहरुको राय र तर्कलाई उचित स्थान दिइन्छ भने महिलाहरुको राम्रो स्थिति छ भन्न सकिन्छ । यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्ने उद्देश्यले विभिन्न १३ प्रकारका कार्यहरुमा गरीने निर्णयको अवस्था अथवा भूमिका के कस्तो छ भनी गरिएको सर्भेक्षणवाट प्राप्त तथ्यांकहरुलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११:**

**निर्णय प्रक्रियामा लैङ्गिक सहभागिताको विवरण**

| निर्णय गर्ने व्यक्ति / निर्णय गर्ने विषय | घरमुली महिला | | परिवारका अन्य महिला | | परिवारका अन्य पुरुष | | संयुक्त रुपमा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| खाना पकाउने | ३१ | ९६.८७ | १ | ३.१३ | – | – | – | – |
| बजार किनमेल | ७ | २१.८७ | १ | ३.१३ | २३ | ७१.८७ | १ | ३.१३ |
| खेति लगाउने | ५ | १५.६२ | २ | ६.२६ | २० | ६२.५ | ५ | १५.६२ |
| पशु स्याहार | २२ | ६८.७५ | २ | ६.२५ | – | – | ८ | २५ |
| दाउरा संकलन | २३ | ७१.८७ | २ | ६.२५ | १ | ३.१३ | ६ | १८.७५ |
| पशु किनवेच गर्ने | ६ | १८.७५ | २ | ६.२५ | १२ | ३७.५ | १२ | ३७.५ |
| पैसा कसले राख्छ | १५ | ४६.८७ | – | – | १५ | ४३.७५ | २ | ७.२५ |
| छोराछोरीको विवाह | ४ | १२.५ | – | – | १० | ३१.५ | १८ | ५६.२५ |
| औषधी उपचार | ६ | १८.७५ | २ | ६.२५ | २१ | ६५.६२ | ३ | ९.३७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| चाडपर्वको व्यवस्था | १२ | ३७.५ | ३ | ९.३७ | १५ | ४६.८८ | २ | ६.२५ |
| छिमेकीसँगको सम्वन्ध | २३ | ७१.८७ | २ | ६.२५ | १ | ३.१३ | ६ | १८.७५ |
| जग्गा किनवेच | – | – | – | – | – | – | ३२ | १०० |
| घरको सरसफाई | २३ | ७१.८७ | ३ | ९.३७ | १ | ३.१३ | ५ | १५.६२ |

स्रोत : स्थलगत सर्भेक्षण, २०६६ ।

उपरोक्त तालिका अनुसारको तथ्यांकहरुलाई हेर्दा महिलाहरुले पनि धेरथोर निर्णय गर्ने र निर्णय गर्ने विषयमा आफूहरुले जाने बुझे सम्मको राय, सुझाव, सल्लाह दिने गरेको पाइयो । यस गा.वि.स.को दमाई समाजमा हुने गरेको कामको प्रकृतिलाई खास गरी तिन श्रेणीमा वर्गीकरण गरेर विश्लेषण गर्नु उचित भएकाले निम्न अनुसार वर्गीकरण गरिएको छ ।

**तालिका नं. १२:**

**कामको क्षेत्र र निर्णयमा लैङ्गिक स्थिति**

| विवरण | कामको प्रकृति | निर्णय गर्ने व्यक्ति |
|---|---|---|
| १) घर भित्रको काम | खाना पकाउने, पशु स्याहार, चाडपर्वको व्यवस्थापन, घरको सरसफाई, दाउरा संकलन | महिला सदस्य |
| २) घर वाहिरको काम | वजार किनमेल, खेति लगाउने, औषधी व्यवस्था, छिमेकीहरुसँगको सम्वन्ध | पुरुष सदस्य |
| ३) महत्वपूर्ण काम | छोराछोरीको विवाह, जग्गाको किनवेच, पशुको किनवेच, पैसा कसले राख्छ | घर सल्लाह संयुक्त |

श्रोत : स्थलगत सर्भेक्षण, २०६६ ।

प्राप्त तथ्यांकहरुलाई हेर्दा घरभित्रको कार्यहरुमा महिलाहरु र घरवाहिरको कार्यहरुमा पुरुषहरुको निर्णय हुने गरेको पाइयो तर छोराछोरीहरुको विवाह, जग्गाको

किनवेच र पशुको किनवेच गर्दा महिलाहरुसँग पनि राय परामर्श गर्ने गरेको पाइएकोले यस अर्थमा महिलाहरुको राम्रो सहभागिता भएको पाइन्छ । महिला प्रमुख भएको परिवार अर्थात पुरुष विदेश गएको परिवारमा महिलाको निर्णय गर्ने पूर्ण अधिकार भएको पाइयो ।

## ६.९ राजनीति :

दमाई जातिको शैक्षिक स्थिति र जनचेतनाको अवस्था आदिको विषयमा यस अगाडि चर्चा भैसकेको छ । यस्तो निम्न स्तरको चेतना भएको समाजमा राजनीति प्रति चासो नहुनु स्वभाविकै हो । २०४६ साल अघि पञ्चायत व्यवस्थाका समयमा दलितहरुलाई थिचोमिचो गरिएको थियो । यस गा.वि.स.मा पञ्चायत काल देखि वर्तमान सम्म पनि क्षेत्री, र वाहुनद्वारा राजनीतिक नेतृत्व रहँदै आएको छ । वहुदलीय प्रजातन्त्रको पुनर्स्थापना पश्चात् दलितलाई पनि केही पदमा उम्मेदवारी दिने व्यवस्था गरीयो । तर उनीहरुमा आफैमा राजनैतिक चेतनाको विकास भएको पाइदैन । राजनीतिक पार्टीहरुको सक्रिय राजनीतिमा लागेर हिड्ने दमाईहरु एकदम थोरै छन् अझ महिलाहरुको स्थिति त झन दयनीय छ । दमाई महिलाहरु आफ्नो परिवारको पुरुषहरु प्रति आश्रित हुने भएकाले उनीहरुको आचरणलाई पछ्याउँछन् । सामाजिक मान्यता पुरुषहरुको विरुद्धमा गएर राजनैतिक क्रियाकलाप गर्न भने सक्दैनन् । जे होस् भोट हाल्ने राजनैतिक अधिकारको प्रयोग भने गरी आएका छन् ।

२०५४ सालको स्थानीय निर्वाचन अनुसार यस गा.वि.स.मा दलितको प्रतिनिधित्व एमाले र काँग्रेस वाट मात्र भएको छ । जस अनुसार काँग्रेस .को तर्फबाट १ महिला सदस्य र २ पुरुष सदस्यमा र एमालेको तर्फबाट १ वडा अध्यक्ष सहित ७ जना वडा सदस्यमा निर्वाचित भएको थियो । तर यीनीहरुको भूमिका औपचारिक मात्र रहेको छ । यस गाउँका दलितहरु राजनैतिक पार्टीका Vote Bank का रुपमा मात्र रहेका छन् । राजनैतिक चेतना नहुँदा झुट्टा आश्वासनको भरमा भड्काउने र आफ्नो पक्षमा तान्ने प्रवृत्ति वढेको छ । उम्मेदवारी दिने दमाई महिला, पुरुष पनि आफ्नो

इच्छाले नभई राजनीतिक पार्टीको वाध्यात्मक आदेशलाई पालना गरेको हो भन्दछन् । यस सम्वन्धमा गरिएको सर्भेक्षणमा .३१% महिलाहरुले आफूहरुलाई राजनीतिमा केही चाख भएको बताए भने ८७.५% महिलाहरुले सामान्य मतदाता मात्र भएको बताए । त्यसैगरी ९.३७% महिलाहरुले कुनै चाख नभएको बताए । समग्रमा भन्दा यस गा.वि.स.का दमाई जातिहरुको राजनैतिक चाख र सहभागिता अत्यन्त कम भएको देखिन्छ भने महिलाहरुको त प्राय शून्य सहभागिता छ ।

## ६.१० महिलाहरुको सामाजिक स्थितिको मूल्यांकन :

नेपालमा विद्यमान सवै ऐन, कानुनहरुले महिला र पुरुषहरुलाई समान अधिकार प्रदान गरेका छन् । तर नेपालका अधिकांश महिलाहरुलाई आफ्नो हक र अधिकारका विषयमा ज्ञान छैन । दलित तथा पिछडिएका जातिहरुमा त यो अज्ञानता अझ बढी छ । दमाई जस्ता दलित मानिएका जातिका महिलाहरुको सामाजिक अवस्था त्यति राम्रो छैन् । आफ्नो समुदाय भित्र उनीहरुको सामाजिक स्तर राम्रो देखिन्छ । तर अरु समुदाय तथा समाजहरुसँग तुलना गर्दा यस समुदायका महिलाहरु अझ बढी दलित र पिछडिएका देखिन्छन् । यस अध्ययनको क्रममा प्राप्त विभिन्न संख्यात्मक र गुणात्मक तथ्यांकहरुलाई विश्लेषण गर्ने प्रयास गरिएको छ । सर्वप्रथम दमाई जातिमा वालिकाहरुको जन्म प्रतिको धारणालाई हेर्दा सकारात्मक देखिन्छ । किनकि अरु जातिमा छोरीको जन्मलाई अभिशापको रुपमा लिइन्छ तर यीनीहरुको समुदायमा छोरीको जन्मलाई शुभ नै मानिन्छ । किनकि उनीहरुको लागि शिक्षा दिक्षा दिनु भन्दा पनि हुर्काएर काम गर्न सक्ने बनाइदिएपछि आ-आफ्नो ढङ्गले जीवन व्यतित गर्ने हुनाले र छोरा, छोरीको विवाहमा पनि बढी मात्रामा खर्च गर्न नपर्ने हुँदा पनि छोराछोरी वीच हुने भेदभावमा कमी भएको पाइन्छ । दमाई समाजमा एकात्मक परिवारको वाहुल्यता भएको पाइन्छ । संयुक्त परिवार भन्दा एकात्मक परिवारका महिलाहरु स्वतन्त्र रहन्छन् ।

काभ्रे गा.वि.स. दलितहरुको शैक्षिक अवस्था गए गुज्रेको छ । त्यसमा पनि दमाई समुदायमा झन शून्यको अवस्थामा रहेको छ । २०४८ सालको जनगणनाको तथ्यांक अनुसार यस गा.वि.स.मा ६% पुरुषहरु र १% महिलाहरु साक्षार छन् । शिक्षित भने कोही पनि छैनन् । नेपालमा ५४% पुरुष र ३५% महिला साक्षार भएको सन्दर्भमा यस गा.वि.स. को दमाई समाजमा विद्यमान शैक्षिक तथ्यांक न्यून छ । तर हिजोआज यस समाजमा पनि आफ्ना वालवालिकाहरुलाई विद्यालय पठाउने क्रम बढ्दै गएको छ । हालसम्मको स्थितिमा महिलाहरुको साक्षरता प्रतिशत पनि धेरै कम छ । यस अध्ययनको सर्भेक्षणमा १५% (५जना) महिलाहरु साक्षार देखिन्छन् । यस भित्र प्रौढ शिक्षा पढेर साक्षारता हाँसिल गर्नेहरु बढी छन् । त्यसैले २०५८ सालको जनगणना पछिको समयमा यस समुदायको शैक्षिक अवस्थामा द्रुत परिवर्तन भएको भान पर्दछ । तर यो साक्षरताले विभिन्न संस्थाहरुमा कारोबार गर्दा आफ्नो नाम लेख्ने र जनगणना जस्तो तथ्यांक संकलन गर्ने कार्यहरुमा आफूलाई साक्षरता भने अत्यन्त कम छ ।

यस गा.वि.स.का दमाई महिलाहरुले ३-६ वटा वच्चा जन्माउने गरेका छन् । नेपालकै सन्दर्भमा यो संख्या ज्यादा भने छैन । तर संख्यात्मक रुपमा भन्दा पनि बच्चा जन्माउने समयमा आमाहरुले कत्तिको उपचार वा सुविधा पाउँछन भन्ने कुरालाई ध्यान दिनुपर्दछ । गर्भिणी समयमा स्वास्थ्य परीक्षण नगराउनु, सम्पूर्ण मध्ये २१.८८% महिलाहरुले मात्र आंशिक रुपमा त्यो पनि वाध्यात्मक परिस्थितिमा अस्पतालको उपयोग गर्नुलाई सन्तोषजनक मान्न सकिन्न । शुद्ध खानेपानी उपलब्ध नहुनु, खानेपानी लिन २ कि.मी. सम्म हिड्नुपर्ने वाध्यताले यस गा.वि.स.का दमाई महिलाहरुले भोगेको खानेपानी सम्वन्धी स्थिति झल्काउँछ । गच्छेले भ्याए सम्म पौष्टिक आहारहरु त खान्छन् नै । यस समुदायका महिलाहरुलाई कुनै सानो, ठूलो रोग सम्म लागेपछि ९१% महिलाहरु सर्वप्रथम अस्पतालमा नै सल्लाह लिन जाने गर्दछन् । तर रोगको प्रकृति जस्तोसुकै होस् । ९% महिलाहरु आफुलाई रोग लागेपछि धामी झाक्री कहाँ गएर झारफुक गर्दछन् । यस्तो प्रयोग बढी बच्चाहरुलाई गर्ने गर्दछन् । विरामी हुँदासाथ भुतप्रेत लागेको हो कि भनी शंका गर्ने महिलाहरुको सोचाई रहेकोले

यस समुदायको सामाजिक चेतनाको अभावको उदाहरणका रुपमा लिन सकिन्छ । ३७% महिलाहरुले मद्यपान गर्नुलाई पनि नराम्रो स्वास्थ्य सूचक मानिन्छ । यस्ता क्रियाकलापमा राम्रो ध्यान दिन नसक्नाले गम्भीर प्रवृतिका रोगहरु लाग्न सक्दछन् । त्यसकारण पनि यस समुदायका महिलाहरुको स्वास्थ्य स्थिति राम्रो छैन ।

दमाई जातिमा पनि महिलाहरुको काम घर भित्रको नै हुन्छ । विहान उठेर पानी ल्याउने, खाना बनाउने, खुवाउने, वस्तुभाउको हेरवीचार घाँसपातको व्यवस्था दिउँसोमा अर्मपर्म, ज्यालादारी काममा हिड्नु, घरको सफा सुग्घर गर्नु आदि हुन आउँछ । चाडपर्व मान्ने पूजाआजा गर्नेमा महिलाहरुले सक्रिय भाग लिने गर्दछन् । यसबाट यस जातिमा महिलाहरुको स्थान फराकिलो भए भ्कै देखिन्छ ।

परिवारको दैनिक कार्यसञ्चालन गर्दा लिइने निर्णयमा गराइने सहभागिताले पनि सामाजिक अवस्थाको ज्ञान गराउँदछ । यहाँका दमाई समुदायका मानिसहरुले गर्ने कामलाई मुख्यत ३ भागमा वर्गीकरण गरेर विश्लेषण गरिएको छ । घरभित्रको काम, घरवाहिरको काम र महत्वपूर्ण कामहरु, घरभित्रको कामहरु, खाना पकाउने, पशु रेखदेख तथा घरायसी सफा सुग्घरमा महिलाहरुले घर वाहिरको कामहरु खेती लगाउने, वजार जाने, पशु किनवेच औषधीको व्यवस्था गर्ने काम, छिमेकीसँगको सम्वन्ध, पुरुषहरुले गर्ने र यस्ता कार्यहरुमा अरुहरुको राय नलिइकन निर्णय गरीने भएता पनि तात्विक असर नपर्ने भएकाले आ-आफ्नो क्षेत्रभित्र प्राय एकल निर्णय गर्ने गरेको पाइयो । घरायसी कार्यहरुमा महिलाहरुले निर्णय गर्न पाए भन्दैमा उनीहरुको राम्रो स्तर छ भन्न पनि मिल्दैन । वास्तवमा महत्वपूर्ण कार्यहरु जस्तो पैसा राख्ने, छोराछोरीको विवाह र जग्गा किनवेच गर्ने निर्णय गर्दा महिलाहरुलाई कत्तिको सहभागी गराइन्छ ? त्यसका आधारमा मूल्यांकन गर्ने हो भने छोराछोरीको विवाह गर्ने विषयमा ५६.२५% परिवारमा महिलाहरुको राय लिइन्छ । त्यसैगरी जग्गा किनवेच गर्दा १००% परिवारमा महिलाहरुको राय लिइन्छ । यसरी निर्णय प्रक्रियामा महिलाहरुको सहभागिता राम्रो भएको पाइन्छ । तर समग्र समाजमा महिलाहरुको सामाजिक स्थिति

दयनीय देखिन्छ । माथि उल्लेख गरिएको विश्लेषण केवल दमाई समाज भित्रको मात्र हो । तर यहाँ दमाई जाति मात्र छैनन् । दमाइका साथ साथै वाहुन, क्षेत्री र अरु जातिका मानिसहरु वसोवास गर्दछन् । त्यसैले उनीहरुका तुलनामा दमाई महिलाहरुको स्थिति कस्तो छ भन्ने विषयमा केही चर्चा गर्नु ठिक होला । सर्वप्रथम त दमाई समुदायमा जनचेताको अभावका कारणले वालवालिकाहरुलाई विद्यालय पठाइँदैन । विद्यालय गएपनि प्राथमिक तहको अध्ययन पश्चात विद्यालय जान छोड्दछन् । आजका वालिकाहरु नै भोलिका क्रियाशील महिला हुन्छन् । त्यसैगरी आधारभूत स्वास्थ्योपचार जस्तो विभिन्न खोपहरु पोलियो थोपा तथा भिटामिनहरु ख्वाउने कार्यहरुमा पनि उनीहरु ठगिन्छन् । जबकि अरु चेतनशील मानिसहरु नियमित रुपमा सवै उपचार उपलब्ध गराउँदछन् । त्यसैगरी सरसफाई, स्वास्थ्य संस्थाको उपभोगमा यीनीहरुको सहभागिता कम छ । अरु समुदायका मानिसहरु यीनीहरुको तुलनामा बढी सजग हुन्छन्  र उनीहरुको सहभागिता पनि केही बढी नै छ ।

अरु जातिका मानिसहरु झै यीनीहरु विद्यालयमा शिक्षिका, बजारमा पसल तथा अन्य किसिमका कार्यकर्ताहरुको हैसियतसम्म पनि दमाई महिलाहरु पुग्न सकेका छैनन् । यसरी सबै विकास र सुविधाहरुको आधार, चेतना र शिक्षाको उज्यालोबाट बञ्चित दमाई महिलाहरुको समाजभित्र सामाजिक सम्मान र हैसियत भए झै देखिए पनि सामाजिक छुवाछूत, अन्य जातिप्रति परनिर्भर आदि कारणले समग्र रुपमा मूल्याकंन गर्ने हो भने मानसिक रुपले स्वाभिमानी बन्न नसक्नाले काभ्रे गा.वि.स.का दमाई महिलाहरुको सामाजिक अवस्था अत्यन्त निम्न स्तरको छ ।

# अध्याय- सात
# आर्थिक अवस्था

जुनसुकै समाजको आर्थिक अवस्थाको जानकारी हासिल गर्नको लागि त्यस समाजका मानिसहरुले आर्जन गरेको सम्पत्ति, श्रोत तथा यसको किसिमको विषयमा अध्ययन गर्नुपर्दछ । काभ्रे गा.वि.स.का दमाई जातिका महिलाहरुको आर्थिक अवस्थाको अध्ययन गर्ने क्रममा उनीहरुले अपनाएको पेशा भूमिको विवरण, वर्षदिन सम्म खान पुग्ने, नपुग्ने विवरण, महिलाहरुले काम गर्ने अवधि र किसिम, पैत्रिक सम्पत्तिमा महिलाहरुको अधिकार सम्वन्धी अवधारणा, महिलाहरुको गरगहना तथा पेवावापत आदि र अन्य आर्थिक क्रियाकलाप सहितको अध्ययन गरिएको छ ।

## ७.१ पेशा

काभ्रे गा.वि.स.का सवै दमाई जातिहरु कृषि पेशामा लागेका देखिए । पढाई लेखाईको अभावमा जागिर खान नसक्ने, आर्थिक अवस्था राम्रो नभएपछि उद्योग तथा व्यापारमा लाग्न नसक्ने भएकोले पनि यहाँका दमाईहरु कृषिलाई नै आफ्नो पेशा वनाउन वाध्य छन् । उनीहरुको आफ्नो स्वामित्वमा रहेको जमिन कमी हुनाको कारण अन्य जातिको जमिनमा कार्य गर्दछन् । यसरी अरुको जग्गामा खेति गर्दा जग्गा मालिकलाई आधा र कमाउनेलाई आधा गरी उत्पादित वस्तु लगाउँदछन् । विशेष गरी पुरुष दलित अर्काको हलो जोत्ने काम गर्दछन् । जोते वापत वर्ष दिन पछि (बाली थन्काउने वेलामा) ज्याला लिने गर्दछन् भने महिलाहरु ज्यालादार काममा हिड्दछन् आइमाइहरुले गर्ने कामको प्रकृति अनुसार भिन्न भिन्न ज्यालादर निर्माण भएकाले यहाँको महिलाहरु आर्थिक शोषणमा परेका छन् । तर हलो जोत्ने बाहेक महिलाहरु पनि पुरुषहरुको सरह काम गर्न भने सक्दछन् । असारमा धान रोप्नेदेखि लिएर मंसिरमा धान थन्काउने, खेत खन्ने, डल्ला फुटाउने, मल बोक्ने, गोडमेल गर्ने जस्ता

महत्वपूर्ण कार्यहरु गर्दछन् । काम गर्दा पुरुष सरह गरे पनि ज्याला दिदा भेदभाव गर्ने यहाँको चलन नराम्रो छ । दमाई जातिको परम्परागत पेशा लुगा सिलाउने काम पनि आधुनिकीकरण सँगै विस्तारै लोप हुँदै गएको छ । यस अध्ययनको क्रममा गरिएको सर्वेक्षण अनुसार यस गा.वि.स.मा हाल सम्म सिलाई पेशालाई निरन्तरता दिने दमाई महिला, पुरुषको जम्मा ३ घरधुरी देखियो अर्थात कुल संख्याको ९.३७% हुन आउँदछ । लुगा सिउने काम उनीहरुको लागि राम्रो पेशा मानिएतापनि अहिलेको नयाँ पिढिका युवा युवतीहरु यो पेशा सिक्न चाहँदैनन् भन्ने रहेको छ । घरको पुरुषले लुगा सिउन जानेको परिवारका महिलाले पनि महिला-पुरुषका लागि लुगा सिउन जानेको पाइयो । यस्तो परिवारमा लोग्नेले लुगा सिउने र महिलाले ज्याला (बाली) उठाउन हिड्ने गर्दछन् । जसले गर्दा परिवारमा लोग्ने-स्वास्नी वीचको सुमधुर सम्वन्ध कायम रहेको पाइन्छ । लुगा सिलाउन जान्ने परिवारका महिला यस पेशाबाट सन्तुष्ट छन् र लुगा सिलाउन नजान्ने दमाई महिलाहरु यस्तो पेशा अपनाउन नजान्नाले दुःख पाएको गुनासो व्यक्त गरेको पाइयो । यस जातिका पुरुषहरु वाजा वजाउने गर्दछन् । विवाह, विशेष उत्सव, चाडपर्वमा बाजा बजाई निश्चित नगद रकम वा खाद्यन्न उठाउने गर्दछन् । विशेष गरी कृषि नै यीनीहरुको मुख्य पेशा मानिएकोले कृषि पेशामा पनि दुई क्षेत्रहरु देखिन्छन् । खेतिपाती र पशुपालन यी दुवै एक आपसमा अन्तरनिर्भर छन् । त्यसैले यहाँ यी दुईको छुट्टाछुट्टै चर्चा गरीन्छ ।

## ७.१.१ खेतीपाती र महिला

काभ्रे गा.वि.स.मा दलित बस्ती भएको स्थान बाहेक अन्य जात जातिको बस्ती भएको ठाउँमा खेतियोग्य जमिन प्रशस्त भएको पाइन्छ ।

दमाई जातिले पनि आफ्नो थोरै जग्गा भएपनि जमिनको स्वरुप अनुसार खेतिपाती गरेका छन् । यहाँ दमाई जातिले अन्नखेती, तरकारी खेती तथा फलफूल खेती गरेका छन् । अन्न खेतीमा धान, मकै, कोदो, जौ, तोरी, भट्टमास, मास आदि हुन् भने यीनीहरुले गर्ने तरकारी खेतीमा गोलभेंडा, आलु, करेला, भण्टा, काउली, बन्दा,

खुर्सानीहरु मुख्य  हुन् । तरकारी र अन्न खेतीले आफुलाई खान पुग्न पनि धौधौ पर्दछ भने फलफूल खेतीमा थोरै उत्पादन भएपनि बिक्रीवितरण गरी आधारभूत आवश्यकता पूर्ति गर्दछन्, फलफूलहरुमा आँप, अम्बा, मेवा, नासपति, केरा, कटहर, कागती लगाएका छन् । दमाई महिलाहरु परिश्रमी हुन्छन्, यीनिहरुलाई आफ्नो जग्गा जमिनमा काम नपुग्ने हुँदा अन्य जातिको खेतियोग्य जमिन अधियाँ गरी कमाउने गरेका छन् । त्यस्तै अन्य जातिको घरमा उत्पादन भएका फलफूल यीनिहरुले खरिद गरी नजिकको वजारमा लगी विक्री गर्ने गर्दछन् । आफूले उत्पादन नगरेपनि अन्य जातिले उत्पादन गरेको फलफूलवाट फाइदा लिनु भनेको स्वभिमानी पक्षको उदाहरण हो । उनीहरुलाई ज्यालादारीमा काम गर्न गौरव ठान्दछन् । यस्तो कार्यमा महिला बढी सक्रिय भएको पाइन्छ । हलो जोत्ने काम बाहेक खेतिपातीको विऊ वेर्ना राख्नेदेखि लिएर वाली लगाउने, गोडमेल गर्ने तथा काट्ने थन्काउने कार्यहरुमा महिलाहरुले पनि पुरुषहरुले झै काम गर्न सक्दछन् । पुरुषहरु वाहिरको काममा बढी व्यस्त हुने हुँदा आफ्नो घरको खेतिपातीको काममा महिलाहरुको नै बढी सहभागिता रहेको पाइन्छ ।

### ७.१.२ पशुपालन र पशुधन

खेतिपाती र पशुपालन एउटै सिक्काका दुइ पाटाहरु हुन् । यी दुवैको समष्टि नाम नै कृषि हो । त्यसैले सवै कृषकहरुको घरहरुमा झै दमाई कृषकहरुकहाँ पनि कमीतमा १,२ वटा पशुहरु पालिएका हुन्छन् । खेतिपाती गर्दा कम्पोष्ट मल अतिनै आवश्यक हुने र यो पशुपालनवाट नै  प्राप्त हुन्छ । त्यसैगरी पशुपालनको लागि घाँस, सोत्तर, पिठो, पराल आदि आवश्यक पर्दछ र यो खेतिपातीवाट प्राप्त हुन्छ । यसरी यी दुवै व्यवसायहरु एक आपसमा अन्तर सम्वन्धित भएकोले पनि एक व्यवसाय गर्नाले अर्कालाई पनि अगालेका छन् । पशुहरु पनि उत्पादनशील कार्यमा प्रयोग गरीन्छन् । गाईभैंसीवाट दूध, दही, घिऊ गोरुवाट जोत्ने काम, वाखा, पाठा, कुखुरा, हाँसवाट अण्डा तथा मासु र परेवा, मौरी आदिवाट अतिरिक्त आय हुने हुँदा यी सवै पशुधन हुन् । दमाई जातिको आय आर्जनको मुख्य स्रोतमा पशुपालन पर्दछ । यस जातिका

मानिसहरु आफ्नो गाई, भैंसी नभएतापनि साहुकहाँवाट दुइ भैंसी ल्याई पालेवापत एउटा भैंसी आफै राख्दछन् । अधिकांश दमै जातिहरु कुखुरा, हाँस बाहेक, वाखा, गाई, भैंसी अधियाँमा पाल्ने गर्दछन् । तीन देखि चार वर्ष पालेपछि भैंसीले वच्चा (पाडो ) जन्माउँदछ । त्यसपछि मूल्य गरी भैसी मालिकले आधा रकम पाल्नेलाई दिनुपर्दछ । यस गा.वि.स.का दमाइ जातिको प्रमुख आय आर्जनको स्रोत मध्ये यो पनि पर्दछ । यस जातिका मानिसहरुको आर्थिक अवस्था कमजोर हुनाले यीनीहरु आफै पैसा खर्च गरी कुखुरा बाहेक गाई, भैंसी खरीद गरी पालेको देखिन्न, तैपनि उनीहरुको घरमा गाई भैंसी, गोरु, वाखा, कुखुरा लगायत सवैजसो पशुपालन गर्दछन् । परिवारमा रहेका सदस्य संख्याको अनुपातमा पशुपालन धेरथोर पाल्ने गरिएको पाइन्छ । धेरै सदस्य हुने परिवारमा बढी र जनशक्ति कम भएको परिवारमा थोरै पशुधन पाल्ने गरिएको पाइन्छ । पशुधनको विवरणले पनि आर्थिक अवस्था झल्काउने भएको हुँदा सो सम्वन्धमा प्राप्त तथ्यांक विवरण प्रस्तुत छ ।

**तालिका नं. १३:**

**पशुपालनको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| गाई, भैसी, बाखा, कुखुरा, मौरी | ६ | १८.७५ |
| गाई, भैसी, वाखा, कुखुरा | १३ | ४०.६२ |
| गाई, गोरु, वाखा, कुखुरा | ११ | ३४.६७ |
| वाखा, कुखुरा | १ | ३.१३ |
| कुखुरा मात्र | १ | ३.१३ |

श्रोत : स्थलगत सर्भेक्षण, २०६६ ।

पशुपालनमा महिलाहरुको महत्वपूर्ण भूमिका रहेको छ । पशुहरुलाई धोइपखाली सफा सुग्घर राख्न देखि लिएर घाँस, सोत्तर पानी, कुँडो गोठको सरसफाई, दूध दुहुने

कार्यहरु महिलाहरुवाट नै हुन्छन् । महिलाहरुको सक्रिय सहभागिता नहुने हो भने पशुपलनको सम्भावना नै छैन । पशुपालन गरेन भने खेतीपातीलाई प्रतिकूल असर त गर्छ नै यसको अलावा अर्थिक अवस्थामा समेत प्रतिकूल असर पर्न जान्छ ।

## ७.२ भूमिको विवरण

भूमि पनि मानिसहरुको महत्वपूर्ण अचल सम्पत्ति हो । यसको परिमाणवाट पनि त्यस परिवारको आर्थिक अवस्थाको अड्कल गर्न सकिन्छ । यहाँको भूमिलाई २ भागमा विभाजन गरिएको छ । खेत र पाखो धेरै भएर खेत कम हुनेहरुको आयस्ता मध्यमस्तरको हुन्छ । खेत धेरै भएर पाखो कम वा हुँदै नभए पनि राम्रो आयस्ता लिएको देखिन्छ । पाखोको तुलनामा खेतहरु राम्रो मूल्यमा विक्री वितरण गर्न सकिन्छ । त्यसैकारण खेतको मात्रा अनुसार आर्थिक स्तर मापन गर्न सजिलो भएकोले यस सम्बन्धमा पनि सर्भेक्षण गरिएको  थियो, जसवाट प्राप्त तथ्यांक प्रस्तुत छ ।

**तलिका नं. १४:**

**सर्वेक्षित परिवारमा भूमिको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पाखो मात्र हुने | ७ | २१.८७ |
| ०-२ रोपनी सम्म खेत र पाखो हुने | १३ | ५०.० |
| ३-५ रोपनी खेत र पाखो हुने | ६ | १८.७५ |
| ५-६ रोपनी खेत र पाखो हुने | ३ | ९.३८ |

स्रोत :- स्थलगत सर्भेक्षण, २०६६ ।

भूमिका आधारमा यहाँका दमाईहरुको आर्थिक अवस्थाको मापन गर्दा ५ रोपनी भन्दा बढी खेत र पाखो हुने परिवारलाई उत्तम आर्थिक अवस्था, ३-५ रोपनी खेत र पाखो हुनेहरुलाई मध्यम आर्थिक अवस्था र त्यसभन्दा घटी खेत र पाखो हुने तथा पाखो मात्र हुने परिवारको आर्थिक अवस्थालाई निम्न स्तरको आर्थिक अवस्थाको रुपमा हेर्न सकिन्छ। तर यो विवरण अन्य जातिको तुलनाको हकमा अति नै न्यून रहेको छ। मात्रात्मक हिसाबले जमिनको क्षेत्रफल बढी भए पनि उर्वराशील क्षमता भएको नहुँदा यसवाट उत्पादन हुने आम्दानी अति नै कम हुने गर्दछ।

## ७.३ खेतीपातीवाट हुने आम्दानी :

यहाँको दमाई समुदायमा अधिकांश मानिसहरु कृषक भएकोले यहाँको आम्दानीको मुख्य श्रोत कृषि नै हो। तर उनीहरुको भूमि कमी हुनाले आफ्नो खेतीको आयवाट मात्र खान पुग्दैन। भूमि हुनेको पनि खेत हुनेहरुले बढी उत्पादन लिन्छन भने वारी पाखोको कुनै भरोसा छैन। यस अध्ययनका क्रममा उनीहरुको खेतीपातीको आयस्तरले कति सम्म गुजारा चल्छ ? पुग्छ कि पुग्दैन भनेर सर्भेक्षण गरिएको थियो। जुन तल तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. १५:**

**खेतीपातीबाट हुने आम्दानीको विवरण**

| विवरण | संख्या | प्रतिशत |
| --- | --- | --- |
| एक महिना सम्म खान नपुग्ने | १२ | ३७.५ |
| दुई महिना सम्म खान पुग्ने | ९ | २८.१२ |
| तीन महिना सम्म खान पुग्ने | ६ | १८.७ |
| ६ महिना सम्म खान पुग्ने | ५ | १५.६ |
| बर्ष दिन सम्म खान पुग्ने | ० | ० |

स्रोतः स्थलगत सर्भेक्षण, २०६६।

तालिका नं १५ मा उल्लेख भए अनुसार १५.६% परिवारमा वर्ष दिनको कृषिको आम्दानीवाट ६ महिना सम्म खाना पुग्ने देखियो । त्यसैगरी १८.७% परिवारमा ३ महिना सम्म खाना पुग्छ भने २८.१२% परिवारमा २ महिनासम्म खान पुगेको पाइयो । त्यस्तै ३७.५% परिवारमा बर्ष दिनको खेतिपातीको आम्दानीले १ महिना पनि खान नपुग्ने पाइयो । बाँकी समय वैकल्पिक उपायहरु जस्तै हली लगाउनु, खेताला ज्यालादारी काममा निर्भर रहनु पर्ने देखिएकोले यो समुहलाई विपन्न स्तरमा राख्न सकिन्छ । यीनीहरुको जनजीवन कष्टकर छ । उनीहरुको भाषामा पाखुरामा वल छउन्जेल खाने हो, त्यसपछि छोराछोरीलाई ऋण वोकाउनु पर्दछ । यसरी माथिको तथ्यांकवाट के थाहा हुन आँउछ भने यस गा.वि.स. का दमाई परिवारमा आफ्नो खेतीको आम्दानीले कसैलाई पनि वर्ष दिन सम्म खान नपुग्ने देखिन्छ । दमाई भित्र उच्च स्तर मानिने परिवारलाई पनि आफ्नो खेतीको आयस्रोतवाट जम्मा ६ महिना मात्र खान पुग्ने देखिन्छ । त्यसभन्दा बाहेकको समय ज्याला मजदुरी गरेर जीवन निर्वाह गर्नुपर्ने वाध्यता छ । यसरी धेरै परिश्रम गरेर पनि उनीहरुलाई आफ्नो उब्जनीले खान नपुग्दा अन्य जातिको निर्भर र दासीको रुपमा वस्नु पर्ने वाध्यता छ । जसले गर्दा यस जातिको मानिस मानसिक रुपमा पनि दलित हुन पुगेका छन् । जसको फलस्वरुप पुरुषले मात्र गरेको कामवाट परिवारलाई धान्न मुस्किल हुनाले महिलाहरु पनि ज्याला मजदुरीमा त्यत्तिकै सक्रिय भई हिड्नु पर्दछ ।

## ७.४ महिलाहरु क्रियाशील रहने समय र कामको विवरण

दमाई जातिका महिलाहरु दैनिक कार्यहरुमा वढी नै व्यस्त हुन्छन् भन्ने कुराहरु त अगाडि नै आई सकेका छन् । घर परिवारका दैनिक काम कारवाहीहरु विहानै देखि शुरु गर्दछन । र वेलुकी अवेर सम्म निरन्तर गरीरहेका हुन्छन् । यसका अलावा मेलापात अर्मपर्म, ज्याला मजदुरी गर्नुपर्ने महिलाहरुलाई कामको अतिरिक्त बढी भार समेत पर्न जान्छ । आफ्नो खेतीमा पनि कतिपय समय दिनुपर्ने हुन्छ । यस अध्ययनका

क्रममा यहाँको दमाई महिलाहरु क्रियाशील रहने समयका विषयमा प्राप्त तथ्याङ्कलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. १६:**

**दमाई महिलाहरु क्रियाशील रहने समय र कामको विवरण**

| विहान उठ्ने समय | वेलुकी सुत्ने समय | काम गर्ने अवधि | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| ६ वजे | ९ वजे | १५ घण्टा | १३ जना | ४०.६३ |
| ६ वजे | ८ वजे | १४ घण्टा | ८ जना | २५ |
| ६ वजे | १० वजे | १६ घण्टा | ३ जना | ९.३७ |
| ५ वजे | १० वजे | १७ घण्टा | २ जना | ६.२५ |
| ५ वजे | ९ वजे | १६ घण्टा | ३ जना | ९.३७ |
| ५ वजे | ८ वजे | १५ घण्टा | २ जना | ६.२५ |
| ७ वजे | ८ वजे | १३ घण्टा | १ जना | ३.१३ |

स्रोत : अन्तरवार्ता सूची, २०६६ ।

विहान उठ्ने समय र बेलुकी सुत्ने समय बीचको सवै समयमा महिलाहरु क्रियाशील रहन्छन् भन्न मिल्दैन किनकि त्यही अवधिमा महिलाहरु खाना खाने, आराम गर्ने, इष्टमित्र भेट्ने चाडपर्व मान्ने तथा मनोरञ्जन गर्ने कार्यहरु पनि गर्दछन् । तर विहान उठ्ने र बेलुकी सुत्ने समयले भने उनीहरुको क्रियाशीलतामा फरक पर्दछ । माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा आर्थिक अवस्था नराम्रो हुनेहरु बढी समयसम्म क्रियाशील रहने गरेको पाइयो । यसरी हेर्दा दिनमा १५ र १७ घण्टा सक्रिय हुनेहरु निम्नस्तर र १३, १४ घण्टा सक्रिय रहनेहरु उत्तमस्तरमा र १५ घण्टा सक्रिय रहनेहरुलाई मध्यम स्तरमा राख्न सकिन्छ ।

वास्तवमा दमाई जातिको परिवारमा काम गर्न सक्ने महिला वा पुरुष बढी छन् भने त्यो परिवारलाई धान्न सजिलो पर्दछ । ६ महिना सम्म आफ्नो उब्जनीले खान पुग्ने

परिवारलाई थोरै परिश्रम गरेपनि हुन्छ । भने २-३ महिना मात्र खान पुग्ने परिवारको लागि सँधै अर्कोको काम र ज्याला मजदुरी गर्नु परेको देखिन्छ । यहाँका दमाई महिलाहरुले सामान्यतया घरेलु महिलाहरुले गर्नुपर्ने सवैजसो कार्यहरु गर्नुपर्दछ । यहाँको ९३.७५% महिलाहरुले गर्ने कामको किसिम उस्तै देखियो । यी महिलाहरु विहान उठेर पानी ल्याउने, घर पोत्ने, परिवारको आकार र किसिम अनुसार भात, भान्छा घाँसपात सरसफाई जस्ता कार्यहरु गर्दछन् । त्यस्तै दिउसो काम गर्ने वाहिर जान नसक्ने वच्चा केटाकेटीले घर हेर्न र महिलाहरु पुरुषसँगै ज्याला मजदुरी अर्म-पर्म मेलापात, दाउरा संकलन गर्न जाने गरेको देखिन्छ । बेलुकी गाईवस्तुको रेखदेख, दूध दुहुने, भात भान्छा तयार गर्ने तथा भाँडाकुँडाहरु सफा गर्नुपर्दछ । भात पकाउने काममा कहिलेकाही पुरुषहरुले सघाएपनि भाँडा माझ्ने काम गर्न महिलाहरुले नै गर्नुपर्दछ ।

६.२५% महिलाहरु भने संयुक्त परिवारको सासुको स्थानमा रहेकाले नाति नतिनाहरु हेर्ने छोरा तथा वुहारीहरुलाई कामको वातावरण मिलाईदिने तथा अह्राउने, सिकाउने गर्ने गरेको पाइन्छ । तर यीनीहरु पनि आफूले सकेको काममा परिवारका सदस्यलाई सघाउने तथा विष्टको घरमा गई काम गरी आफूलाई खाने वाटो गरेका हुन्छन् ।

## ७.५ सम्पत्तिमा अधिकार

यस जातिका महिलाहरुको प्रत्यक्ष नियन्त्रणमा सम्पत्ति भएको देखिदैन । अरु जात जातिमा जस्तै दमाई समाजमा पनि जग्गा जमिनहरु लोग्ने मानिसको नाममा नै रहन्छ । लोग्ने मानिसको शेषपछि मात्र महिलाहरुका नाममा रहन सक्छ । तर जुन परिवारमा महिलाहरु सक्रिय घर व्यवहारमा लागेका हुन्छन् । नगद रुपैयाँ पैसाको कारोवार पनि उनीहरु नै गर्दछन् । विशेष गरी अरु परिवारमा पनि सञ्चयका लागि जम्मा भएको नगद रुपैया पैसाहरु महिलाहरु नै राख्दछन् । खर्च गर्नुपर्ने समय आएपछि आवश्यकता अनुसार झिक्दछन् । यस जातिका पुरुषहरु सञ्चय गर्नुभन्दा

अनावश्यक रुपमा वढी खर्च गर्ने  हुनाले काम गर्ने ठाँउमा पनि पुरुषलाई दिनुपर्ने नगद रुपैयाँ पनि महिलालाई दिने   गर्दछन् । यस गा.वि.स.को दमाई जातिका महिलाहरुलाई पैत्रिक सम्पत्ति, छोरा छोरीलाई समान हक हुनुपर्दछ भन्ने भनाई सुन्नु भएको छ भन्ने जिज्ञासा राख्दा ९६.३७% महिलाले सुनेको र ३.१३% महिलाले नसुनेको जनाए । यस अध्ययनको ऋममा पैत्रिक सम्पत्तिमा छोरीलाई अधिकार हुन आवश्यक छ कि छैन भन्ने जिज्ञासा राखी तथ्याङ्क संकलन गरिएको थियो । सो को विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं १७:**

**पैत्रिक सम्पत्तिमा छोरा छोरीको अधिकारमाथीको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पैत्रिक सम्पत्तिमा छोरा सरह छोरीको अधिकार हुनुपर्दछ | २० | ६२.५ |
| पैत्रिक सम्पत्तिमा छोराको मात्र अधिकार हुनुपर्दछ | १२ | ३७.५ |

स्रोतः स्थलगत सर्भेक्षण, २०६६ ।

तालिका नं. १७ मा उल्लेखित आंकाडा अनुसार ६२.५% महिलाहरु पैत्रिक सम्पत्तिमा छोरा सरह छोरीलाई पनि अधिकार हुनुपर्दछ । र उनीहरुलाई भए सम्म अंश दिनुपर्दछ । हामी सँग त सम्पत्ति नै छैन  कसरी दिने भन्ने वीचार राखे । उनीहरुका अनुसार छोरा सरह छोरीहरुले पनि अंश लिँदा  महिलाहरुको पनि इज्जत हुने, पुरुषहरुले हेप्न नसक्ने र छोरीहरुलाई पनि पैत्रिक सम्पत्तिको अधिकार प्राप्त हुने धाराणा राखे । त्यसैगरी ३७.५% महिलाहरु छोरीहरुलाई पैत्रिक सम्पत्तिमा सहभागी गराउनु हुन्न भन्ने वीचार राखे । उनीहरुका अनुसार यसरी छोरीलाई अंश दिंदा परम्परागत रुपमा चल्दै आएको सामाजिक संरचना भत्कने, महिलाहरुको झन् बढी शोषण हुनसक्ने सम्भावना रहन्छ भन्ने अवधाराणा रहेको पाईयो । गर गहना पनि समाजको आर्थिक अवस्था

झल्काउने महत्वपूर्ण सूचक हो । सामान्यतया गरगहनाहरुमा महिलाहरुको आर्थिक नियन्त्रण रहन्छ । यस समुदायमा कुनै परिवारको आर्थिक अवस्था राम्रो भएमा महिलाहरुले गहनाहरु वनाउने चलन छ । कुनै समयमा आफूहरुलाई आर्थिक संकट परेमा यसलाई धितो राखेर काम चलाउन सकिने जिन्सीको रुपमा लिइन्छन् । गरगहनाहरु प्राय सुनवाट वनेका हुन्छन् । अन्य जातिको झैं यस जातिका पनि हौसियतले नभ्याउदा गरगहना उनीहरुको लागि अरुको हेरेर मन बुझाउने गर्दछन् । तर सामान्यतया विवाहित महिलाको लागि आधारभूत गहनाहरुमध्ये तिलहरी, नौगेडी, फूली, ढुंग्री, रीङ, झुम्की सम्म अलि सम्पन्न परिवारमा मात्र वनाइएका हुन्छन् । प्रौढ र बृद्धहरु ढुंग्री, मुन्द्रा, बुलाकी आदि लगाउन मन पराउँछन् । यसरी सबै जसो गहनाहरु भएका महिलाहरु १५.६२% (विवाहित) रहेका छन् । गहनाको थोरै परिकार हुने महिलाहरु ७१.८८% रहेका छन् । यीनीहरुका आधारभूत गहनाहरु तिलहरी, टप, फूली आदि हुन्छन् । यीनीहरुलाई यस दृष्टिकोणवाट मध्यमस्तरमा राख्न सकिन्छ तर १२.५% महिलाहरुसँग कुनै पनि किसिमका गरगहनाहरु नभएको पाइयो । यीनीहरुलाई निम्न आर्थिक स्तर भएका महिलाहरुको श्रेणीमा राख्न सकिन्छ ।

## ७.६ महिलाहरुको सम्पत्तिको स्रोत तथा पेवापात

दमाई समाजका महिलाहरुको सम्पत्ति भनेको आफ्नो लोग्नेको नाममा रहेको जग्गा जमिन, घरवारी आदि नै हुन् । यसका अलावा विवाहका समयमा प्राप्त दाइजो र पेवापात आदि पनि महिलाहरुकै सम्पत्ति हुन् । त्यसैले दमाई महिलाहरुको सम्पत्तिको मुख्य स्रोत भनेको आफ्नो घर परिवार र यसवाट हुने आम्दानी हो । माइतीलाई पनि दोस्रो दर्जाको स्रोत मान्न सकिन्छ । किनकि माइतीवाट जग्गा जमिन लगायतका अन्य सरसामानहरु दाइजोको रुपमा प्राप्त गर्न सक्दछन् । दाइजो पेवापातलाई पनि महिलाहरुको निजी सम्पत्तिको रुपमा हेर्न सकिन्छ । तर एकल परिवारका महिलाहरु आफै परिवारको सर्वेसर्वा हुने भएकाले पेवाको कुनै अर्थ रहदैन संयुक्त परिवारका सासूहरु पनि महिला प्रमुख हुने भएकाले उनीहरुमा पनि खास पेवाको महत्व देखिदैन

तापनि १८.७५% (६ जना) महिलाहरुसँग धेरथोर पेवापात अथवा माइतीले दिएको दाइजो भएको पाइयो । जसमध्ये बाख्रा, गाई, भैसी, कुखुरा, लुगा सिउने मेसिन नै मुख्य हुन् र यसको स्रोत पनि माइती नै भएको पाइयो ।

## ७.७ विविध

माथि उल्लेख गरीए वमोजिम दमाई भित्र पनि थोरैको राम्रो, धेरैको नराम्रो आर्थिक अवस्था भएकोमा कसरी उनीहरु आर्थिक अवस्थाको सन्तुलन कायम गर्दछन् भन्ने जिज्ञासा लाग्नु स्वभाविकै हो । अक्सर आफ्नो खेतीको उब्जनीले वर्ष दिन सम्म खान नपुग्ने संख्या अधिक हुनाले प्राय सबै ज्याला मजदुरीमा निर्भर रहनु पनि स्वभाविकै हो । ज्याला मजदुरीमा पनि नियमित रुपमा काम पाउन सम्भव रहँदैन । जसको फलस्वरुप सर्बप्रथम त परिवारको खाद्यान्नको समस्यावाट पार पाउन र त्यसपछि परिवारका विविध पूजा आजा तथा संस्कारहरु पूरा गर्न समेत पैसाको खाँचो पर्दछ । त्यस्तो अवस्थामा ऋण गर्नु नै एक मात्र उपाय हो । तर ऋण दिने संस्था को ? गाउँका साहु महाजनहरु मोटो व्याज लिन  पल्केका हुन्छन् । अनपढ मानिसलाई बढी रकमको कागज गराउन चुक्दैनन् । आखिर उसले जग्गा नै वेच्नु पर्ने वाध्यता हुनजान्छ । यसरी दमाई जातिहरुको आर्थिक  अवस्था झन-झन नराम्रो हुदै गइरहेको छ । यस्तो विषम परिस्थितिलाई मध्यनजर राखेर विभिन्न संस्थाहरु जस्तो महिला विकास शाखा, ग्रामिण महिला उत्थान केन्द्र,दलित महिला बिकाश मञ्च लगायतका सरकारी तथा गैर सरकारी संस्थाहरुले यहाँका दमाई महिलाहरुलाई आधारभूत प्रौढ शिक्षाहरु प्रदान गरेका छन् । यी संस्थाहरुमा पनि विशेष गरी दलितको मात्र वहस र उत्थान गर्न स्थापना भएको दलित महिला बिकाश मञ्च ले दलित वीच विभिन्न वाल समूह, महिला समूह गठन गरी वचत संकलन गर्ने, तरकारी खेती लागाउने र त्यस्तो वचत समूहमा सस्तो व्याजमा लगानी गर्ने र सरकारी निकायवाट पाईने आर्थिक सहयोग तथा अनुदान लिन सक्ने वातवरण मिलाई दिनुका साथै आर्थिक क्षमतामा अभिवृद्धिका साथै सामाजिक भेदभावको रुपमा रहेको छुवाछूतको प्रथालाई हटाउने

खालका कार्यक्रमहरु संचालन गरीरहेका छन् । त्यस्तै गाउँ विकास समितिले पनि दलित वर्गको समूह बनाई गरीवी निवारण शिर्षकमा आर्थिक सहयोग गर्ने गरेको पाइन्छ । वर्तमानमा आएर उनीहरुले आफ्नो स्वामित्वमा रहेको जग्गा जमिन धितो राखी साना किसान विकास परियोजनावाट आफ्नो घर व्यवहार चलाउन, विभिन्न उद्देश्य बनाई बाख्रा पालन, भैंसी पालनको लागि ऋण लिने गरिएको पाइन्छ । यसरी ऋण लिनेको संख्या पनि २५% रहेको पाइयो । यसवाट पनि उनीहरुमा चेतनाको स्तरमा बिस्तारै बृद्धि भएको पाइन्छ । गैर सरकारी संस्थाको शसक्तीकरण तर्फ उन्मुख गराउने अभियानले गर्दा यीनीहरुमा पनि केही परिवर्तन आउनु पनि सन्तोषजनक उपलब्धि भएको मान्न सकिन्छ ।

## ७.८ महिलाहरुको आर्थिक अवस्थाको मूल्यांकन

दमाई जातिका महिलाहरुको आर्थिक अवस्था भनेर छुट्टै रुपमा अध्ययन गर्नु गाह्रो हुन्छ । किनकि समग्र परिवारिक आर्थिक अवस्था नै उनीहरुको पनि आर्थिक अवस्था हो । यसर्थ उनीहरुको छुट्टै आर्थिक अवस्था कस्तो छ भन्दा पनि समग्र पारिवारिक आर्थिक अवस्थालाई सन्तुलनमा राख्न एउटी महिलाले पुऱ्याएको योगदानलाई अध्ययन गर्दा उनीहरुको आर्थिक अवस्था झल्कन्छ । पेशागत रुपमा विश्लेषण गर्ने हो भने अधिकांश दमाई जातिको पेशा कृषि नै देखिन्छ । कृषिका अतिरिक्त पुरुषहरु वाजा वजाउने गर्दछन । त्यस्तै लुगा सिलाउन जान्ने पुरुषको घरमा महिलाले पनि त्यही काममा सहयोग गर्ने गर्दछिन् । त्यो बाहेक ज्याला मजदुरीमा हलो जोत्ने काम बाहेक सबै काममा पुरुष सरह काम गर्ने गर्दछन् । खेतीपाती गर्दा वालीनाली लगाउने, गोडमेल गर्ने, फसल काट्ने जस्ता प्राय सबैजसो कार्यहरु महिलाहरु गर्दछन् । तरकारी खेती गर्ने कार्यहरुमा पनि महिलाहरुको सक्रियता देखिन्छ । त्यसैले दमाई जातिको समुदायमा हुने आर्थिक उत्पादनमा महिलाहरुको महत्वपूर्ण भूमिका रहन्छ । पशुपालन गर्ने कार्यहरुमा महिलाहरु उत्तिकै श्रमदान गर्दछन् । गोठको सफाई वस्तुभाउको सफाई रेखदेख, कुडोंपानी, घाँसपात, सबैजसो कार्यहरु महिलाद्वारा

गरीन्छ । त्यसैले यस पेशामा पनि महिलाहरुको व्यापक योगदान पुगेको छ । दमाई समाजमा कुनै परिवारमा आर्थिक अवस्था राम्रो हुनुमा उनीहरुको जमिनको मात्राले पनि फरक पार्दैन । धेरै गुणस्तरीय जमिन हुनेले राम्रो आयआर्जन गर्दछन् । त्यसमा पनि महिलाहरुको उत्तिकै महत्वपूर्ण भूमिका रहन्छ । त्यस्तै पुरुष विदेश गएको परिवारमा पुरुषको नियमित कमाई भएपनि महिलाले आफ्नो घरको काम सँगै ज्याला मजदुरीको काम गर्न नछोड्नु पनि महिलाको परिवार प्रति गरीने लगानी र जिम्मेवारीपन महत्वपूर्ण पक्ष हो । आफ्नो खतीपातीको आयस्ताले वर्षदिन सम्म खान नपुगेपनि आम्दानीको लागि बढी समय दिनु पर्ने परिवारको पालन पोषण गर्नुमा पुरुषको मात्र दायीत्व हो, भन्ने मान्यता उनीहरुमा नहुनु जस्तै लोग्ने ज्यामी वा मिस्त्री छ भने लोग्नेले गर्ने काममा सघाउने गर्दछन् । आफ्नो घरको गाह्रो काममा पनि लोग्ने, स्वास्नी मिलेर गर्ने हुनाले परिवार पनि मिलेको देखिन्छ ।

यस समुदायमा अधिकांश महिलाहरु १५ देखि १७ घण्टा सम्म क्रियाशील रहन्छन् । यीनीहरुलाई निम्न आयस्तर भएका महिलाको रुपमा हेरिन्छ । १३ देखि १४ घण्टा सम्म क्रियाशील रहने महिलाहरु पनि छन । तर उनीहरुको संख्या थोरै छ । उनीहरु क्रियाशील रहने समयका आधारमा उनीहरुको मूल्यांकन गर्नु पर्दा थोरैको आर्थिक स्तर राम्रो छ, धेरैको आर्थिक अवस्था विग्रेको छ, तर समग्रमा अधिकांशको आर्थिक अवस्था विग्रेको नै छ । यसमा पनि अलि राम्रो हुनेमा परिवार संख्या कम त्यसमा पनि सबै काम गर्न सक्ने परिवार सदस्य हुनुले पनि फरक पार्दछ । धेरै परिवार संख्या भएको घरमा आर्थिक नियन्त्रण पनि बढी भएको र श्रम पनि बढी गर्नु पर्ने देखिन्छ । परिवारको जग्गा, जमिन तथा अन्य सम्पत्तिहरु प्राय पुरुषहरुकै नियन्त्रणमा रहने चलनलाई महिलाहरु प्रतिको अन्याय देखिए पनि पुरुषहरुको शेषपछि महिलाहरुमा अधिकार सबै सामाजिक संरचना भएकाले यसलाई नकारात्मक रुपमा लिनु पर्ने छैन । त्यस्तै महिलाहरुले चाहेमा श्रीमानसँग जुनसुकै समयमा पनि दामासाहीले अंश पाउन सक्ने कानूनी मान्यता यीनीहरुमा पनि लागू हुन्छ । त्यस्तै पैत्रिक सम्पत्तिमा छोरीहरुको अधिकार हुन्छ कि हुँदैन भन्ने प्रश्नमा ६२% भन्दा बढी

महिलाहरुले सकरात्मक जवाफ दिनुले यस समुदायका महिलाहरु छोरा र छोरी बीचको लैङ्गिक विभेद कम गरीनु पर्दछ भन्ने मान्यता बढी भएको पाइयो । गरगहना तथा पेवापातहरु प्राय महिलाहरुकै नियन्त्रणमा रहन्छन् । तर परिवारमा आर्थिक संकट परेमा यीनीहरु त्यस्तो गरगहना पेवा तथा दाइजोका चीजहरु धितो राख्ने तथा बिक्री वितरण सम्म पनि गर्न सक्छन् । जसले गर्दा महिलाहरु पनि पूर्ण रुपमा परिवार प्रति उत्तरदायी भएको देखिन्छ । परिवारको आर्थिक अवस्थालाई सन्तुलनमा ल्याउने दमाई महिलाहरु विभिन्न समूह बनाई वचत संकलन गर्नु, बाख्रा पालन, भैंसी पालनको लागि कृषि विकास वैकवाट ऋण लिई व्यवसाय गर्नु पर्ने पनि महिलाहरुको राम्रोपन मानिन्छ । समग्रमा भन्नु पर्दा दमाई जातिमा पुरुषलाई भन्दा महिलालाई बढी विश्वासिलो र इमान्दारी मानिन्छ । किनकि पुरुषहरु बढी  रक्सी सेवन गर्ने, काम गरेको पैसा संकलन तथा राम्रोसँग उपयोग नगर्नाले पुरुषले काम गरेको ठाँउमा महिलाले पारीश्रमिक उठाउने गरेको पाइन्छ, जसले गर्दा यस जातिमा महिला प्रधान परिवार भएको पनि भन्न सकिन्छ । तर अरु जातिका मानिसहरुको तुलानामा यीनीहरुको आर्थिक अवस्थालाई हेर्ने हो भने अधिकांश रुपमा थोरै जमिन, थोरै आम्दानी, निश्चित व्यवसाय नहुनु, सम्पत्तिमा पुरुषको एकाधिकार, धेरै श्रम गर्नुपर्ने वाध्यता आदिलाई हेर्दा दमाई जातिका महिलाहरुको वर्तमान आर्थिक अवस्था अत्यन्त खस्कँदो र न्यून स्तरको देखिन्छ ।

# अध्याय- आठ

# छुवाछूतले दमाई महिलाहरुको सामाजिक आर्थिक अवस्थामा पारेको प्रभावहरुको विश्लेषण

नेपालमा सवैभन्दा अमानवीय सामाजिक व्यवहार भनेको छुवाछूतको व्यवहार हो । २०२० सालको मुलुकी ऐनले कानुनी रुपमा छुवाछूतको व्यवहार अन्त्य गरेको भए पनि व्यवहारमा अझ ज्यूँका त्यूँ छ । छुवाछूतको समस्याले महिला र पुरुष दलित दुवै उत्पीडत छन् । दलित महिला होस् वा दलित पुरुष होस् छुवाछूतको दुर्व्यवहार पानी पँधेरा र सार्वजनिक धाराहरुमा पानी भर्न जाँदा, होटल भित्र पस्न र आफूले खाएको भाँडा वा गिलास माझ्न, मन्दिर भित्र प्रवेश गर्न, भोज भतेरमा सँगै बसेर खान, गाउँघरका पसल, घर र गोठमा पस्न, आदि क्षेत्रमा बढी छुवाछूत हुने गरेको पाइन्छ । यस अध्ययनको क्रममा काभ्रे गा.वि.स.मा दमाई जातिले आफूले प्रत्यक्ष भोगेको छुवाछूतका घटनाहरु पहिले भन्दा अहिले सुधार हुँदै आएको पाइयो । यस क्षेत्रका दमाई जातिहरु हिजो विष्टको खाना खाँदा खाइसकेपछि पातका टपरा खाल्टोमा राखी माटोले पुर्ने गर्दथे । उनीहरुले खाएको जुठो टपरी अरु जातिले देख्न हुदैनथ्यो । देखेमा अशुभ मानिन्थ्यो । विस्तारै उनीहरुले खाने भाँडा छुट्टै सिलौटका हुन थाले । जुन भाँडा घर भित्र लगिदैन, वाहिर नै खान राखिन्थ्यो । स्थानीय दमाई वुढापाका व्यक्तिका अनुसार दमाई, कामीसँग बाहुन क्षेत्री छोइएमा वाहुन क्षेत्रीले “पातीको पात र दर्शन ढुङ्गा” चपाई खाए पछि चोखो हुने प्रचलन थियो । अहिले आएर छोइछिटो वार्ने प्रचलन हराएपनि अझै पनि पूराना धारा पँधेरा भिन्दा भिन्दै रहेका छन् । दलित भित्र पनि जातीय एकता रहेको पाइँदैन । दलित समाजभित्र पनि जातपात र छुवाछूतको प्रथा हावी छ । कामीले छोएको सार्कीले नखाने, सार्कीले छोएको कामीले नखाने, दमाईले छोएको, कामी, सार्की दुवैले नखाने, गाइने र बादीले छोएको दमाइले नखाने चलन छ । यस गाउँमा पनि दमाईलाई मात्र दलित भन्ने सार्की र कामीको सोचाई रहेको छ ।

छुवाछूतलाई यीनीहरु सहजै स्वीकार गर्दछन् । यो परापुर्वकालदेखि चलिआएको मान्यता हो । यसलाई हामीले पनि निरन्तरता दिनु पर्दछ भन्ने सोचाई यीनीहरुको छ । यस मान्यतालाई निरन्तरता दिइरहँदा दलित जाति सामाजिक रुपमा पछाडि परिरहेछन् । उनीहरु स्वाभिमानी हुन सकिरहेका छैनन् । आदिकालदेखि सेवकको रुपमा रहेका दलितहरु आफूभन्दा ठूला जातको कुभलो गर्ने काम कहिल्यै गर्नु हुँदैन भन्ने मानसिकता यथावत नै रहेकोले माथिल्लो जातिका मानिसले फाइदा लिइरहेका छन् । दलित र गैह्रदलितबीच सामाजिक रुपमा विभेदको खाडल रहेपनि कामको सिलसिलामा दलितलाई सहयोगीको रुपमा हेरेको पाइन्छ । दलितहरु पनि अन्य जातिप्रति परनिर्भर हुनुपर्ने वाध्यताले गर्दा पनि समाजमा मिलेर बसेको पाइन्छ । जसले गर्दा दलितलाई गैह्र दलिते सामाजिक रुपमा हेर्ने दृष्टिकोणमा परिर्वतन आउन सकिरहेको छैन र दलित महिलाको आर्थिक क्षेत्रमा नयाँ पेशा अगाल्ने उनीहरुलाई मनोवैज्ञानिक असर परिरहेका छ । दलित महिलाहरुलाई छुवाछूतबाट सृजित  प्रभावहरुलाई विभिन्न ढाँचाहरुबाट हेर्ने प्रयास गरीरहेको छ । जो निम्न छन् ।

## ८.१ छुवाछूत हुने स्थान र त्यसको प्रत्यक्ष असर

दलित महिलाहरुले विभिन्न स्थलहरुमा छुवाछूतको दुर्व्यवहार भोग्नु परेको अवस्थाले उनीहरु समाजिक रुपमा अपहेलित, गैह्र दलितले दलित महिलालाई नकारात्मक भावनाले हेर्नु, हेपाहा र शोषण गर्ने प्रवृत्ति हावी हुनु उनीहरुको काममा कम मूल्याङ्कन गर्नु, अपशब्द, घोचपेच, अनादर भावनाले सम्बोधन गर्ने जस्ता व्यवहारलाई सहजै स्वीकार गर्नु पर्ने बाध्यता एकातिर छ, किनकि उनीहरुको आर्थिक स्रोत भनेको विष्टको घर मानिन्छ । घर व्यवहार चलाउनको लागि विष्टप्रति उत्तरदायी हुनुपर्ने अवस्थाले गर्दा पीडित भएर पनि जस्तोसुकै बाधा अड्चन सहनुपर्ने स्वीकार गर्दछन । यहाँका दमाई महिलाहरु सार्वजनिक स्थल, धारा, पँधेरा, मन्दिर, घर, भोजभतेर, सभा समारोह, होटल आदि स्थानमा बढी छुवाछूतको समस्या भोग्ने गर्दछन् तथ्यांङ्कको आधारमा ९८% महिलाहरु पहिला नै आफैले जानेर यस्ता स्थानबाट टाढा

हुनुपर्दछ भन्ने भनाई रह्यो भने २% महिलाहरुले आफै नर्तकदा अरु जातिले नै तर्कने आदेश दिने हुँदा त्यो अवस्थामा झन हिनताबोध भएको महशुस गरेको पाइयो । धारा पँधेरामा जानु पर्दा लामो समयसम्म पर्खनु पर्ने हुँदा घरको काम विताउनु पर्ने, धारोमा गाग्री छोड्दा गाग्री नै कुच्चिएको पाइने हुनाले अरु जातिले प्रयोग गर्ने धारा पँधेराको पानी भर्दा आफू अपमानित हुनुभन्दा खोला र छुट्टै कुवाको पानी खानु पर्ने बाध्यता भएको यहाँको दमाई महिलाको समस्या  पाइयो, जुन कुला खोला र कुवाको पानी पिउने गर्दा उनीहरुको स्वास्थ्यमा प्रतिकूल असर पर्ने हुँदा झन गरीबी तर्फ धकेलिन प्रत्यक्ष सहयोग पुऱ्याएको पाइन्छ । दलित महिला विना पारीश्रिमक एक छाक खानाको भरमा दिनभरी काम गर्नुपर्ने बाध्यता छ, उनीहरुलाई सम्बोधन गर्दा फलानी दमिनी, यस्ती उस्ती भनेर बोलाउने गर्दछन् आफूलाई दलित भएर जन्मेकोमा धिक्कार मान्दछन् विष्टहरु नै दमाई महिलाका स्रोत केन्द्र भएकोले उनीहरुको विरुद्धमा जाँदा भोली काम नपाइने होकि भन्ने डरले स्वाभिमानी बन्न नसकेको गुनासो व्यक्त गर्दछन् ।

## ८.२ सार्वजनिक स्थानमा हुने सभा गोष्ठीमा दमाई महिलाको सहभागिता

वहुदलीय प्रजातन्त्रको पुनर्स्थापना पश्चात् ग्रामीण क्षेत्रमा पनि चेतनाको स्तरलाई बृद्धि गर्ने अभिप्रायले विभिन्न ऐन, कानून, गैह्र सरकारी क्षेत्रको प्रवेशमा बृद्धि भएको पाइन्छ । गाउँ स्तरमा पनि विभिन्न किसिमका सभा गोष्ठी सम्मेलन हुने गरेका छन् । त्यसमा दलित महिलाको उपस्थिति कस्तो छ भन्ने सम्बन्धमा यस शोधको क्रममा गरिएको सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४:**

**सार्वजनिक स्थानमा  हुने सभा गोष्ठीमा दमाई महिलाको सहभागिताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सहभागी भएका | २ | ६.२५ |
| सहभागी नभएका | ३० | ९३.७५ |

स्रोत : स्थलगत सर्भेक्षण २०६६ ।

तालिका नं. १४ अनुसार अध्ययनमा केन्द्रित दलित महिलाको गाउँस्तरमा हुने सभा सम्मेलनमा भाग लिनेको संख्या जम्मा ६.२५% मात्र रहेको देखिन्छ यसले गर्दा देशमा प्रचलित रहेका कानून (दलितलाई समेटिएका) बारेमा उनीहरुलाई जानकारी हुदैन र उपस्थिति भएपनि उनीहरुको कुराको सुनुवाइ नभएको पाइयो । दलित महिलाको भनाईमा सभा सम्मेलनमा चियापानको व्यवस्था हुने हुनाले आफूहरु सहभागी भएमा अरु जाति नै उठेर हिड्ने गर्दछन् त्यसैले सहभागी हुनुभन्दा नहुँदा नै राम्रो ठान्ने गरेको पाइयो । रेडियो तथा अन्य संचारका माध्यमबाट व्यक्तिलाई जातिपातिका आधारमा छुवाछूतको भेदभाव गरीने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोग गर्नेबाट वञ्चित गरीने छैन । त्यस्तो कार्य कानून वमोजिम दण्डनीय हुनेछ । (अन्तरीम संविधान, २०६३ भाग ३ धारा ११ उपधारा ४) भन्ने कानूनी व्यवस्थालाई यहाँका महिलाले सुनेपनि त्यसलाई व्यवहारमा लागू नहुँदा मूल कानून नै निरर्थक वन्न पुगेको छ । दलित महिलाहरुको घरमा धेर थोर वस्तुभाऊ पालिएका छन् त्यसबाट आफ्नो घरमा उत्पादन भएको वस्तुको  मूल्य नहुँदा यीनीहरु सँधै अर्काको पराश्रयी वन्नु पर्ने अवस्थाले नयाँ पुस्ताका केटाकेटी पनि स्कूल जानबाट वञ्चित छन् । उनीहरुले पनि आफू जिउनको लागि हली लगाउने  र ज्याला मजदुरीमा हिड्ने गरेको पाइयो ।

## ८.३ दलित महिलाको शैक्षिक अवस्था

अध्ययनको क्रममा प्रा.वि. सम्मको शिक्षा लिने दमाई महिला र पुरुषको संख्या अधिक भएपनि माध्यमिक तहमा पुग्दा विद्यालय जान छोडिसकेका हुन्छन् । यस अध्ययनको क्रममा वर्तमानमा दलित महिला प्राथमिक तह देखि उच्च तहसम्म शैक्षिक अवस्थाको स्थिति तथ्याङ्कगत आधारमा तल तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १९:**

**सर्भेक्षित परिवारको विद्यालयमा अध्ययनरत तहगत विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| प्राथमिक तह | २८ | ८७.५. |
| माध्यमिक तह | २० | १२.५ |
| उच्च तह | ० | ० |

स्रोत : स्थलगत सर्भेक्षण २०६६ ।

तालिका नं. १५. अनुसार अध्ययनमा केन्द्रित दलित महिलाको परिवारको आधारमा प्राथमिक तहमा अध्ययन गर्ने परिवारको संख्या ८७.५% रहेको र माध्यामिक तहमा अध्ययन गर्ने संख्या जम्मा १२.५% रहेको पाइयो ।

## ८.४ विद्यालयमा दलित विद्यार्थीलाई गरीने व्यवहार

दलित समुदायमा पनि शिक्षाको महत्वको बारेमा जानकारी छ, आफ्ना छिमेकमा र अन्य जातिका व्यक्तिहरु पढेर ठूलो मान्छे भएको उनीहरुले देखेका छन् फलस्वरुप आफ्ना केटाकेटीलाई पनि विद्यालय पठाउने गर्दछन् । तर विद्यालयमा उनीहरुको साथी संगत को हुन्छन् ?अन्य जातिका विद्यार्थीहरुले कस्तो व्यवहार गर्दछन्

भन्ने बारेमा तथ्याङ्क संकलन गरिएको थियो । यसबाट पनि छुवाछूतको असरलाई मूल्याङ्कन गर्न सकिने हुनाले सो तथ्याङ्कलाई तल निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १६ :**

**विद्यालयमा दमाई विद्यार्थी प्रतिको व्यवहारको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नो जातिसँग संगत गर्ने | २९ | ९०.७३ |
| माथिल्ला जाति सँग संगत गर्ने | ३ | ९.३७ |

स्रोत : स्थलगत सर्भेक्षण २०६६ ।

तालिका नं. १० को आँकडा अनुसार दमाई परिवारका विद्यालय जाने छोराछोरीहरु विद्यालयमा साथी संगत बनाउने क्रममा आफ्नो जातिका विद्यार्थीसँग सरसंगत गर्ने संख्या ९०.७३% देखियो भने अन्य (माथिल्ला) जातिसँग सरसंगत गर्नेको संख्या ९.३७% मात्र देखिन आयो । यसमा पनि ९.३७% संख्या लुगा सिलाउने परिवारका विद्यार्थीहरु आफ्ना विष्टका छोराछोरीसँग संगत रहेको पाइयो यसले के देखाउँछ भने छुवाछूतको कारण विद्यालयमा पनि केटाकेटीहरुको संगत आफ्ना जातिसँग मात्र भएको देखाउँछ । अरु जातिका विद्यार्थीले सहयोग नगर्ने कक्षा कोठामा पछाडि बस्नु पर्ने उनीहरुको कथन छ ।

## ८.५ दमाई जातिको परम्परागत पेशा र यसलाई हेर्ने दृष्टिकोण

पेशागत विभाजनबाट दलित हुन पुगेका दमाई जाति आफ्नो पेशामा गौरव ठान्ने गर्दछन् परम्परागत पेशाले नै छुवातछुत निम्ताएको अनुभव गर्ने दमाई जातिमा लुगा सिलाउने र वाजा बजाउने यस जाति भित्र सम्मानित पेशा मानिएको छ ।

परम्परागत पेशालाई विश्लेषण गर्ने क्रममा यस जातिभित्र लुगा सिलाउन जान्ने र बाजा बजाउन जान्ने परिवारको सर्भेक्षण गर्दा प्राप्त तथ्याङ्कलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १७ :**

**लुगा सिलाउन जान्ने र नजान्ने परिवार**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| लुगा सिलाउन जान्ने | ३ | ९.३७ |
| बाजा बजाउन जान्ने | ९ | २८.१२ |

स्रोत : स्थलगत सर्भेक्षण २०६६ ।

तालिका नं. १० अनुसार अध्ययनमा केन्द्रित कुल ३२ दमाई घर परिवारमा लुगा सिलाउन जान्नेको संख्या ९.३७% रहेको र वाजा बजाउन जान्नेको संख्या २८.१२% रहेको पाइयो । यीनीहरुलाई हेर्ने दृष्टिकोणमा  नजान्नेलाई भन्दा भिन्न रहेको पाइयो । यीनीहरुको थारै भएपनि नियमित रुपमा वाली वापत् अन्न तथा नगद आम्दानी हुने हुनाले र ग्रैह्र दलित सँग नियमित रुपमा उठवस र सम्पर्क हुने हुनाले दमाई भित्र पनि यस्तो परिवारको आर्थिक तथा सामाजिक पक्ष केही हदसम्म भएपनि राम्रो भएको पाइयो, छुवाछूतभित्र रहेर पनि आफ्नो पेशामा रहेका दमाई परिवारका महिला ज्याला मजदुरीको भरमा हिड्ने महिला भन्दा सबल रहेको पाइयो ।

वर्तमानमा आएर यस पेशालाई धान्न पनि उनीहरुलाई मुस्किल परेको छ । आधुनिकीकरण सँगै बजार विस्तारको कारण नयाँ नयाँ  फेन्सी पसल खुल्नाले दमाईले सिलाएका लुगा लगाउन छोडिसकेका छन् । दमाईहरु आधुनिकतासँगै प्रतिस्पर्धा गर्न नसक्नाले आफ्नो पेशाबाट विस्थापित हुने स्थितीमा छन् यस अध्ययनको क्रममा नयाँ

पिढीका युवा युवतीले लुगा सिलाउने र बाजा बजाउने पेशा तर्फ उन्मुख हुन खोजेको पाइएन । उनीहरुको भनाईमा यही पेशा अपनाउँदा नै हामीलाई दलित र छुवाछूतको परिधि भित्र राखिएको भन्ने भनाई पाइयो ।

## ८.६ छुवाछुतका कारण दमाई महिलाको सामाजिक आर्थिक अवस्थामा परेको प्रभाव

छुवाछूतको समस्या व्यक्तिगत र परिवारगत  समस्या मात्र नभई सामाजिक समस्याको रुपमा देख्न सकिन्छ । यो घटनामा हाम्रो समाज पनि उत्तिकै जिम्मेवारी छ । यहाँ अध्ययनको दौरानमा उत्तरदाताहरुबाट प्राप्त र विभिन्न तरीकाबाट तथ्य संकलन गर्दा सर्वसम्मत रुपमा आएका केही संभावित सामाजिक प्रभावहरुलाई संक्षेपमा समेटिएको छ । हाम्रो समाजमा व्याप्त छुवाछूतको कारणले दमाई जातिका महिलाको जनजीवनमा निम्न प्रकारका पभावहरु पर्दछन् ।

१. शैक्षिक अवस्था कमजोर छ ।
२. स्वाभीमानी बन्न सकेको छैनन् ।
३. हेपाहा प्रवृत्ति बढेको छ ।
४. नयाँ रोजगारीको क्षेत्रबाट वञ्चित हुनु परेको छ ।
५. शारीरिक शोषण बढेको छ ।
६. स्वास्थ्य स्थिति कमजोर हुदै गएको छ ।
७. परम्परागत पेशाबाट विस्थापित हुनु परेको छ ।
८. सामाजिक सहिष्णुता, आपसी श्रद्धा र समर्पण घट्ने गरेको छ ।
९. समग्र समाज विखण्डन तर्फ उन्मुख भएको छ ।
१०. सामाजिक द्वन्द्व र आपसी असमझदारी बढ्दै गएको छ ।
११. वालवालिकामा मानसिक वीचलन बढेको छ ।
१२. दलित समुदायको लागि गरीबी र उत्पीडन पैत्रिक सम्पत्तिको रुपमा बढ्दै गएको छ ।

# अध्याय- नौ
# सारांश, निष्कर्ष र सुझाव

## ९.१ अध्ययनको सारांश

नेपाल वहुजातीय, वहुभाषिक, वहुसांस्कृतिक मुलुक हो । नेपाल सरकार स्थानीय विकास मन्त्रालय अर्न्तगत उपेक्षित , उत्पीडीत र दलित बर्ग उत्थान विकास समितीद्वारा दलित वर्गमा २३ जातिहरुलाई लिइएको पाइन्छ, उनीहरु सामाजिक रुपले अशुद्ध र अछूत भनेर चिनिएको हुन्छ त्यसमध्ये दमाई जाति पनि एक दलित जाति हो । समाजको सर्वतोमुखी विकासका निम्ति समाजको आधा जनसंख्या ओगटेका महिला वर्गको समानुपातिक विकास र विकास अभियानहरुमा उनीहरुको सक्रिय सहभागिता आवश्यक हुन्छ । महिलाहरु जबसम्म पुरुषहरु सरह समाजको विकास अभियानमा र संलग्न हुन पाउँदैनन् । तव सम्म समाजको आर्थिक र सामाजिक स्थितिमा सुधार आउन सक्दैन तर नेपालका महिला वर्गहरुको विषयमा विस्तृत अध्ययन अनुसन्धानहरु कमै मात्र भएका छन् । नेपालका महिला सम्बन्धी प्रकाशित पुस्तक उल्लेख गरी व्याख्या र विश्लेषण गर्ने गरेको थोरै मात्रामा रहेका छन् ।

विशेष गरी अधिराज्य भरि छरिएर रहेको यस जाति शिक्षा, जनचेतना आर्थिक तथा सामाजिक विषयमा अत्यन्तै पिछाडिएको छ । समग्र दमाई जातिकै खोज अध्ययन भैइनसकेको अवस्थामा दमाई जातिका महिलाहरुको अध्ययन अुनसन्धान नहुनु स्वभाविकै पनि होला । त्यसैले यस क्षेत्रमा भए पनि पूरा गर्ने उद्देश्य लिएर यो अध्ययन गरिएको हो । प्रस्तुत अध्ययन काभ्रे गा.वि.स.मा वसोवास गर्ने दमाई जातिका महिलाहरुका विषयमा गरिएको हो ।काभ्रे गा.वि.स. का वडा नं. ४, ८ र ९

मा दमाईहरु वसोवास गर्दछन् । यसरी दमाई वसोवास गर्ने क्षेत्रलाई काभ्रे, कुइजा, रातामाटा र पाखापानी भनिन्छ । यस क्षेत्रका दमाई महिलाहरुको अध्ययन गर्दा स्वभाविक रुपमा यससँग सम्वद्ध समुदाय र अरु जातजातिहरुको पनि सामान्य चर्चा गरिएको छ । अध्ययनको क्रममा गा.वि.स. को ४, ८ र ९ नं. वडाहरुमा बसोबास गर्ने दमाई महिलाहरुको नामावली गा.वि.स.वाट प्राप्त गरी हरेक वडावाट समानुपातिक प्रतिनिधित्व रहने गरी Random Sampling द्वारा नमूना छनौट गरी तिनीहरुसँग प्रश्नावलीको माध्यमवाट तथ्यांक संकलन गरिएको थियो । यसका अलावा समुदायका अरु महिलाहरु दमाई पुरुषहरु तथा यस विषयमा जानकार व्यक्तिहरुसँग अर्न्तवार्ता लिइएको थियो । तथ्यांकहरु र समान्यीकरणको प्रवत्तिलाई हेर्दा यस अध्ययनलाई विशुद्ध रुपमा विवरणात्मक वा अन्वेषणात्मक भन्न सकिन्छ । किनभने यसमा समाविष्ट तथ्यांकहरु मध्ये कतिपय विवरणात्मक प्रवृत्तिका छन् भने कतिपय अन्वेषणात्मक प्रवृत्तिका छन् ।

अध्ययनलाई ४ भागमा राखेर विश्लेषण गरिएको छ । सर्वप्रथम दमाई जातिको जन्मदेखि मृत्यु सम्मका संस्कारहरुको चर्चा गरिएको छ । हरेक संस्कारहरुको चर्चा पछि त्यस संस्कारमा महिलाहरुको के कस्तो भूमिका रहन्छ अथवा त्यस संस्कारका लागि उनीहरुको कस्तो स्थान छ भन्ने विषयमा विश्लेषण गरिएको छ । संस्कारहरुमा खास गरी जन्म नामाकरण (न्वारन), छेवर, विवाह, तथा मृत्यु र काजक्रियाहरुको उल्लेख गरिएको छ ।

दोस्रो भागमा काभ्रे गा.वि.स. का दमाई महिलाहरुको सामाजिक अवस्थाका वारेमा चर्चा गरिएको छ । यस अर्न्तगत परिवार, शिक्षा, स्वास्थ्य, सरसफाई, खानेपानी रहनसहन छुवाछूत भाषा तथा पारिवारिक निर्णयमा महिलाहरुको सहभागिता जस्ता कुराहरुलाई समावेश गरिएको छ । प्रश्नावली तथा अवलोकनवाट प्राप्त तथ्यांकहरुलाई दृष्टिकोणवाट विश्लेषण तथा सामान्यीकरण गरिएको छ । त्यसैगरी अर्को भागमा दमाई जातिका महिलाहरुको आर्थिक अवस्थालाई झल्काउने प्रयास गरिएको छ । यस

भागमा व्यवसायको भूमिकाको विवरण, महिलाहरु क्रियाशील रहने समय, सम्पत्तिमा हक, सम्पत्तिको स्रोत तथा पेवापात आदिको विषयमा चर्चा गरिएको छ । महिलाहरुको सामजिक तथा आर्थिक अवस्थामा छुवाछूतले पारेको प्रभावको विषयमा पनि चर्चा गरिएको छ ।

यहाँका दमाई जातिहरुसँग घुलमिल भएर वसेका हुँदा यीनीहरुको अध्ययन गर्दा वाहुन, क्षेत्री, तथा अरु जातिहरुका महिलाहरुसँग तुलना गरेर अध्ययन गरिएको छ । सर्वप्रथम संस्कारहरुलाई उनीहरुको आफ्नै शैलीमा अध्ययन गरीए पनि त्यसमा धेरै रितीथितिहरु वाहुन क्षेत्रीको झै गर्ने गरेपनि छेवरमा भने उनीहरुको आफ्नोपन वाँकी छ । विवाह र मृत्यू संस्कारहरुमा पनि अरु जातिहरुको प्रभाव परेको छ ।

सामाजिक अवस्थामा परिवारको आकार, शिक्षा तथा साक्षरताको अवस्था, स्वास्थ्य र सरसफाई, अस्पताल र स्वास्थ्य संस्थाहरुको उपयोग, खानेपानीको स्रोत र स्तर र निर्णय प्रक्रियामा महिलाहरुको भूमिका मध्ये निर्णयमा हुने सहभागितालाई सन्तोषजनक रुपमा देखिए पनि बाँकी सवै क्षेत्रहरुमा दमाई महिलाहरुको स्थिति साह्रै निम्न स्तरको रहेको पाइयो । त्यसमाथि पनि छुवाछूतको कुसंस्कारले गर्दा यस जातिका महिला तथा पुरुषहरु स्वाभिमानी वन्न सकिरहेका छैनन् । हुनत जातीय छुवाछूत दलित जातिले भोगरीहेका छन् तर यसको सबै भन्दा बढी पीडा चाहिं दलित महिलाहरुले नै भोगिरहेका छन् । हाम्रो समाजमा पुरुष भन्दा बढी महिलाले नै घरेलु काम काज गर्नुपर्ने भएकोले यस जातिमा पनि दलित महिलाले बढी समस्या भोग्नु परेको हो । साथै पानी पँधेरो कुवा, मेलापात, मन्दिर, पसल आदि सर्वजानिक ठाउँमा दमाई महिलाहरुलाई भेदभाव गरीन्छ । अर्को कुरा महिला हक अधिकारका लागि गठन भएका महिला समूहहरुमा पनि यस जातिका महिलाहरुको सहभागिता शून्य भएको पाईन्छ ।

त्यसैगरी ४० प्रतिशत निरपेक्ष गरीवीको रेखामुनि रहेको दलित समुदाय भित्र यस जाति पनि पर्ने हुनाले उनीहरुको अज्ञानता र अशिक्षाले गर्दा दुःख गरी कमाएका

पैसा पनि रक्सीमा खर्च गर्ने गर्दछन् । बर्षभरि पेशागत काम गरे वापत केही वाली पाउँछन् । तर उक्त वालीवाट मात्र हातमुख जोर्न मुश्किल पर्ने भएकाले ज्याला मजदुरी नै गर्नुपर्दछ । अरु समुदायका महिलाहरुको तुलनामा यो समुदायका महिलाहरु आर्थिक उपार्जनका अवसरवाट वञ्चित हुन पुगेका छन् । तर परिवारभित्र यस जातिका महिलाहरुको आर्थिक क्रियाकलापहरुमा यथेष्ट योगदान छ । समाजका अन्य जातिले पनि पुरुषलाई भन्दा दमाई महिलालाई कामना बढी विश्वास गर्नुले परिवारको माथिको कर्तव्यवोध बढी महिलामाथि भएको पाइन्छ । त्यस्तै राजनैतिक सहभागिताको सम्बन्धमा लिएर निती निर्माण गर्ने स्थानहरुमा यस जातिका पुरुष समेत बञ्चित भएको अवस्थामा यस समुदायका महिलाको राजनीतिमा कस्तो सहभागिता होला ? त्यो सहजै अनुमान गर्न सकिन्छ । यस गा.वि.स. मा पनि दमाई जातिका महिलाहरु राजनीती प्रति त्यति चासो नराखेको पाईयो । राजनैतिक पार्टीले दलित उम्मेदवार दिए अर्को पार्टीले पनि सोही स्थान र पदमा दलित उम्मेदवार उठाँउदा दलित वीच नै प्रतिस्पर्धा हुने हुँदा उनीहरु वीच अनेकता र आपसमा दन्द्ध बढाउने काम गरिएको छ । स्वयं दलित महिलामा अज्ञानता र अशिक्षाले गर्दा आफ्नो अधिकारको लागि अगाडि बढ्न सक्ने स्थिति नरहेको स्वीकारेको पाइयो । आफूहरु राजनैतिक पार्टीको भोट बैंकको रुपमा प्रयोग भएको भन्दछन् । अन्य जातिको तुलनामा बढी समय जिविकोपार्जनको लागि लगानी गरेता पनि यीनीहरु सामाजिक आर्थिक दृष्टिकोणले पिछडिएका छन् । यसको मूल कारण छुवाछुत वन्न पुगेको कुरा विश्लेषणको चौथो अर्थात आठौं भागमा उल्लेख गरिएको छ । जसअनुसार सार्वजनिक स्थलमा प्रवेश गर्नेबाट वञ्चित, विद्यालयमा दलित विद्यार्थीप्रति गरीने वेवास्ता, परम्परागत पेशा लुगा सिउने र बाजा बजाउने प्रथा नै छुवाछूतको उदगम भएको समाजमा मानिं यस पेशाबाट पनि विस्थापित हुनुपर्ने अवस्था रहेको छ । सामाजिक क्षेत्रमा आवद्ध नहुँदा समसामयीक विषयमा ज्ञान हुन नसक्नाले छुवाछूतले गर्दा नयाँ ज्ञान र सीपको विकास नुहँदा समाजिक तथा आर्थिक क्षेत्रमा बढी प्रभाव परेको देखिन्छ । त्यसैले दमाई जातिका महिलाहरुको सामाजिक आर्थिक अवस्था र यसमा छुवाछूतले पारेको

प्रभावको निष्कर्ष तथा उनीहरुको विकासका लागि चाल्नु  पर्ने कदमका विषयमा विभिन्न सुझावहरु यसपछि दिइएको छ ।

## ८.२ अध्ययनको निष्कर्ष :

नेपाल बहुलवादी र वहुसाँस्कृतिक भएको मुलुक हो । यहाँका जात-जातिको आफ्नै संस्कृति र रहनसहन रहेको छ । आदिवासी जनजातिको आफ्नै संस्कृति जीवनत छ भने हिन्दू धर्मभित्र भएर पनि नेपालको सिङ्गै जनसंख्याको १२.३% रहेको दलित जातिलाई पेशागत रुपमा छुन नहुने अछूत र अजात अर्थात कुजातको रुपमा समग्र नेपालको ग्रामीण समुदायमा वसोवास गरेका छन् । हिन्दू धर्म भित्रका सुमदायको हरेक संस्कृति सँग मेल खाने पहाडी दलितमा पनि दमाई जाति एक हो, यस जाति भित्र पनि आधा संख्या ओगटेका महिलाको अवस्थामा सामाजिक कुसंस्कारको रुपमा रहेको छुवाछूतको प्रभाव कस्तो छ त ? भन्ने सन्दर्भमा अध्ययन गर्दा अध्ययनले उठाएका निष्कर्षलाई यहाँ समेट्न खोजिएको छ ।

राष्ट्रिय रुपमा महिलाहरु पिछडिएको र लैङ्गिक विभेदको जरजरमा रहेको अवस्थामा दलित महिलाको अवस्था अझ नाजुक रहेको पाइन्छ । दलितमा पनि दलित भएर जिउन पुगेका दमाई महिलाहरु आफ्नो समुदायभित्र दुःख सुख परिवारमा मिलेर र लोग्ने स्वास्नी वीच आपसी समझदारी रहेतापनि अन्य जातिको तुलनामा हेर्दा जातीय शोषण, छुवाछूत, कानूनी अनभिज्ञता, चेतनाको कमी, साक्षरताको कमी, स्रोत र साधनहरुमा पहुँच नहुनु राज्यद्वारा व्यवस्थित भएका कानूनी व्यवस्थामा जानकारी नहुनु सबै जातीय दमन र छुवाछूतको कारक तत्वको रुपमा देखिएको छ ।  सामाजमा अन्य जातिले हेपाहा प्रवृतिले हेर्नु, आर्थिक अवस्था कमजोर हुनाले हली प्रथा, ज्याला मजदुरीमा भर पर्नुपर्ने, आफ्नो घरमा वस्तुभाउ पालेपनि त्यसबाट उत्पादित दूध, घियू छुवाछूतको कारण बिक्री वितरण नहुँदा आर्थिक उपार्जनको स्रोत नहुनु, तागाधारी र मतवाली महिलाहरुभन्दा दमाई महिलाहरुले बढी बच्चा पाउने र स्याहार्ने हुनाले स्वास्थ्यमा प्रतिकूल असर परेको पाइन्छ, आफ्नो परम्परागत पेशालाई अरु जातिले

घृणाको भावना ले हेर्ने र आधुनिकीकरणको प्रभावले नियमित रुपमा आउने वाली प्रथामा रहेको लुगा सिलाउने र विष्टलाई रिझाउने कामबाट वञ्चित हुनपुग्दा आम्दानीको स्रोत नै बन्द हुन थालेको छ । अन्य वैकल्पिक आम्दानीको स्रोतको शुरुवात गर्ने विद्यमान छुवाछूतप्रथाले गर्दा आत्मवल वढ्न सकेको छैन, जस्तै होटलमा प्रवेश गरेर चिया पिउँदा भाँडा माझ्नु पर्ने हुँदा होटल व्यवसाय संचालन गर्नु भनेको आकाशको फल बनेको छ । घरमा दुई तीन वटा भैसी छन नजिकै डेरी उद्योग छ, तर उनीहरुको दूध विक्री हुदैन, जसले गर्दा उनीहरु उत्पादनशील कार्यमा लाग्नुको सट्टा विष्टकोमा एक छाक खानाको भरमा काम गर्नु परेको छ । गाउँमा विभिन्न किसिमका आमा समूह जस्ता सामाजिक संस्था गठन भएका छन् । त्यसमा उनीहरुको संलग्नता छैन दमाई महिलाको सहभागितामा अन्य जातिको समूह नहुँदा दलित र गैह्र दलित वीचको असमानताको दूरी अझ बढ्दै गएको छ, सामाजिक  रुपमा हेर्दा दलित महिलाले गैह्र दलितले अऱ्हाएको काम गरेका छन् उनीहरुको आय आर्जन बृद्धि गर्ने काममा सघाइ रहेका छन् । र गैह्र दलितले त्यसको लागि पारिश्रमिक दिएका छन् तर कामको उचित मूल्याँकन नहुँदा उनीहरु गरीबीको जरजरमा फस्न पुगेका छन् । सार्वजनिक स्थल धारा, पँधेरा, मन्दिर, भोज भतेरमा उपस्थित हुँदा छुवाछूतको प्रचलन भित्र बाँधिदा हिनताबोधको भावना हुन्छ तर त्यसको प्रतिरोध गर्दा भोलि काम नपाइने हो कि भन्ने त्रास भएको महशुस गर्दछन् । समाजमा स्वतन्त्र र आत्मसम्मानपुर्वक हिडडुल गर्न नपाउँदा  मानिसक रपमा पीडित भएको पाइन्छ । यस अध्ययनको क्रममा सर्वेक्षण गरिएका महिला अधिकाँश साक्षर पनि छैनन् । आधुनिक युगसम्म आइपुगेर पनि सदियौं पूरानो परम्परागत संस्कृति र रुढीवादी धारणाले बाँधिएको हुँदा अहिलेको पिँढी पनि त्यही सामाजिकीकरणलाई पछ्याई रहेका छन किनकि उनीहरु पनि शिक्षा आर्जनबाट वञ्चित भएका छन् वावु- आमाको शिक्षाबाट

अभिप्रेरित हुँदा नयाँ पेशा अपनाउन सकेका छैनन, विष्टको नै भलो हुने कार्यमा अग्रसर छन् ।

प्राथमिक तहसम्म विद्यालय जानेको संख्या अधिक भएपनि माध्यमिक तहसम्म पुग्दा शून्यको अवस्था आएको हुन्छ । यसको मूल कारणमा दलितले पढेर कुनै सेवामा प्रवेश गरेको नदेखिनु, घरको आर्थिक अवस्थाले धान्न नसक्नु विद्यालयमा अन्य जातिका विद्यार्थीले अपहेलना र घृणाको भावनाले हेर्नु, गरीबीको कारणले विद्यालय छाड्ने अवस्थामा पनि आउने गरेको छ । यहाँका दलित महिलामा परिवार नियोजनप्रति धारणा नकारात्मक रहेको पाइन्छ ,उनीहरुको भनाई स्थायी परिवार नियोजन गर्दा शारीरिक रुपमा कमजोर भइने र काम गरेर खान नसकिने हुँदा यसप्रति जनचासो नरहेको र अस्थायी साधन प्रति ज्ञान नहुँदा स्वास्थ्य क्षेत्रको पहुँचमा कमी छ, यसले गर्दा परिवार संख्या ठूलो हुने गरीबीका साथै स्वास्थ्यमा प्रतिकुल असर परेको छ । दलित  महिलाहरु पौरखी र परीश्रमी भएर पनि आयआर्जन गर्न सकिरहेका छैनन यीनीहरुको जग्गा जमिन कमी छ भएको पनि उत्पादनशील छैन । त्यसैले यीनीहरु ज्याला र मजदुरीमा भर पर्नुपर्ने हुन्छ । नेपालमा महिलाहरुलाई पितृसत्ताको कारणले दोस्रो दर्जाको नागरीकको व्यवहार गर्ने गरिएको छ । त्यसैले सबै महिलाहरु उत्पीडित छन् तर माथिल्ला जातका महिला र दलित महिला बीच सामाजिक रुपमा फरक के छ भने दलित महिलाहरु सधै भरी छुवाछूतको दुर्व्यवहारका सिकार भइरहेका छन् तर लैङ्गिक सहभागीताको कुरा गर्दा कमला भासिनले भनेझैं केवल सामाजिक स्वतन्त्रता एवं घरबाहिरको घुमफिर मा स्वतन्त्रलाई जात, वर्ग, धर्मले मात्र प्रभाव नपारी गरिवीले पनि महत्वपुर्ण भूमिका खेलेको पाईयो । गरिवीको कारणले गर्दा नै पुरुषको मात्र आयस्रोतले परिवार धान्न नसकिने भएको हुँदा महिलाहरु पनि पुरुष सरह ज्यालादारीको काममा समान सहभागी हुने गरेको कुरा महिलाहरुसंगको समूह छलफलबाट थाहा पाइयो । दमाई महिलाहरु घरमा बस्दा पनि लुगा सिउने काम गर्दछन् “वैदिक युगमा हिन्दू मान्यता अनुसार पनि शुद्र महिलालाई मात्र घर बाहिर घुमफिर गर्ने स्वतन्त्रता थियो” (वराल, २०५० : ६८) । उच्च जातको महिला माथि

हुने जातीय कट्टरताको बन्देज नहुने हुँदा दलित महिलाको पुनर्विवाह र विधवा विवाहलाई पनि यस अध्ययन क्षेत्रका महिलाले सहजै लिएको पाइयो । परिवारभित्र हुने निर्णय प्रकृयामा पनि महिलाको उच्च सहभागिता भएको पाइन्छ । आर्थिक उत्पादनमा समान योगदान र समाजमा पुरुषलाई भन्दा महिलालाई वढि विश्वास गर्ने हुनाले पनि परिवारभित्रका महत्वपुर्ण कार्यको निर्णय प्रकृयामा सहभागिता उच्च भएको पाइन्छ । यस अध्ययन क्षेत्रका दमाई महिलाहरु परिवारमा पुरुष प्रति मात्र निर्भर रहँदैनन किनकि आफ्नो निजी सम्पत्ति नहुने हुँदा पुरुष पनि श्रमिक कार्यमा हिड्नु पर्ने हुनाले त्यसमा महिलाको पनि उच्च सहभागिता भएको पाइन्छ । दलित अन्तर्गत पनि पहाडी दलितमा दलित हुन पुगेका दमाई महिलाहरु आफ्नो समुदायमा घरेलु तथा आर्थिक गतिविधिमा सक्रिय सहभागिता निर्णय प्रक्रियामा र घरवाहिर घुमफिर गर्ने स्वतन्त्रता उच्च रहेको छ । तर हाम्रो पितृसतात्मक समाजमा पुरुषले गर्ने हरेक निर्णयहरु ठीक र जायज हुने सामाजिकीकरणको माध्यमवाट उनीहरु महिला भन्दा शारीरिक मानसिक रुपले बलिष्ठ मानिन्छन् । पितृसतात्मक व्यवस्थालाई मजबूत बनाउने एउटा भरपर्दो माध्यम शिक्षा पनि हो । पारिवारिक सन्तुलन मिलाई राख्न पनि पुरुषहरुलाई बढी जिम्मेवारी र अधिकार दिइने र महिला अधीनस्थ हुनुपर्ने सामाजिकीकरणको प्रकृया अगाडि बढाइन्छ । पारिवारिक सन्तुलन बिग्रेमा त्यसको भागी महिलालाई उत्तरदायी बनाइने लेख्न र पढ्न जान्ने शिक्षित महिला विग्रन्छ भन्ने गलत मान्यता यद्यपि अहिले पनि पाइन्छ । महिला शिक्षित नभएपनि राम्रो पारिवारिक व्यवस्थापन र योजना निर्माण गर्न सक्दछन् भन्ने मान्यता स्वीकार गर्न सकिएको छैन । तसर्थ दलित महिलाको स्वतन्त्रतालाई पनि उच्च जातको समाजले सकारात्मक रुपले लिइएको पाइँदैन । सामाजिक गतिशीलताको हिसाबले अन्य जातिको महिलाको तुलनामा गरीबीको कारणले वाहिर रोजगारीका लागि जान बाध्य हुनुपरेकोले स्वतन्त्र देखिन्छन् तर गरीबी र अभावको जाँतोमा पिल्सिनु परेकोले घर बाहिर घुमफिरको स्वतन्त्रताको महत्व रहँदैन, गैह्र दलितमा महिलालाई घुमफिर र स्वतन्त्रतामा बन्देज लगाई बन्धनमा राखिएतापनि राजनीति देखि प्रशासनसम्म पहुँच पुगेको हुन्छ, भने दलित महिलाको

उपस्थिति यस्तो ठाउँमा शून्यको अवस्था रहेको छ । वर्तमानमा आएर दलित समुदायका महिला तथा पुरुष ग्रामीण क्षेत्रमा छुवाछूतको कारण आफ्नो व्यक्तित्वको अवनति देखेर अस्तित्व र नयाँ सोचको खोजी गर्ने गाउँबाट विस्थापन हुन थालेको पाइन्छ । आफ्नो थरमा परिवर्तन ल्याई शहर तथा विदेश तर्फ लाग्न थालेको पाइन्छ । परम्परागत रुपमा संरचित हाम्रो जातीय विभेदको कारण वर्तमान सम्म आइपुग्दा विभिन्न कानूनको निर्माण राज्यले जातीय विभेद विरुद्ध अन्तराष्ट्रिय अभिसन्धिमा हस्ताक्षर गरिसक्दा पनि हाम्रो सोचमा परिवर्तन नआउँदा सामाज विखण्डन तर्फ उन्मुख भएको छ । एउटै धर्म (हिन्दू) एकै भाषा (नेपाली) र समान रहनसहन जस्तै, हिन्दू धर्म भित्रकै चाडपर्व र वाहुन क्षेत्री समुदायमा हुने संस्कृतिमा समान रहेर पनि छुवाछूतको परम्परागत मानिसकताबाट अन्य जातिले गरीने व्यवहार तथा क्रियाकलापले गर्दा दलित महिलाको उभोशिर हुन सकेको छैन । ग्रामीण क्षेत्रमा पनि बजार व्यवस्था ब्राम्हण र वैश्यको कब्जामा रहेकोले आर्थिक उपार्जनको आधार छैन ।

दलित महिलाको सामाजिक आर्थिक अवस्थामा उँभोगति दिन नसकेको छुवाछूत प्रथाले दलितलाई  उत्पीडनको शिकार बनाएको छ यसले नकारात्मक मोड दिएमा समाजमा विखण्डन ल्याउने, द्वन्द्वलाई वढावा दिने, सामाजिक असहिष्णुता बढाउने, अनेकताको भावना जगाउने परम्परागत पेशाबाट विस्थापित हुनुपर्ने र लोक संस्कृतिको पलायनता बनाउनमा यसले प्रभाव पार्दछ ।

## अनुसन्धानले उठाएका सुझावहरु

दाङ,काभ्रे गा.बि.स.का दमाई महिलाहरुमा केन्द्रित यो समाजशास्त्रीय अध्ययनले यहाँ विद्यमान छुवाछूतप्रथाले दमाई महिलाको सामाजिक आर्थिक अवस्थामा पारेको प्रभावको विश्लेषण गर्दा व्राम्हण र क्षेत्रीको बाहुल्यता भित्र बसोबास गरेका दमाई जातिहरु सधैं सेवकको रुपमा रहेका देखिए । समान, सांस्कृतिक रहनसहन भएर पनि उनीहरु पिछडिएका गरीबीमा पिल्सिएका समाजमा स्वतन्त्रपूर्वक, स्वाभिमानी र आत्मसम्मानपूर्वक जिउन छुवाछूतले बन्देज लगाएको तथ्यबाट प्रष्ट हुन पुगेको छ ।

गैह्र दलितले उनीहरुलाई फोहोरी र दुर्गन्धित समुदायका व्यक्तिको रुपमा हेरिदिंदा उनीहरुमा सरसफाईमा पनि चासो नदेखाउनु, फोहोरी नै उनीहरुको परिचयको संकेत देखिनु, जसले गर्दा गैह्र दलितले दयाको भावनामा हेर्ने हुनाले दमाई महिलाहरु अन्य जातिसँगै परनिर्भर परिरहनु पर्ने वाध्यता रहेको छ । राज्यद्वारा व्यवस्था गरीएका कानूनको व्यवहारमा लागू नहुनु स्थानीय सरकारमा उनीहरुको पहुँच नहुँदा आफ्नो समस्याको सुनुवाई नहुने, गरेको देखिएको छ । शिक्षामा न्यूनतम साक्षरतासम्म पनि अति नै कम भएको हुँदा चेतनाको स्तर शून्य देखिएको छ । आधुनिकीकरणले गर्दा परम्परागत पेशाबाट विस्थापित हुनुपर्दा आयआर्जनको क्षेत्रबाट वञ्चित हुन पुगेका छन् नयाँ रोजगारीको क्षेत्रमा प्रवेश गर्ने हैसियत निर्माण हुन सकेको छैन,  अहिले आएर विस्तारै दलित केन्द्रित गैह्र सरकारी संस्थाहरुको पहलमा राज्यले व्यवस्था गरेको कानूनी संरचनाको बारेमा जानकारी लिन खोज्ने र दलित भित्र पनि व्याप्त उच र निचको भावनालाई अन्त्य गर्नको लागि आफ्नो संगठनको निर्माण गर्न थालेका छन् । तर यस्ता समूह तथा संगठनलाई अन्य जातिले सहयोगीको भावनाले नहेर्दा उनीहरुमा मानसिक रुपमा पछाडि परिरहेका छन् सामाजिक विकासको लागि आपसी समझदारी र एकताको खाँचो पर्दछ तर दलित महिलाहरु समाजमा स्वतन्त्र रुपमा चलखेल गर्नको लागि छुवाछूतले रोकेको हुँदा एक अर्कोमा  अविश्वासको भावना र अन्तरद्वन्द्व निम्ताएको पाइन्छ । त्यसैले दलित महिलाको सामाजिक र आर्थिक विकास गरी समुन्नत समाज निर्माण गर्नको लागि दतिल समुदायलाई हेरिने छुवाछूतको भेदभावलाई हटाउनु पर्ने देखिन्छ । पितृसत्तात्मक हाम्रो समाजमा महिलाहरु त्यसै नै पीडित छन् भने दलित महिलाहरु माथि गरीने छुवाछूतको व्यवहारका कारण माथिल्ला जातिका तिनै पिडित महिलाद्वारा  दलित महिलाहरु झन् पीडित वन्न पुगेका छन् । सामाजिक सन्तुलनको अवस्था ल्याउनको लागि समाजमा रहेका अव्यवहारीक सामाजिक कुरीती र संस्कारलाई निमिट्यान्न पारी जातीय छुवाछूतको भावनालाई अन्त्य गर्नु उचित कदम चाल्नु पर्दछ । अध्ययनमा प्रयुक्त भएका केही सुझावहरु यहाँ समावेश गरिएको छ ।

१. राज्यस्तरबाट सुनिश्चित गरेका नेपाल अधिराज्यको अन्तरिम संविधान २०६३ मा उल्लेख भएका मौलिक हकहरु र सो अनुसारका उपलव्ध ऐन कानूनहरु ग्रामीण स्तरमा पनि कार्यान्वयन गर्नको लागि दलितहरुलाई पनि सचेतनाको कार्यक्रमको रुपमा लैजाने ।

२. दलितको पक्षमा वकालत गर्ने गैरसरकारी संस्थाहरुले छुवाछूतको अन्त्य गर्न थालेका कदमहरुलाई सकारात्मक पक्षले हेरिनुपर्ने आवश्यकता देखिन्छ ।

३. स्थानीय सरकारले जातीय भेदभाव र छुवाछूत निर्मूल गर्ने विशेष प्रभावकारी कार्यक्रमहरु तय गरी दलित र गैर दलित दुवैको सहभागितमा कार्यक्रम लैजानु पर्ने आवश्यक छ ।

४. छुवाछूतको शिकार भएको दलित समुदायमा दलित महिलाहरुलाई, शिक्षा, रोजगार स्वास्थ्यको अवसर, भूमि र स्थानीय स्तरमा पनि राजनीतिक प्रतिनिधित्व लगायत सम्पूर्ण क्षेत्रमा निश्चित अवधिसम्म आरक्षणको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ ।

५. अन्तरजातीय विवाहलाई प्रोत्साहन गरी दलित र गैर दलित वीचको विभेदको दुरीलाई कम गर्नुपर्ने आवश्यक छ ।

६. दलितहरुले दलितभित्रकै र दलित गैरदलित वीचको जातीय विभेदलाई हटाउनु आवश्यक छ ।

७. दलित महिलाको शिक्षाको स्तर बढाउनको लागि प्रौढ शिक्षा, वाल शिक्षा र विद्यालयमा अनिवार्य छात्रवृत्तिको व्यवस्था गरी विद्यालय जानको लागि प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

८. दमाई महिला प्रति हेरिने छुवाछूतको भावनाको दृष्टिकोणमा परिवर्तन ल्याउनको लागि स्थानीय स्तरमा सामूहिक सहभोजको कार्यक्रम गर्नुपर्ने, आवश्यक छ ।

९. दमाई महिलाहरु पनि स्वयं आफै सचेत भई आफ्ना घर आगन, टोल सफा सुग्घर राख्ने र आफ्ना छोराछोरीहरुलाई विद्यालय पठाउने वातावरण सृजना गर्ने र छुवाछूतको भावनालाई समाधान गर्ने आफै संगठित भई आफ्ना जायज हक अधिकारको लागि अगाडि आउनु  आवश्यक छ ।

१०. दलित महिलाहरुको समग्र सामाजिक आर्थिक पक्षलाई प्रभाव पार्नुको मुल कारण छुवाछूत हो । हाम्रो सामाजिक, संगठन मूलतः परम्परागत पेशाको आधारमा वर्गीकृत हुनाले ग्रामीण क्षेत्रको सामान्य जीवनमा तल्ला तथा माथिल्ला सबै जातिको उपस्थिति अनिवार्य हुन्छ । सेवाको परम्परागत आदान-प्रदानमा नै नेपाली समाज टिकेको छ । त्यसैले जातको आधारमा दमन र शोषण गर्ने तर्फ हाम्रो सोच हुने हो भने समाज विखण्डन तर्फ उन्मुख हुनेछ । फलस्वरुप दलितको परम्परागत पेशालाई आधुनिकीकरण गर्ने स्वयं दलित महिला तथा पुरुष लाग्नुपर्ने र स्थानीय निकाय, संघ संगठन तथा पुरुष लाग्नुपर्ने र स्थानीय निकाय, संघ संगठन र नागरिक समाजले पनि त्यस्तो वातावरण सृजना गरीदिनु पर्ने आवश्यकता छ ।

## सन्दर्भ ग्रन्थ सामग्रीहरु

### नेपालीमा


अनौपचारिक सेवा केन्द्र (इन्सेक) - नेपालमा जातिय छुवाछूत, मानव अधिकार वर्ष पुस्तक १९९४

ओझा, घनानाथ - नेपालमा महिला २०५६, पैरवी प्रकाशन काठमाण्डौ ।

कोइराला विद्यानाथ - दलितहरुको पहिचान, चुनौति र समाधान "नेपाल दलित संघ र साउथ एशिया पार्टनरसिप" नेपालको आयोजनामा प्रस्तुत कार्यपत्र, २०५५ ।

केन्द्रीय तथ्यांक विभाग, २०५८, राष्ट्रिय जनगणना, २०५८ः केन्द्रिय तथ्यांक विभाग, काठमाण्डौ ।

केन्द्रीय तथ्यांक विभाग, १९९७ : बसाई सराई, रोजगार, जन्म, मृत्यु र परिवार नियोजनका साधनको प्रयोगको सर्वेक्षण, काठमाण्डौ , केन्द्रीय जनसंख्या शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

कान्तिपुर राष्ट्रिय दैनिक

खत्री, प्रेमकुमार, पेशल दाहाल - आधुनिक नेपालको सामाजिक इतिहास २०५३, साझा प्रकाशन, काठमाडौं ।

गुरुङ्ग, ओम - "दलित र आरक्षण" जागरण मिडिया सेन्टरको मासिक प्रकाशन जागरण अङ्क १ वर्ष १ २०५८

जनचेतना बुलेटिन - वर्ष १ अङ्क १ श्री ५ को सरकार स्थानीय विकास मन्त्रालय उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति २०५७, आषाढ ।

झा, हरिवंश - नेपालमा दलित उत्थानका रणनीति (२०५६)

नेपाल अधिराज्यको संविधान, २०४७

नेसाक, १९९८ : नेपालमा मानविय विकास, नेपाल दक्षिण एशिया केन्द्र, काठमाण्डौ ।

नेपालमा मानविय विकास - दक्षिण एशिया सेवा केन्द्र १९९८

नेपाल समाचार पत्र दैनिक

पारीजात - "जुठी दमिनी" आत्मनिर्भर मञ्च प्रकाशन २०५५ काठमाडौं

प्रश्रीत, मोदनाथ - जातपात र छुवाछूत प्रथाको उत्पत्ति र विकास; मुक्तिको आवाज वर्ष २ अङ्क ४, २०५७ ।

प्रत्युश वन्त, प्रमोद भट्ट, विद्यानाथ कोइराला, खगेन्द्र संग्रौला, सि.के. लाल- छापामा दलित २०५८, एकता बुक्स, प्रकाशन थापाथली, काठमाण्डौ ।

वराल, वासु २०५० : हिन्दु सामाजिक संगठनको प्रारुप, साझा प्रकाशन, काठमाण्डौ ।

विश्वकर्मा पदमलाल - दलित समुदायको सामाजिक, आर्थिक राजनैतिक स्थिति र आरक्षणको सवाल काठमाडौं (ग्रिन्सो) ।

विश्वकर्मा पदमलाल “डर्वान घोषणा र कार्ययोजना तथा नेपालमा जातिय विभेद” २००२

विष्ट डोर बहादुर - सबै जातको फुलवारी, साझा प्रकाशन, काठमाण्डौ, २०३७

विकास, पाक्षिक पत्रिका - वर्ष ९ अङ्क १९ २०५७ काठमाण्डौ ।

भट्टचन, कृष्ण बहादुर - दलित महिलाको सामाजिक र आर्थिक अवस्था, २०५६ “दलित महिला विरुद्ध भएका भेदभाव र उत्पिडन समस्या र समाधान” विषयक दोस्रो राष्ट्रिय कार्यशाला गोष्ठीमा प्रस्तुत कार्यपत्र ।

भट्टचन, कृष्णबहादुर - समकालिन नेपाली समाज २०५७, नेपाल फाउन्डेशन फर एडभान्सड् स्टडिज् (नेफास)

भट्टचन, कृष्ण बहादुर - दलित तथा जनजाति ;एकता बुक्स प्रकाशन २०५८

राष्ट्रिय मानव अधिकार आयोग, २०६० : नेपालमा मानव अधिकारको स्थिति, हरिहर भवन, पुल्चोक, ललितपुर ।

सूचना विभाग - नेपालको संक्षिप्त परिचय; श्री ५ को सरकार सूचना तथा संचार मन्त्रालय, २०५८

सोव, दुर्गा - “उत्पीडनभित्र दलित महिला” स्टडिज इन नेपाली हिष्टोरी एण्ड सोसाइटी भोलम २, नम्बर २ काठमाडौं; मण्डला बुक पोवाइन्ट ।

शर्मा, नगेन्द - नेपाली जनजीवन २०५२, साझा प्रकाशन, काठमाडौ ।

श्रेष्ठ, ज्ञाईन्द्र बहादुर - हिन्दू विधिशास्त्र र नेपालको कानूनी व्यवस्था २०५४, पैरवी प्रकाशन ।

## अंग्रेजीमा


Acharya, M., 1979. "Statical Profile of Nepalese Women" - A Critical Review V. I Part I Status of Women in Nepal CEDA Kathmandu.

Acharya, M., 1995. "Status of Female," Population Monograph of Nepal; Central Bureou of Statistics

ब्मजष्पबचष, क्ष, द्दण्णघ। ल्भउबषि व्यगचलर्बा या ऋयलतभ्कउयचबचथ क्तगमष्भक। ल्भउर्बा ऋभलतचभ ।यच ऋयलतभ्कउयचबचथ क्तगमष्भक ९ल्ऋत्रऋ० प्वतजक्रबलमग।

Bennett, L., 1981. Tradition and Change in the Legal Status of Women in Nepal. CEDA, T. U. Kathmandu.

द्यभललभतत, ा।, ज्ञढडघ। म्बलनभचयगक धष्खभक बलम क्बअचभम क्ष्कतभचस् क्यअर्ष्वा बलम क्थदयष्अि च्यभिक या ज्भ्नज ऋबकतभ ध्कभल ष्ल ल्भउबा। ल्भध थ्यचपस् ऋयगफिदष्ब ग्लष्खभचकष्तथ एचभकक।

Bhasin, K., 1993. What is Patriarchy. New Delhi.

Bhasin, K., 2002. Understanding Gender. New Delhi.

Bhattachan, K. B., 2002 . Kamala Hemchuri, Yognedra B. Gurung, Chakra M. Bhshwokarma. Existing Parcities of Caste-based Untouchability in Nepal and Stategy for a Campaign for Its Elimination (Fibnal Report). Kathmandu, Action aid Nepal.

Bista, D. B., 1967. People of Nepal. Ratna Pustak Bhandar, Kathmandu.

Chhetri, G., 1999. Occupational Caste Group in the Hills of Nepal: A Sociological Analysis. In Chhetri, R. B. and Gurung, O. P. (ed.) Anthropology and Sociology of Nepal: Cultures, Societies, Ecology and Development. SASON Kathmandu, Nepal.

Dahal, D. R. et. al. (2002). National Dalit Strategy Report Part I Situational Analysis of Dalits in Nepal. Kathmandu.

Dahal. D. R. 2003. Hindu Nationalism and Untouchable Reform : The Status of Dalits in Nepali Society. A Seminar Paper Presented in Kathmandu.

DDC Profile Dang.2067

Ember, C. and M. Ember, 1990. Anthropology, Prentice-Hall, New Delhi.

Gellner, D. and Quigley, 1995. Contested Hierarchies. Clarendon Press: Oxford.

Ghurye, G. S. ,(1950) Caste, Class and Occupation. New Delhi.

Haralumbus, M., 1997. Sociology: Theme and Perspective. Oxford University Press New Delhi.

Jana Utthan Pratisthan (JUP), 2001 - Dalit in Nepal and Alternative Report for WCAR (April 200l).

K. C., Khadga 2001. Caste, Ethnicity and Regionalism : The Politics of Parliamentary Election in Nepal pp 63-78 Journal of Political Science Vol. III & IV, Department of Political Science and Sociology/Anthropology Prithvi Narayan Campus Tribhuvan University.

Keller, F. E., 1994. "The Gender/Science or, is Gender as Nature is to Science". In Feminism and science, Keller, F. E. and H. E. Longino. Bloomington: India University Press.

Lynn B. and M., Acharya, 1981. The Status of Women in Nepal (The Rural Women of Nepal) Vol. 2. CEDA, Kathmandu.

Macdonald, A. W., 1955. "The Hierarchy of Lower Jat in the Muluki Ain of Eassay on the Ethnology of Nepal and South Aisa. In Biblotheca Himalaya, Series III, Vol. 3, Ratna Pustak Bhandar, Kathmandu.

Maciver, R. M. and C. H. Page, (1959) Society: An Introduction. Macmillan India Ltd. Madras.

Mair, L., 1999. An Introduction to Social Anthropology (2nd edition). Oxford University Press, New Delhi.

Majumdar, D. N., (1966), Races and Cultures in India. New Delhi.

Majupuria, I., 1985 - Nepalese Women. New Delhi.

Oakley, A., 1972. Sex, Gender and Society. London : Maurice Temple Smith.

Pathy, J., 1987. Anthropology of Development Demystification and Relevance. Gain Publishing House Delhi.

एयपजचभ्ा, द्या, दृण्ण्ज्ञ। न्भलमभच च्यभिक बलम ब्अतष्खष्तष्भक कयलन तजभ च्ाचब्ा एययच ज्यगकभजयमिकस् ऋबकभ क्तगमष्भक ाचयक ज्र्ाी ख्र्ाीबिनभक। क्ष्ल इअअबकष्यलब्ा एबउभचक क्ष्ल क्यअष्ययिनथ बलम ब्लतजचययउययिनथ ख्याी ख्क्ष्क्ष् एउ। टछ्(डद्द। ऋभलतचब्ा म्भउबचतक्भलत या क्यअष्ययिनथ बलम ब्लतजचययउययिनथ, त ग, प्च्तष्उगच, ल्भउबाी

Regmi, R. R., 1999. Dimensions of Nepali Society and Cultural. Modern Printing Press, Kathmandu.

Ritzer, G., 1996. Modern Sociological Theory. McGrow Hill Company. New Delhi.

Seddon, D., 1995. Nepal a Stage of Poverty. Vikas Publishing House Pvt. Ltd. New Delhi.

Sharma, P. R., 1977. Caste, Social Mobility and Sanskritization; A Study of Nepal's Old Legal Code. In Kailash 5(4): 277-300. Kathmandu.

Tamang, S., 1999. " Assembly -Line Sister: The " Nepali Women" you get to know from the development blurb are conveniently homogenous. All are equelly poor, illitrate and oppressed. HIMAL MEDIOCRITY SERIES- 2, September Kathmandu.

Team Consult (1999). The Conditions of Dalits (untouchables) in Nepal : Assessment of the Impact of Various Development Interventions Report Submitted to UNDP.

Theresel, B. L., 1994. Doing Social Research. Mc, Graw Hill, Inc. New York.

UNICEF, 1987. Children and Women of Nepal, Situation Analysis. UNICEF, Nepal.

# परिशिष्ट – १

## शोध तयारीको लागि प्रयोग प्रश्नावली

मिति :-

घर संख्या — जिल्ला :-

मुख्य सूचनादाताको नामः- — गा.वि.स :-

उमेर — गाउँ :-

वैवाहिक स्थिति — वाड नं. :-

पेशा :- — धर्म :-

(१) परिवारको किसिमः

(क) केन्द्रीय परिवार

(ख) संयुक्त परिवार

(ग) एकात्मक परिवार

(२) तपाईको निम्न पारिवारिक विवरण दिनुहोस् ।

| क. सं. | विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १. | १ वर्ष मुनिका | | | |
| २. | १ वर्ष देखि ५ वर्ष सम्मका | | | |
| ३. | ६ वर्ष देखि १४ वर्ष सम्मका | | | |
| ४. | १५ वर्ष देखि ४० वर्ष सम्मका | | | |
| ५. | ४१ वर्ष भन्दा माथिका | | | |

३. तपाईका शैक्षिक स्थिति कस्तो छ ?

(क) शिक्षित ( ) ख साक्षर ( ) (ग) निरक्षर ( )

४. तपाई शिक्षित हुनुहुन्छ भने कति कक्षासम्म पढनु भएको छ ?

५. घरमा तपाईको स्थान कुन हो ?

(क) आमा ( ) (ख) छोरी ( ) ( ग) बुहारी ( )

६. तपाईको आफ्नो कोखवाट जन्मेका बच्चा कति छन् ?

(क) छोरा संख्या .......... (ख) छोरी संख्या ........... (ग) छैन .........

७. तपाईको विचारमा छोरीलाई विद्यालय पठाउन आवश्यक छ कि छैन ?

(क) आवश्यक छ ( ) (ख) आवश्यक छैन ( ) (ग) थाहा छैन ( )

८. तपाईको  घरको किसिम कस्तो छ ?

(क) छाप्रो ( ) (ख) कच्ची ( ) (ग) पक्की

९. तपाईको विचारमा छोरा र छोरीमा कुन चाँहि महत्वपूर्ण छ ?

(क) छोरा ( ) (ख) छोरी ( ) (ग) बरावर ( )

१०. पैत्रिक सम्पतिमा छोरा र छोरीमा समान हक हुनु पर्दछ भन्ने भनाई सुन्नु भएको छ ?

(क) छ ( ) (ख) (क)

११. पैत्रिक सम्पतिमा छोरीलाई  छोरा सरह अधिकार हुनुपर्दछ भन्ने कथनको सम्बन्धमा तपाईको धारणा ?

(क) हुनुपर्दछ ( ) (ख) आवश्यक छैन ( ) (ग) थाहा छैन ( )

१२. तपाईसँग आफूले मात्र खर्चगर्न सक्ने पेवा सम्पति विवरण दिनुहोस् ।

१३. तपाईसंग आफूले मात्र खर्च गर्न सक्ने पेवा सम्पति विवरण दिनुहोस् ।

| क. स. | विवरण | इकाई | परिणाम | स्रोत | अन्दाजी मूल्य |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

१४. तपाईको परिवारमा कुनै सदस्य विरामी भए कहाँ लैजानु हुन्छ ?

(क) धामी, झाक्री ( ) (ख) डाक्टर ( ) (ग) वैद्य ( )

(घ) घरमै जडिबुटीको औषधिको प्रयोग ( ) (ङ) अन्य .............

१५. तपाईको आफ्नो प्रयोगको लागि चर्पी बनाउनु भएको छ ?

(क) छ ( ) (ख) छैन ( ) (ग) छ भने कस्तो

१६. तपाईको परिवारका लागि खानेपानीको मुख्य स्रोत कुन हो ?

(क) धारा ( ) (ख) इनार ( ) (ग) कुवा (घ) खोला ( )

१७. तपाईले आफ्नोृ  बच्चाहरु कहाँ जन्माउनु भो ?

(क) अस्पतालमा संख्या ........... (ख) घरमा ............. (ग) ................

१८. परिवार नियोजन सम्बन्धमा तपाईको धारणा के छ ?

(क) सकारात्मक ( ) (ख) नकारात्मक ( )

१९. तपाई ले परिवार नियोजनको गर्नुभयको छ ?छ भने कुन बिधी अपनाउनु भयको छ ?

(क) भ्यासेक्टोमी ( ) ख) ल्याप्रोस्कोपी ( ) (ग) अस्थायी विधि ( )

२०. परिवार नियोजन सम्बनन्धी माथिका कुनै विधि अपनाउनु भएको छ ? वा छैन ? छैन भने किन अपनाउनु भएको छैन ?

२१. तपाई धुम्रंपान गर्नुहुन्छ ?

(क) गर्छु ( ) (ख) गर्दीन ( )

२२. धुम्रपान गर्नुहुन्छ भने किन गर्नु हुन्छ र किन गर्नु हुन्न ?

२३. तपाई जाँड, रक्सी सेवन गर्नुहुन्छ ?

(क) खान्छु ( ) ( ख) खान्न ( )

२४. जाँड रक्सी खानुहुन्छ भने किन खानु हुन्छ ?

२५. तपाई विहान उठ्ने र बेलुकी सुत्ने समय उल्लेख गर्नुहोस् ।

(क) विहान उठ्ने समय ................ (ख) बेलुकी सुत्ने समय ..........

२६. त्यो समयमा तपाईले गर्ने कामको छोटकरीमा विवरण दिनुहोस्

| | |
|---|---|
| विहान | ............. |
| दिउँसो | ............. |
| बेलुका | ............. |

२७. तपाई दिनमा कति पटक खाना खानुहुन्छ ?

(क) १ पटक (ख) २ पटक (ग) ३ पटक (घ)४ पटक

२८. महिनाको कतिपटक मासु खानुहुन्छ ?

२९. भूतप्रेत र धामीबोक्सी हुन्छ भन्ने कुरामा कत्तिको विश्वास राख्नहुन्छ ?

(क) विश्वास छ ( ) (ख) विश्वास छैन ( )

३०. रजश्वला हुँदा पन्छेर बस्नु हुन्छ कि हुन्न ?

(क) पन्छेर वस्छु ( ) (ख) विश्वास छैन ( )

३१. रजश्वला हुँदा पन्छेर बस्नुहुन्छ भने किन बस्नु हुन्छ र पन्छनु पर्दैन भने किन पर्दैन ?

३२. विवाह कुन उमेरमा भएको ठिक ठान्नु हुन्छ ?

(क) १८ बर्षभन्दा मुनी ( ) (क) १८ बर्षभन्दा माथी ( )

३३. यो उमेर नै किन उचित ठान्नु हुन्छ ?

३४. तपाईको विवाह कति वर्षकोउमेरमा भएको थियो ? ............

३५. तपाईको विवाह कस्तो किसिमबाट भएको थियो ?

(क) केटाकेटीको मन्जुरीबाट ( ) (ख) बाबुआमाले कुरा मिलाएर ( )

(ग) फकाईफुलाई वा करकापमा परेर ( )

(घ) जबर्जस्ती उठाएर (चोरी विवाह ) ( )

३६. तपाईले एक पटकभन्दा बढी विवाह भएको भए कारण खुलाउनुहोस् ।

(क) श्रीमानको मृत्यू भएर ( ) (ख) छोराछारी नभएर ( )(ग ) अन्य

३७. तपाईको विचारमा राजनीति दलित महिलाले गर्नु पर्छ जस्तो लाग्छ कि लाग्दैन ? लाग्छ भने किन लाग्छ र लाग्दैन भने किन लाग्दैन ?

३८. तपाइ राजनीतिमा कत्तिको चासो राख्नुहुन्छ ?

(क) सक्रिय भएर लागेकी छु ( )

(ख) सामान्य मतदाता मात्रै हुँ ( )

(ग) चाख छैन, तर भोट दिन जान्छु ( )

३९. तपाइको परिवारको मुख्य आयस्रोत के हो ?

(क) कृषि ( ) (ख) नोकरी ( ) (ग) व्यापार ( )

(घ) ज्याला/मजदुरी ( )

४०. तपाईको परिवारको जग्गाको विवण दिनुहोस् ?

(क) खेत ........... रोपनी ........... आना ..........

(ख) पाखो ............. रोपनी .............. आना ............

४१. तपाइको खेतीको आयस्तरले कतिसम्म गुजारा चल्छ ?

(क) १२ महिनासम्म खान पुग्छ ( )

(ख) ६ महिनामा सम्म खान पुग्दछ ( )

(ग) ३ महिनामा सम्म खान पुग्दछ ( )

(घ) २ महिनामा सम्म खान पुग्दछ ( )

(ङ) १ महिना सम्म खान पुग्दैन ( )

४२. तपाइले यदि अर्काको जग्गा कमाउनु भएको छ भने त्यो कसरी कमाउनु भएको छ ?

(क) अधियाँ ( ) (ख) ठेक (ग) अन्य ........

४३. तपाइलाई कपडा सिलाउन आउँछ कि आँउदैन ?

(क) आउँछ ( ) (ख) आउदैन ( )

४४. सिलाउनु हुन्छ भने कस्ता किसिमका लुगा सिलाउनु हुन्छ ?

(क) महिलाको लागी ( ) (ख) पूरुषको लागी ( ) (ग) दुवैका लागी हुने ( )

४५. यस पेशाबाट सन्तुष्ट हुनुहुन्छ ?

४६. यस पेशाबाट आम्दानी कस्तो छ ?

४७, तपाईको घरमा भएको पशुपक्षीहरुको विवरण दिनुहोस् ।

(क) गाई गोरु ........... (ख) भैंसी ....... (ग) भेडा, वाखा ...

(घ) कुखुरा ............. (ङ) सुँगुर ...... (च) अन्य ......

४८. किन यत्तिको संख्यामा पाल्नु भएको ?

४९. तपाइको घरको निम्न कार्यहरुमा तपाई आफै निर्णय गर्नुहुन्छ वा अरु कसैबाट हुन्छ ? उल्लेख गर्नुहोस् ।

| क. सं. | विवरण | आफै | अरु भए कसले ? | संयुक्त रुपमा |
|---|---|---|---|---|
| १. | खाना पकाउने | | | |
| २. | बजार किनमेल | | | |
| ३. | खेती लगाउने | | | |
| ४. | पशु स्याहार | | | |
| ५. | दाउरा संकलन | | | |
| ६. | पशु किनबेच गर्ने | | | |
| ७. | पैसा कसले राख्छ | | | |
| ८. | छोराछोरीको विवाह | | | |
| ९. | औषधी उपचार | | | |
| १०. | चाडपर्वको व्यवस्था | | | |
| ११. | छिमेकीसँगको सम्बन्ध | | | |
| १२. | जग्गा किनबेच | | | |
| १३ | घरको सरसफाई | | | |

५०. तपाईको परिवारको मुख्य चाडपर्वहरु के के हुन् ?

५१. चाडपर्वको लागि खर्च कसरी जुटाउनु हुन्छ ?

(क) आफ्नै आम्दानीको स्रोतले ( ) (ख) ऋण खोजेर ( )

(ग) बस्तु भाउ विक्री गरेर ( )

५२. तपाइले अन्य कसैसँग ऋण लिनुभएको छ ? अथवा कसैलाई ऋण दिनुभएको छ ?

५३. यदी तपाइले ऋण लिनुभएको छ भने तल दिइएको कुन स्रोतबाट लिनु भएको छ ?

(क) साना विकास परियोजना ( ) (ख) कृषि विकास बैक ( )

(ग) जमिन्दार वा साहुबाट ( ) (घ) छिमेकी वा नातेदारबाट ( )

५४. के को लागि ऋण लिनु भएको ?

(क) खानाको लागि ( ) ख) शिक्षाको लागि ( )

(ग) लुगाफाटाको लागि ( ) घ) व्यापारको उद्योगको लागि ( )

(ङ) स्वास्थ्य उपचारको लागि ( ) (च) चाडपर्व मनाउन ( )

५५. तपाईको अरु जातका छिमेकीसँग कस्तो सम्बन्ध छ ?

५६. अरु जातका व्यक्तिले कसरी हेरेका हुन्छन् ?

क) सहयोगी ( ) (ख) हेप्ने दवाउने ( ) (ग) वेवास्ता गर्दछन् ( )

५७. छुवाछूतको भावना छ कि ?

(क) छ ( ) (ख) छैन ( )

५८. छ भने कुन कुन कुरामा छ र छैन भने कुन कुरामा छैन ?

५९. यसले गर्दा अरु जातिसँग कस्तो व्यवहार गर्नुपर्दछ ?

६०. छोराछोरी विद्यालय पठाउनु भएको छ ?

क) छ ( ) ख) छैन ( )

६१. विद्यालयमा छोराछोरीको साथी संगत बढी कुन जातिसँग हुन्छ थाहा पाउनु हुन्छ ?

क) पाउँछु ( ) ख) पाउँदिन ( )

६२. थाहा छ भने कुन जातिसँग हिड्छन् ?

क) आफ्नै जातिसँग ( ) ख) माथिल्ला जातिसँग ( )

६३. तपाईको परिवारको कुनै सदस्य विदेश गएको छ की ?

क) छ ( ) ख) छैन ( )

६४. घरको पुरुष विदेश जाँदा तपाईको परिवारमा सजिलो अप्ठयारो स्थिति कस्तो छ ?

६५. तपाईको विचारमा काभ्रे गा.वि. स.का दमाई महिलाहरुको समस्या के के छ ?

६६. काभ्रे गा.वि.स. का दमाई जातिका महिलाहरुको सामाजिक, आर्थिक, अवस्थाहरु सुधारको लागि के गर्नुपर्ला ?

# परिशिष्ट – २

महिला पुरुष बीचको स्थिति झल्काउने पछिल्ला केही सूचाङ्कहरु

| विषय | पुरुष प्रतिशत | महिला प्रतिशत |
|---|---|---|
| जनसंख्या | ४९.९६ | ५०.०३ |
| औसत आयु (वर्षमा) | ६१.८ | ६२.०२ |
| साक्षरता (१५ वर्ष माथिको लागि) | ६२.२ | ३४.६ |
| निजामति सेवामा सहभागिता | ९१.४५ | ८.५५ |
| न्यायधिश | ९७.९६ | २.०४ |
| शिक्षक | ७४.०० | २६.०० |
| संचार क्षेत्रमा सहभागिता | ८८.०० | १२.०० |
| वैदेशिक रोजगारीमा सहभागीता | ८९.१५ | १०.८५ |
| भूमिमाथिको स्वामित्व | ८९.१६ | १०.८३ |
| घरमाथिको स्वामित्व | ९४.४९ | ५.५१ |
| कृषि उत्पादनमा योगदान | ३९.५ | ६०.५ |

स्रोत : जनगणना २०५८, केन्द्रीय तथ्याङ्क विभाग ।